कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०३/०१


# विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना

२०८०

## भोटेकोशी गाउँपालिका

फुलपिङकट्टी सिन्धुपाल्चोक

# भोटेकोशी गाउँपालिकाको नक्सा




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि हिन्दि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. : ०१-६२०१८१७
ईमेल :ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshimun.gov.np

प.सं. ०७९/०८०
चलानी नं.

**शुभकामना**

भोटेकोशी गाउँपालिकाले भूकम्प, पहिरो, बाढी, जनावर आतङ्क, महामारी, हावाहुरी, चट्याङ, आगलागी, सडक दुर्घटना, हिमपात एवं अन्य विपद्का कारण निकै क्षति व्यहोर्दै आएको छ । आगामी दिनमा विपदबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्ने मुख्य उद्देश्य राखी भोटेकोशी गाउँपालिकाले यस अघि तयार गरि लागू गरिएको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना-२०७८ लाई समीक्षा तथा संशोधन गरेको छ । संशोधित योजनाले गाउँपालिकाको समग्र विपद्का जोखिम तथा त्यसको सामना गर्नका लागि गाउँपालिकासँग भएको क्षमताको अवस्थालाई विश्लेषण गर्दै विपद् जोखिम व्यवस्थापनका लागि गर्नुपर्ने गतिविधिहरूलाई समेटेको छ । गाउँपालिका र सरोकारवाला निकायसँग रहेको साधन स्रोतको पहिचान गरी तिनको परिचालन र सरोकारवाला निकाय बीचमा समन्वय र सहकार्यको लागि पनि जोड दिएको छ । संशोधित यस योजनाले मौसम पूर्वानुमानका आधारमा गरिने विपद्को पूर्वतयारी, अग्रिम प्रतिकार्य विधि र क्रियाकलाप पनि संलग्न गरेको छ।

योजनाको समिक्षा चरणमा महत्वपूर्ण सल्लाह सुझाव दिइ यस योजनालाई मूर्त रुप दिन अहोरात्र खटिनु भएका भोटेकोशी गाउँपालिका उपाध्यक्ष श्री दिछेन शेर्पा, प्रमुख प्रशासकिय अधिकृत श्री भद्र बहादुर बस्नेत, गाउँपालिका विपद् व्यवस्थापन सम्पर्क व्यक्ति श्री गंगासागर पौड्याल, विषयगत शाखाका प्रमुख, सुरक्षा निकायका प्रमुख, नेपाल रेडक्रस सोसाइटी, भोटेकोशी उपशाखा तथा प्रतिवद्ध परियोजनाका सम्बद्ध प्रतिनिधि प्रति विशेष आभार व्यक्त गर्न चाहन्छु ।

यस योजनाको कार्यान्वयनका लागि गाउँपालिकाले आफ्नो स्रोतबाट केही रकम विनियोजन गरेको छ। विपद् व्यवस्थापनको लागि ठूलो धनराशी, स्रोतसाधनको जरुरत पर्ने हुँदा संशोधित योजनालाई पूर्ण कार्यान्वयन गर्न आवश्यक थप स्रोतसाधनको व्यवस्थापन गर्न सरोकारवाला निकाय, गैरसरकारी संस्था र आम सर्वसाधारण जनताको महत्वपूर्ण सहयोगको लागि भोटेकोशी गाउँपालिकाले आव्हान समेत गर्दछ ।

अन्त्यमा, सम्बद्ध सबै राजनीतिक दल, सरकारी निकाय, निजीक्षेत्र तथा संघसंस्थाको समन्वयमा भोटेकोशी गाउँपालिकाको संशोधित विपद पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गरि सम्भावित धनजनको क्षति कम गर्न सम्बद्ध सबै सरकारी निकाय, गैर सरकारी संघ संस्था, विकास साझेदारहरु, राजनीतिक दल तथा अन्य सम्बद्ध सरोकारवालाको ध्यान जानेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

............................
पासाङ नुर्पु शेर्पा, अध्यक्ष, भोटेकोशी गाउँपालिका

भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि हिन्दि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. : ०१-६२०१८१७
ईमेल :ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshimun.gov.np

प.सं. ०७९/०८०
चलानी नं.

---

**शुभकामना**

भौगोलिक स्वरूप र अवस्थिति, जलवायु परिवर्तन तथा मानवीय क्रियाकलापका कारण विपद्को दृष्टिबाट भोटेकोशी गाउँपालिका उच्च जोखिममा रहेको छ । सम्भावित भुकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी र असिना, चट्याङ्ग, खडेरी, महामारी जनावर आतङ्क जस्ता प्रकोपका कारण यस गाउँपालिकामा प्रत्येक वर्ष ठुलो जनधनको क्षति हुने गरेको छ । विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न विपदका विगत घटनाबाट पाठ सिक्ने र सोहि अनुसार आगामी दिनमा हुन सक्ने विपद्को पूर्व तयारीको लागि तयार हुनु पर्दछ ।यसका लागि विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सबै सरकारी निकाय, गैरसरकारी संस्था बीचको समन्वय पनि अति अपरिहार्य छ । यहि तथ्यलाई दृष्टिगत गरि सरोकारवालाला सरकारी निकाय तथा गैरसरकारी संस्था सँगको समन्वयमा भोटेकोशी गाउँपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८ लाई विगतको सिकाई तथा कार्यान्वयन अनुभवको आधारमा समीक्षा गरि संशोधन गरेको छ ।

संशोधित योजनाको मुख्य उद्देश्य विपद् पूर्व, विपद्को समय र विपद् पश्चातका लागि सरोकारवालाको सक्रिय सहभागितामा आवश्यक गतिविधिहरू सञ्चालन गर्नु र सम्भावित जनधनको क्षति कम गर्नु रहेको छ । यो योजनाको कार्यान्वयनका लागि गाउँपालिकाले आफ्नो स्रोतबाट केहि रकम विनियोजन गरेको छ। यो योजनालाई पूर्ण कार्यान्वयन गर्ने सवालमा सरोकारवाला निकाय, गैरसरकारी संस्था र आम सर्वसाधारण जनताको महत्वपूर्ण सहयोगको गाउँपालिकाले अपेक्षा गरेको छ ।

यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, समिक्षा तथा संशोधन गर्नका लागि सहयोग गर्नु हुने गाउँपालिकाका पदाधिकारी, कर्मचारी, वडा कार्यालय, सुरक्षा निकाय, नेपाल रेडक्रस, उद्योग वाणिज्य संघका साथै प्राविधिक सहयोग गर्ने प्रतिबद्ध परियोजनालाई विशेष धन्यवाद दिन्छु ।भोटेकोशी गाउँपालिकाको विपद्ले गर्दा हुने जनधनको क्षति न्यूनीकरण गर्ने लक्ष्य पुरा गर्न सम्पूर्ण स्थानीय समुदाय, सरकारी/गैर सरकारी निकाय, राजनीतिक दल तथा संघसंस्थाका साथै प्रदेश र सङ्घीय सरकारबाट सहयोग मिल्नेछ भन्ने अपेक्षा गरेको छु ।

धन्यवाद !

.......................
दिछेन शेर्पा, उपाध्यक्ष,
भोटेकोशी गाउँपालिका

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि हिन्दि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. : ०१-६२०१८१७
ईमेल :ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshimun.gov.np

प.सं. ०७९/०८०
चलानी नं.

## शुभकामना मन्तब्य

भौगोलिक अवस्थिति, जलवायु परिवर्तन तथा अन्य मानवीय क्रियाकलापका कारण विपद्को दृष्टिबाट भोटेकोशी गाउँपालिका उच्च जोखिममा रहेको छ । यो गाउँपालिका भूकम्प, पहिरो, बाढी, जनावर आतङ्क, महामारी, हावाहुरी, चटयाङ, आगलागी, सडक दुर्घटना, हिमपात जस्ता प्राकृतिक एवं गैर प्राकृतिक विपद्को जोखिममा रहेको छ । यस्ता विपद्को कारण गाउँपालिकाले वर्सेनी क्षति व्यहोर्दै आएको छ ।

विपद्का घटनाबाट हुने जनधनको क्षति कम गर्न विपद् पूर्व तयारीको पक्षलाई थप मजबुद गर्न भोटेकोशी गाउँपालिकाले यस अघि नै तयार गरि लागू गरेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना-२०७८ लाई समीक्षा र संशोधन गरेको छ । संशोधित योजनाको मुख्य उद्देश्य विषयगत क्षेत्रको समन्वयमा विपद् पूर्व, विपद्को समय र विपद् पश्चातका लागि सरोकारवालाको सक्रिय सहभागितामा आवश्यक गतिविधिहरु सञ्चालन गर्नु र सम्भावित जनधनको क्षति कम गर्नु रहेको छ। संशोधित योजनाले मौसम पूर्वानुमानका आधारमा गरिने विपद्को पूर्वतयारी, अग्रिम प्रतिकार्य विधि र क्रियाकलाप संलग्न गरेको छ र यसको व्यवहारिक कार्यान्वयनलाई महत्व दिएको छ ।

स्थानीय विपद्को विश्लेषणको आधारमा सामान्य पूर्व तयारी, मौसम पूर्वानुमानका आधारमा गरिने विपद्को पूर्वतयारी तथा विपद् पश्चात गरिने प्रतिकार्य क्रियाकलापलाई यो योजनाले स्पष्ट प्रस्तुत गरिएको छ । गाउँपालिकामा रहेका विभिन्न सरोकारवालाको सक्रिय सहभागितामा योजनाको कार्यान्वयनका लागि आवश्यक साधन स्रोतको बाँडफाँड र आवश्यक समन्वय गरी सम्भावित जनधनको क्षति कम गर्न यो योजना सफल हुनेछ।

अन्तमा, यस योजना निर्माणका लागि सहयोग गर्नु हुने गाउँपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, वडा कार्यालका पदाधिकारी तथा कर्मचारीहरु, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघ, समुदाय सदस्य साथै प्राविधिक सहयोग गर्ने प्रतिबद्ध परियोजनालाई धन्यवाद दिन चाहन्छु । यस योजनाको कार्यान्वायनका सन्दर्भमा सबैको साथ, सहयोग र सहकार्य रहनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

धन्यवाद !

..............................
भद्र बहादुर बस्नेत
प्रमुख प्रशासकिय अधिकृत, भोटेकोशी गाउँपालिका

विषयसूची

परिच्छेद एक ५
प्रारम्भिक ५
१।१ पृष्ठभूमि ५
१.२ योजनाको उद्देश्य ५
१.३ योजना तर्जुमा प्रक्रिया ६
१.३.१ गाउँ विपद् व्यवस्थापन समितिको बैठक ६
१.३.२ आधारभूत अध्ययन ७
१.३.३ विषयगतक्षेत्र सम्बन्धी अवधारण ७
१.३.४ विषयगतक्षेत्र उपसमितिको बैठक ८
१.३.५ कार्यशाला गोष्ठी ८
१.३.६ योजनाको मस्यौदा तयारी ८
१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी ८
परिच्छेद दुई ९
विपद् जोखिम र व्यवस्थापनको अवस्था ९
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ९
२.१.१ भौगोलिक अवस्था सीमा र क्षेत्रफल ९
२.१.२ गाँउपालिकाको जनसङ्ख्या तथा सामाजिक संरचना सम्बन्धी विवरण १०
२.१.३ गाँउपालिकाको अपाङ्गताको जनसङ्ख्या ११
२.१.४ प्रमुख नदी ताल तलैया सम्बन्धी विवरण ११
२.१.५ हावापानी १२
२.१.६ भू-उपयोगको अवस्था १२
२.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण १६
२.२.१ प्रकोपको स्तरिकरण १७
२.२.२ गाउँपालिकामा विगतमा गएका विपद् (ऐतिहासिक समयरेखा विश्लेषण) १८
२.२.३ विपद्बाट भएको मानवीय क्षतिको विवरणः १९
२.२.४ प्रकोपका कारण, प्रभाव र जोखिम न्यूनीकरणका लागी पहिचान भएका उपाय २०
२.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र २३

२.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण २५
२.५ पूर्वसूचना प्रणालीको अवस्था २६
२.६ नीतिगत,कानूनी तथा संस्थागत व्यवस्था २८
२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी २९
२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र २९
२.८.२ खाद्य तथा पोषण क्षेत्र ३०
२.८.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ३०
२.८.४ आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्र ३०
२.८.५ शीघ्र पुनर्लाभ क्षेत्र ३०
पूर्वतयारी तथा प्रतिकार्य योजना ३१
३.१ सामान्य पूर्वतयारी योजना ३१
३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना ३३
३.१.२ खाद्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना ३६
३.१.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना ३७
३.१.४ आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना ३९
३.१.५ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना ४१
३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना ४२
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना ५८
३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ५८
३.३.२ खाद्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ५९
३.३.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ६०
३.३.४ आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ६२
३.३.५ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ६४
परिच्छेद चार ६५
बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा ६५
४.१ स्रोत-साधनको वर्तमान अवस्था ६५
४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता ६८

४.३ बन्दोबस्ती सामग्रीको आंकलन ६८
४.३.१ गैर–खाद्य सामग्री भण्डारण स्थल ६९
४.३.२ मानवीय सहायता स्थल ७०
४.४ वर्षा तथा बाढी अनुगमन केन्द्रहरू ७०
४.५ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत ७१
परिच्छेद पाँच ७४
विविध ७४
५.१ स्रोत साधनको व्यवस्थापन ७४
५.२ अन्य निकायसँगको समन्वय र सहकार्य ७५
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई ७८
५.३.१ लक्ष्य र सूचकहरू ७८
५.३.२ योजनाको परिमार्जन ८०
५.४ क्षमता विकास रणनीति र योजना ८०
अनुसूची-१ ८२
प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची ८२
अनुसूची-२ ८३
स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यदिश ८३
अनुसूची-३ ८४
सरोकारवाला निकायको पहिचान तालिका ८४
अनुसूची-४ ८७
विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची ८७
अनुसूची-५ ८८
विषयक्षेत्र सदस्य संस्थाको कार्य शर्त ८८
अनुसूची-६ ८९
अगुवा सहयोगी संस्थाको कार्य शर्त ८९
अनुसूची-७ ९०
कार्यशाला गोष्ठीको कार्यसूची ९०
अनुसूची-८ ९४

स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ९४
अनुसूची-९ ९५
विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण ९५
अनुसूची-१० ९७
सुरक्षित स्थल तथा पहुँचमार्गको नक्शाङ्कन ९७
सन्दर्भ सामग्री १०८

# परिच्छेद एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

भौगोलिक स्वरूप, अवस्थिति, जलवायु तथा मानवीय क्रियाकलापका कारण विपद्को दृष्टिबाट भोटेकोशी गाउँपालिका उच्च जोखिममा रहेको छ । सम्भावित भुकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी र असिना, चट्याङ्ग, खडेरी, महामारी, जनावर आतङ्क जस्ता प्रकोपका कारण भोटेकोशी गाउँपालिकामा प्रत्येक वर्ष ठुलो जनधनको क्षति हुने गरेको छ । बि सं २०७२ सालमा गएको महाभूकम्प र त्यस पछिका वर्षहरूमा पहिरो र बाढीका कारण गाउँपालिकाको ठूलो स्रोत प्रभावित घरधुरीको स्थानान्तरण र जीविकोपार्जन पुनःस्थापना गर्नमा लागेको छ । विगत केही वर्षदेखि गाउँपालिकाले पहिरोको जोखिम अध्ययन विश्लेषण गरी उच्च जोखिममा रहेका परिवारलाई सुरक्षित ठाउँमा सार्ने प्रयत्न गरिरहेको छ ।

यस गाउँपालिकाका समुदायमा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न विपद्को पूर्वतयारी गरी उपलब्ध पूर्वानुमानको आधारमा अग्रीम प्रतिकार्य गर्न साथै विपद्जन्य घटना भइ हालेमा प्रभावकारी प्रतिकार्य गरी विपद्को प्रभाव कम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ समेतको आधारमा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ को दफा २७ बमोजिम भोटेकोशी गाउँपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

## १.२ योजनाको उद्देश्य

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको मुख्य उद्देश्य विपद् जोखिम व्यवस्थापन (विपद् पूर्व, विपद्को समय र विपद् पश्चात) का लागि सरोकारवालाको सक्रिय सहभागितामा आवश्यक गतिविधिहरू सञ्चालन गर्नु, सम्भावित जनधनको क्षति कम गर्दै विपद् उत्थानशील समुदाय निर्माण गर्नु हो। साथै प्रकोप पूर्वसूचना प्रणालीको उपयोग गरी उपलब्ध अवसर समयमा उपयुक्त पूर्वतयारी र अग्रिम प्रतिकार्य गरी सम्भावित विपदबाट जनधनको रक्षा गर्नु र विपद् प्रभाव कम गर्नु हो ।

**विशिष्ट उद्देश्यः**


(१) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,
(२) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी सरोकारवाला निकायहरु बिचमा प्रभावकारी समन्वय, सहकार्य अभिबृद्धि गराउने र अद्यावधिक गर्ने,
(३) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा योजना तर्जुमा गर्नु,
(४) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु,
(५) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न सक्ने गरि आवश्यक क्षमताको आंकलन, प्रक्षेपण र प्रबन्ध गर्नु,

(६) गाँउपालिकाको क्षेत्र भित्र बसोबास गर्ने जनसमुदाय विशेष गरि महिला, पुरुष, अपाङ्गता भएका व्यक्ति, विपन्न र पछाडि परेका समूहहरुको योजना निर्माण प्रकिया र कार्यान्वयनमा समान प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार भोटेकोशी गाउँपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छः

*चित्र १ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना प्रक्रियागत ढाँचा*




उल्लेखित योजना तर्जुमाका चरण मध्ये योजनाको परिक्षण यो मस्यौदा तयार हुने बेला सम्म सम्पन्न भएको छैन। माथि उल्लिखित योजना तर्जुमाका चरणहरूको सङ्क्षेपमा तल चर्चा गरिएको छः

### १.३.१ गाउँ विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७८ लाई समिक्षा र संशोधन गर्ने सन्दर्भमा विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि यस अघि गठन भएका ८ वटा विषयक्षेत्रलाई ५ वटा विषयक्षेत्रमा कायम गरिएको छ। विगतका विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान एवम् पूर्वसूचना प्रणाली र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ समेत रहेको प्राविधिक कार्यसमूह (Technical Working Group) परिचालन गरिएको थियो। प्राविधिक कार्यसमूहको बैठकको कार्यसूची **अनुसूची-१** मा संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले प्राविधिक कार्य समूहलाई काम, कर्तव्य र जिम्मेवारी सहित

**अनुसूची-२** बमोजिमको कार्यदिश प्रदान गरेको थियो। बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी सूचीलाई पूर्णता प्रदान गर्ने विषयलाई कार्यसमूहको जिम्मेवारीमा समावेश गर्ने निर्णय समेत गरेको थियो। यसरी पहिचान गरिएका सरोकारवाला निकायहरूको विवरण **अनुसूची-३** मा समावेश गरिएको छ।

### १.३.२ आधारभूत अध्ययन

स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरू, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरूको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन (Baseline Study) र विश्लेषण गरिएको थियो। योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरूको समेत अध्ययन तथा विश्लेषण गरिएको थियोः-

- नेपालको संविधान २०७२
- विपद् व्यवस्थापन सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना,
- विगत पाँच वर्षको *(समूह छलफलको माध्यमबाट विगत तीस वर्ष वा सो भन्दा बढी अवधिका विपदका घटनाको अध्ययन तथा विश्लेषण)* विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरु,
- मनसुन विपद् पूर्वतयारी र प्रतिकार्य योजना २०७८,
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९
- स्थानीय विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना आदि),
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- जनसङ्ख्या विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा गाउँपालिकाको सीमाना देखिने नक्सा,
- भोटेकोशी गा.पा. प्रोफाइल २०७७/७८, गाउँपालिको वार्षिक नीति, बजेट तथा कार्यक्रम २०७९/८०
- भोटकोशी गाउँपालिकाको भौगर्भिक अध्ययन प्रतिवेदन
- प्रतिबद्ध लै.स.सा.स ढाँचा (GEDSI Framework) र लैङ्गिक विश्लेषण प्रतिवेदन

### १.३.३ विषयगतक्षेत्र सम्बन्धी अवधारण

भोटेकोशी गाँउपालिकामा सम्भावित विपद्को जोखिमलाई व्यवस्थापन गर्न गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन भएको छ। गाउँपालिका प्रमुखको अध्यक्षतामा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ (**अनुसूची ८**)। पाँचै वडामा वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ। गाँउपालिकामा विपद् जोखिम व्यवस्थापनको लागि सरोकारवाला निकायहरुको सहभागितालाई महत्व दिँदै विषयगतक्षेत्र उपसमितिको अवधारणालाई गाउँ विपद् व्यवस्थापन समितिले कार्यान्वयन गरेको छ। गाउँपालिकाका सरोकारवाला निकायहरुको संलग्नतामा पाँच विषयक्षेत्रगत समूह गठन

गरी परिचालन गरिएको छ। विषय क्षेत्रको विस्तृत विवरण र कार्ययोजना परिच्छेद ३ मा संलग्न गरिएको छ ।

### १.३.४ विषयगतक्षेत्र उपसमितिको बैठक

विषयगतक्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयक्षेत्रसँग सम्बन्धित स्रोतहरूको आंकलन, आवश्यकताको लेखाजोखा आदि विषयमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा बैठकहरू सञ्चालन गरिएको थियो। विषयक्षेत्रगत रुपमा योजनाको प्रस्ताव तयार गर्न विषयक्षेत्रगत समितिहरु गठन गरिएको थियो। विषयक्षेत्रको समितिहरुको बैठकको कार्यसूची **अनुसूची-४** मा प्रस्तुत गरिएको छ। विषयक्षेत्रका सदस्य संस्था (Cluster Member) र ती निकायहरुको कार्यशर्त **अनुसूची-५** मा तथा अगुवा सहयोगी संस्था (Lead Support Agency) को कार्यशर्त **अनुसूची-६** मा समावेश गरिएको छ।

### १.३.५ कार्यशाला गोष्ठी

विषयक्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। कार्यशाला गोष्ठी आयोजना गर्नु अघि स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी विषयक्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो। कार्यशालामा विषयक्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजनाउपर छलफल गरी सुझाव सङ्कलन गरिएको थियो। कार्यशाला गोष्ठीको कार्यसूची **अनुसूची-७** मा संलग्न रहेको छ।

मिति २०८० जेठ गते सञ्चालित कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्य सङ्घ/संस्थाहरू, निजी क्षेत्रका प्रतिनिधिहरु, विज्ञ, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो। कार्यशालाको सञ्चालन तथा सहजीकरण विज्ञ कार्यसमूहले गरेको थियो। योजना तर्जुमा प्रक्रियामा मानवीय सहायतामा संलग्न सरकारी निकाय तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट सहयोग उपलब्ध रहेको थियो।

### १.३.६ योजनाको मस्यौदा तयारी

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयक्षेत्रहरूको छलफल र द्वितीय स्रोतबाट सङ्कलन गरिएका सूचनाहरू र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरिएको छ।

### १.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

कार्यशालाबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, सङ्घ संस्था र विज्ञहरूको सुझाव लिईएको थियो। यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पूनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिईएको छ।

# परिच्छेद दुई
# विपद् जोखिम र व्यवस्थापनको अवस्था

यस परिच्छेदलाई दुई खण्डमा विभाजन गरिएको छ। खण्ड क मा यस गाँउपालिकाको संक्षिप्त परिचय उल्लेख गरिएको छ र खण्ड ख मा विपद् जोखिम र व्यवस्थापनको अवस्था सम्बन्धि विश्लेषण गरिएको छ।

**खण्ड क**

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

भोटेकोशी गाउँपालिका बागमती प्रदेश नेपालको उत्तरी क्षेत्रको सिन्धुपाल्चोक जिल्लाको हिमाली गाउँपालिका अन्तर्गत पर्दछ। शिल्पकार अरनिको ई.सं. १२६० मा तिब्बतको ल्हासा तथा चीनको राजधानी बेइजिङ जाँदा यही बाटो भएर गएकाले काठमाण्डौं देखि कोदारी सम्मको मोटरबाटोलाई वँहाकै सम्मानमा अरनिको राजमार्ग राखिएको हो। अंशुबर्माको छोरी भृकुटी तिब्बत जाँदा यही बाटो भएर गएकी थिइन्। कैलाश मानसरोवर जाने पर्यटकहरु यही बाटो भएर जाने गर्दछन्। यसको पूर्वमा दोलखा, गौरीशंकर गाउँपालिका र चीन पर्दछ। पश्चिममा बाह्रबिसे नगरपालिका र जुगल गा.पा., उत्तरमा चीन, दक्षिणमा बाह्रबिसे नगरपालिका पर्दछ। भोटेकोशी गाउँपालिका साविकका लिस्तीकोट, तातोपानी, फुल्पिङकट्टी र मार्मिङ गा.वि.स. मिलाएर बनेको हो । हाल भोटेकोशी गाउँपालिकामा ५ वडा रहेका छन्।

गाउँपालिका भित्र खेती योग्य जमिन कम भएकाले निर्वाहमुखी, परम्परागत खेती गर्ने परिपाटि रहेको छ। यहाँका अधिकांश मानिसहरु व्यापार, पशुपालन, नोकरी र वैदेशिक रोजगारमा संलग्न छन्। यहाँ हिन्दु, बौद्ध र इसाई धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ। यहाँका मानिसको मुख्य भाषा नेपाली हो ।यहाँ शेर्पा, तामाङ, नेवार र अन्य जातिको आफ्नो मातृभाषा अभ्यास हुने पनि गरेको छ।

भोटेकोशी गाउँपालिकालाई यस गाउँपालिका भित्र रहेका लिस्तीमाई स्थान, गुम्बा, आनी गुम्बा, भैरवकुण्ड, दुगुनागढी, तातोपानी धारा, तातोपानी नाका, नारायणस्थान मन्दिर, बन्जीजम्पले नेपालमा मात्र नभई विश्वमा चिनाउन सफल भएको छ। ठूला जलविद्युतको रुपमा भोटेकोशी, मध्य भोटेकोशी जलविद्युत आयोजना संचालन एवं निर्माणाधीन छन् भने शिवश्री, हिमशिखर जलविद्युत आयोजना भोटेकोशी गाउँपालिका भित्र निकट भविष्यमा नै संचालनमा आउने क्रममा छन्। भोटेकोशी गाउँपालिका विमाण्डक ऋषि तथा श्रृङगी ऋषिले तपस्या गरेको तपोभूमी भएकोले ऐतिहासिक धार्मिक, पुरातात्विक पर्यटकिय सम्पदाको रुपमा परिचित छ।

### २.१.१ भौगोलिक अवस्था सीमा र क्षेत्रफल

यो गाउँपालिका बागमती प्रदेश सिन्धुपालचोक जिल्लाको हिमाली गाउँपालिका अन्तर्गत पर्दछ। यसको भूभाग समुद्र सतहदेखि १२००-४६०० मिटर उचाइमा पर्दछ। गाउँपालिकाको कुल क्षेत्रफल २७८.३१ वर्ग किलोमिटर रहेको छ। यसको पूर्वमा दोलखा, गौरीशङ्कर गाउँपालिका र चीन पर्दछ।पश्चिममा बाह्रबिसे नगरपालिका र जुगल गाउँपालिका, उत्तरमा चीन, दक्षिणमा बाह्रबीसे नगरपालिका पर्दछ।

**भौगोलिक विभाजन**

*तालिका १ गाउँपालिकाको भौगोलिक विभाजन*

| वडा नं | साविक गाविस | अक्षांश र देशान्तर | उचाई (समुन्द्री सतहबाट) | क्षेत्रफल (वर्ग कि.मि) |
|---|---|---|---|---|
| १ | लिस्तिकोट | २७°५४' १८.७२" अक्षांश देखि ८५°५३' ०.२४" देशान्तर | १३०० मिटर देखि ३,९०० मिटर | ५०.५ |
| २ | तातोपानी | २७°५६' ३०.९५" अक्षांशदेखि ८५° ५६' २९.८३" देशान्तर | १३०० मिटर देखि ४६०० मिटर | ७२.६२ |
| ३ | तातोपानी | | १३०० मिटर देखि ४००० मिटर | २०.७८ |
| ४ | फुलपिङकट्टी | २७°५३' ४४.६२" अक्षांश देखि ८५°५७' ३८.०६" देशान्तर | १३०० मिटर देखि ४००० मिटर | ८५.३५ |
| ५ | मार्मिङ | २७°५१' ३५.३२" अक्षांश देखि ८५°५५' २९.०८" देशान्तर | १२०० मिटर देखि २५६० मिटर | ४९.०६ |
| **कुल क्षेत्रफल (वर्ग कि.मि)** | | | | **२७८.३१** |

*स्रोतः भोटेकोशी गा.पा.को आ.व.२०७७/७८ को वार्षिक बजेट तथा योजना दस्तावेज*

### २.१.२ गाँउपालिकाको जनसङ्ख्या तथा सामाजिक संरचना सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार भोटेकोशी गाउँपालिकामा ३७३२ घर धुरीको बसोवास रहेको छ ।ती घर परिवार अन्तर्गतको कूल जनसङ्ख्या १४,३१८ रहेको छ (तल तालिका हेर्नुहोस्)। बि सं २०७३।७४ मा संरक्षण क्षेत्र व्यवस्थापन समिति, फुल्पिङकट्टीको प्रोफाइल अनुसार यस गाँउपालिकाको जनसङ्ख्या २०,२७० रहेको छ। अहिलेको जनसङ्ख्या अघिल्लो प्रोफाइल अनुसारको जनगणना २०७३ को तुलनामा ५,९५२ ले घाटेको देखिन्छ। गाउँपालिकाको जनसङ्ख्या सम्वन्धि संक्षिप्त विवरण देहाय वमोजिम रहेको छ।

*तालिका २ वडागत जनसंख्या, क्षेत्रफल र जनघनत्वको विवरण*

| वडा नं. | घरधुरी | महिला | पुरुष | जनसंख्या | क्षेत्रफल | जनघनत्व (प्रति वर्ग कि मि) |
|---|---|---|---|---|---|---|
| १ | ९९४ | १६८५ | १६९१ | ३३७६ | ५०.५ | ६६.८५ |
| २ | ६३६ | १०८० | ११४६ | २२२६ | ७२.६२ | ३०.६५ |
| ३ | ३८४ | ८६४ | ८६८ | १७३२ | २०.७८ | ८३.३५ |
| ४ | ९३७ | १९४६ | १९९७ | ३९४३ | ८५.३५ | ४६.२० |
| ५ | ७८१ | १४६९ | १५७२ | ३०४१ | ४९.०६ | ६१.९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ३७३२ | ७०४४ | ७२७४ | १४३१८ | २७८.३ | ५१.४५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, तथ्याङ्क विभाग*

### २.१.३ गाँउपालिकाको अपाङ्गताको जनसङ्ख्या

भोटेकोशी गाउँपालिकामा २०७८को तथ्याङ्क अनुसार निम्न रूपमा अपाङ्गताको जनसङ्ख्या  रहेको छ ।

*तालिका ३ अपाङ्गता भएको व्यक्ति सम्बन्धी विवरण*

| अपाङ्गताको किसिम | कुल | पुरुष | महिला |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | १७४ | ९७ | ७७ |
| न्यून दृष्टियुक्त | १४१ | ७७ | ६४ |
| दृष्टिविहीन | २४ | १३ | ११ |
| बहिरोपन | ९२ | ५५ | ३७ |
| मनोसामाजिक अपाङ्गता | १४ | ८ | ६ |
| न्यून श्रवणशक्ति | ३९ | २५ | १४ |
| बहिरोपन एवं दृष्टिविहीन | १९ | ९ | १० |
| मानसिक वा मनोसामाजिक | ४१ | २२ | १९ |
| बौद्धिक अपाङ्गता | १८ | ७ | ११ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ४ | १ | ३ |
| अटिजम् | २ | १ | १ |
| बहुअपाङ्गता | १०९ | ५२ | ५७ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, तथ्याङ्क विभाग*

### २.१.४ प्रमुख नदी ताल तलैया सम्बन्धी विवरण

यस गाँउपालिकाका प्रमुख नदीनाला तथा खोलामा भोटेकोशी, काउले खोला, घट्टे खोला, टुसारे खोला, खार्थली खोला, जिङरिम्बु खोला, चाङडोल खोला, लार्चा खोला, चाकु खोला, भोटेछ्यासा खोला आदि रहेका छन्। भैरवकुण्ड, बपौली कुण्ड (अन्थली), सिसंपा नेगङ जस्ता यहाँका मुख्य ताल पोखरिहरु रहेको छ। त्यसैगरी यस पालिकाको मुख्य  छहरामा तातोपानी छहरा, काङलाङ र भैरवकुण्ड छहरा रहेका छन्। वडागत प्रमुख खोलानालाहरु विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका ४ वडागत प्रमुख खोलानालाहरु विवरण*

| **वडा नं.** | **वडा/बस्ती** | **प्रमुख खोलाहरू** |
|---|---|---|
| १ | लिस्तीकोट | भोटेकोशी, चाकुखोला, हेङ्गले खोला, वुल्कुटे, मार्मिङ, लाक्पाडोसा, चन्दर्कु, चौरीखर्क, भ्यागुत्ते, छ्यागाकुना |
| २, ३ | तातोपानी | भोटेकोशी, लार्चा, वुलवुले, घट्टे चंगुल, लिपिङ्ग |
| ४ | फुल्पिङकट्टी | चाकु खोला, लाङ, फुल्पिङ, लाक्पाडोसा, छ्यासा |
| ५ | मार्मिङ | भोटेकोशी, चाकु, हेङ्गले, वुल्कुटे, मार्मिङ, लाक्पाडोसा, चन्दर्कू, चौरीखर्क, भ्यागुत्ते, छ्यागाकुना |

### २.१.५ हावापानी

गाउँपालिकाका सबै वडाहरूमा तल्लो भेगमा समशीतोष्ण र माथिल्लो भेगमा लेकाली हावापानी पाइन्छ।

- यस गाउँपालिकाको अधिकतम तापक्रमः ३०.१ डि.से.
- न्यूनतम तापक्रम : ९ डि.से.
- हावापानीको किसिम : समशीतोष्ण, शीतोष्ण

### २.१.६ भू-उपयोगको अवस्था

यस गाउँपालिकाको समग्र भू-उपयोगको अवस्था निम्नानुसार रहेको छ :

*तालिका ५ गाउँपालिकाको समग्र भू-उपयोगको अवस्था*

| क्र. सं. | भू-उपयोगको प्रकार | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि भूमि | ३८१८.३९ | १३.७३ |
| २ | वनजङ्गल | १८९६२ | ६८.१७ |
| ३ | खानी तथा खनिज | ०.०० | ०.०० |
| ४ | औधोगिक क्षेत्र | ०.०० | ०.०० |
| ५ | व्वसायिक | १४.३० | ०.०५ |
| ६ | आवासीय | ३०७.१३७३ | १.१०४ |
| ७ | सार्वजानिक सेवा | ४२६३.०० | १५.३३ |
| ८ | सांस्कृतिक तथा परातात्विक | १.०० | ०.००४ |
| ९ | नदी तथा  ताल क्षेत्र | ३७४.१३ | १.३५ |
| १० | अन्य | ७४.१७ | ०.२७ |
| **जम्मा** | | **२७८१४.१२७३ हेक्टर** | **१०० प्रतिशत** |

*स्रोतः भोटेकोशी गा.पा. प्रोफाइल २०७७/७८*

माथिको तालिकामा गाँउपालिकाको कृषिको लागि उपयोग भएको भूमि १३.७३ प्रतिशत देखिए पनि वास्तविक उत्पादनशील जमिन कम छ। कठिन भूगोल र चट्टानहरुले बनेको भिरालो पहाडहरुको अवस्थिति नै यो गाउँपालिकाको समग्र विकासको चुनौतीको रूपमा देखिएको छ। समग्रमा यहाँ वनक्षेत्र (६८.१७ प्रतिशत) बढी रहेको छ । यहाँका वनजंगलमा बहुमूल्य जडीबुटीहरू खयर, सिसौ, साल, खोटेसल्ला, चिलाउने, कटुस, लालिगुराँस, गोब्रेसल्ला, उत्तिस लगायतका वनस्पतिहरू पाउनुका साथै भिरमौरीको मह पनि पाइन्छ। यस गाँउपालिकाको कुल वन क्षेत्रफल १८९६२ हेक्टर जमिन रहेको छ। (*स्रोतः गा.पा. प्रोफाइल २०७७/७८)*

## २.१.७ गाउँपालिकको आर्थिक रुपमा सक्रिय जनसंख्या सम्बन्धी विवरण

यस गाँउपालिकाका आर्थिक रुपमा सक्रिय जनसंख्या सम्बन्धी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका ६ आर्थिक रुपमा सक्रिय जनसंख्या सम्बन्धी विवरण*

| वडाहरू | लिंग | १० वर्ष भन्दा माथीको जम्मा जनसंख्या | आर्थिक रूपमा सक्रिय | | | आर्थिक रूपमा सक्रिय नभएको | आर्थिक अवस्था नखुलाएको |
|---|---|---|---|---|---|---|---|
| | | | सामान्यतया सक्रिय | | सामान्यतया सक्रिय नभएको | | |
| | | | कार्यरत | बेरोजगार | | | |
| सबै वडा | जम्मा | १२१९३ | ५०३३ | ५७३ | २६९५ | ३८८३ | ९ |
| | पुरुष | ६१७६ | ३००२ | ३५२ | ११२६ | १६९१ | ५ |
| | महिला | ६०१७ | २०३१ | २२१ | १५६९ | २१९२ | ४ |
| १ | जम्मा | २९३६ | १४०७ | ६६ | ३११ | ११४९ | ३ |
| | पुरुष | १४५९ | ८३३ | ३६ | ११८ | ४७१ | १ |
| | महिला | १४७७ | ५७४ | ३० | १९३ | ६७८ | २ |
| २ | जम्मा | १९४१ | ७४८ | १८ | ५५२ | ६२३ | ० |
| | पुरुष | ९९७ | ४७३ | ११ | २३६ | २७७ | ० |
| | महिला | ९४४ | २७५ | ७ | ३१६ | ३४६ | ० |
| ३ | जम्मा | १४६३ | ४३८ | २०९ | ३४४ | ४७२ | ० |
| | पुरुष | ७३३ | ३०१ | ११४ | ११७ | २०१ | ० |
| | महिला | ७३० | १३७ | ९५ | २२७ | २७१ | ० |
| ४ | जम्मा | ३३१२ | १०९३ | २०३ | १०६३ | ९५२ | १ |
| | पुरुष | १६६८ | ६५२ | १३६ | ४५० | ४२९ | १ |
| | महिला | १६४४ | ४४१ | ६७ | ६१३ | ५२३ | ० |
| ५ | जम्मा | २५४१ | १३४७ | ७७ | ४२५ | ६८७ | ५ |
| | पुरुष | १३१९ | ७४३ | ५५ | २०५ | ३१३ | ३ |
| | महिला | १२२२ | ६०४ | २२ | २२० | ३७४ | २ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, तथ्याङ्क विभाग*

## २.१.८ गाउँपालिकको साक्षरताको अवस्था सम्बन्धी विवरण

यस गाँउपालिकाको साक्षरताको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका ७ गाँउपालिकाको साक्षरताको विवरण*

| वडाहरू | लिंग | ५ वर्ष र माथिका जनसंख्या | लेख्न र पढ्न सक्ने | पढ्न मात्र सक्ने | लेख्न र पढ्न नसक्ने | साक्षारतको प्रतिसत |
|---|---|---|---|---|---|---|
| सबै वडा | जम्मा | १३३२८ | ८७१६ | २४ | ४५८८ | ६५.३९६ |
| | पुरुष | ६७५० | ४८३४ | १५ | १९०१ | ७१.६१५ |
| | महिला | ६५७८ | ३८८२ | ९ | २६८७ | ५९.०१५ |
| १ | जम्मा | ३१६५ | १९४८ | ० | १२१७ | ६१.५४८ |
| | पुरुष | १५७६ | १०२३ | ० | ५५३ | ६४.९११ |
| | महिला | १५८९ | ९२५ | ० | ६६४ | ५८.२१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | जम्मा | २१०२ | १३६१ | ३ | ७३८ | ६४.७४८ |
| | पुरुष | १०८४ | ७७७ | १ | ३०६ | ७१.६७९ |
| | महिला | १०१८ | ५८४ | २ | ४३२ | ५७.३६७ |
| ३ | जम्मा | १६१९ | १०८९ | ७ | ५२३ | ६७.२६४ |
| | पुरुष | ८०७ | ५९४ | ५ | २०८ | ७३.६०६ |
| | महिला | ८१२ | ४९५ | २ | ३१५ | ६०.९६१ |
| ४ | जम्मा | ३६३३ | २४६९ | ११ | ११५३ | ६७.९६ |
| | पुरुष | १८२८ | १३७० | ७ | ४५१ | ७४.९४५ |
| | महिला | १८०५ | १०९९ | ४ | ७०२ | ६०.८८६ |
| ५ | जम्मा | २८०९ | १८४९ | ३ | ९५७ | ६५.८२४ |
| | पुरुष | १४५५ | १०७० | २ | ३८३ | ७३.५४ |
| | महिला | १३५४ | ७७९ | १ | ५७४ | ५७.५३३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, तथ्याङ्क विभाग*

### २.१.९ गाउँपालिकामा रहेका भौतिक पूर्वाधार, सेवाको विवरण

**विद्यालय**:- यस गाउँपालिकामा सामुदायिक तथा संस्थागत गरी जम्मा ३० विद्यालय रहेका छन् । आपत्कालीन अवस्थामा बाढीपहिरो जोखिममा सम्बन्धित गाउँ, टोलका परिवारले आश्रय लिन सामुदायिक विद्यालयका कक्षाकोठा र परिसर प्रयोग गर्नुपर्ने बाध्यता छ । कतिपय विद्यालयमा वा विद्यालय जाने सडकमा पहिरो वा ढुङ्गा लडेर आउन सक्ने जोखिम छ । विद्यालय तथा शिक्षक, कर्मचारी र विद्यार्थीको विस्तृत विवरण गाउँपालिकाको शिक्षा शाखामा अद्यावधिक गरी राखिएको छ । विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीको संक्षिप्त विवरण तलको तालिकामा दिइएको छ ।

*तालिका ८ गाउँपालिकामा छात्रछात्राको विवरण, २०७९*

| कक्षागत विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| बाल कक्षा | .. | ... | ४१२ |
| कक्षा १ — ५ | ....... | .......... | १२२७ |
| कक्षा ६ — ८ | ३३१ | ३११ | ६४२ |
| कक्षा ९ — १० | २११ | १७५ | ३८६ |
| कक्षा ११ — १२ | ६३ | ५२ | ११५ |
| बाल कक्षा बाहेक | | | २३७० |
| बाल कक्षा सहित | १४३० | १३३२ | २७८२ |

*स्रोतः भोटेकोशी गाउँपालिकाको रेकर्ड, २०७९*

**स्वास्थ्य सेवा**:- गाउँपालिकामा ४ स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ ८ र १ अस्पत्ताल रहेका छन्। निजी क्लिनिक ४ वटा छन् ।



**<u>सञ्चार सेवा र पूर्वसूचना</u>ः-** यस गाउँपालिकामा मोवाइल टेलिफोन, एफ एम रेडियो, टेलिभिजन, सामाजिक सञ्जालका साथै माइक, साइरन लगायतका स्थानीय उपकरण मार्फत् सूचना आदानप्रदान गर्न सकिन्छ । सुरक्षा निकायसँग वाकिटकी सेट रहेका छन् ।

**<u>उद्धार सामग्री, प्रविधि, औजार</u>ः-**गाउँपालिका सँग न्यूनतम उद्धार सामग्री छन् । हाल गाउँपालिकामा मौज्दात रहेको सामग्री विवरण परिच्छेद ४ मा समेटिएको छ ।

**<u>नजिकको बजार, पसलको विवरण</u>ः-** गाउँपालिकाको मुख्य बजार तातोपानी हो । कोदारी राजमार्गका बिभिन्न ठाउँमा अरु स-साना बजार (कोदारी, हिन्दी, चाकु, नयाँपुल) रहेका छन् । साथै गाउँगाउँमा पनि दैनिक उपभोगका सामानहरू पाइने बजार, पसलहरू छन् । मुख्य किनमेलको लागि भने तातोपानी बजार नै मुख्य गन्तव्य हो । गाउँका पसलहरूमा तातोपानी वा बाह्रबीसे बजारबाट सामग्री लगिन्छ । समुदायलाई कतिपय सुविधा गाउँमा उपलब्ध भए तापनि धेरै समुदायका लागि उपचार, शिक्षा तथा अन्य कामको लागि बाह्रबीसे, धुलिखेल, काठमाण्डौ पुग्नुपर्ने हुन्छ । गम्भिर खालको बिरामी वा घाइतेको उपचार, उच्च शिक्षा, रोजगारी तथा अन्य सुविधाका लागि धुलिखेल, काठमाण्डौ जाने गरिन्छ । चीनसँगको कोदारी नाका सञ्चालन भएका बेला कोदारी, तातोपानी, बाह्रबीसे लगायतका बजारहरूमा रोजगारीको अवसर बढ्छ । थप जानकारी गाउँपालिकाको पार्श्वचित्र, २०७५ बाट लिन सकिन्छ ।

गाउँपालिका क्षेत्रमा सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ, हिमालय सिमापार व्यापार संघ क्रियाशील छ । भोटेकोशी गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिमा यसको प्रतिनिधित्व रहेको छ । उद्योग व्यवसाय क्षेत्र पनि समग्रमा बाढी, पहिरो, आगलागी, हुरीबतास लगायतका प्रकोपको जोखिममा रहेको छ । विपद् व्यवस्थापनमा उद्योग वाणिज्य संघसँग साझेदारी र समन्वय गर्न सकिने अवसर छन् ।

**<u>नजिकको सुरक्षा चौकी, उद्धार सेवा पाउन सकिने ठाउँ</u>ः-** फुल्पिङकट्टीमा इलाका प्रहरी कार्यालय छ । कोदारी राजमार्गको दश किलो, तातोपानीमा सुरक्षा जाँच चौकीहरू, कोदारीमा सिमा सुरक्षा प्रहरी कार्यालय छन् । विपद् चेतना, सूचना र उद्धारमा प्रहरी परिचालित हुने गरेको छ । प्रहरीलाई विपद् सम्बन्धी खोज, उद्धार तथा राहतका काम गर्न आवश्यक सामग्री, प्रविधि र तालिम आवश्यक छ ।

सुख्खा बन्दरगाहमा सशस्त्र प्रहरी वल नेपालको क्याम्प रहेको छ । बाढी, पहिरो लगायतका विपद्मा खोज तथा उद्धार कार्यमा परिचालित हुन्छ ।

झिर्पूमा नेपाली सेनाको क्याम्प रहेको छ । नेपाली सेना पनि आवश्यकता अनुसार विपद् खोज, उद्धार तथा राहतमा परिचालन हुन्छ ।

गाउँपालिकाले सुरक्षा निकायसँग समन्वय गरी आवश्यकता अनुसार विपद् खोज, उद्धार र राहतमा सहयोग लिने गरिएको छ र आगामी दिनमा पनि लिइनेछ । साथै विपद् व्यवस्थापन सम्बन्धी तालिम र अन्य क्षमता विकासमा पनि सहकार्य गर्न सकिन्छ । सुरक्षा निकायहरू रहेका कतिपय स्थानहरू समेत बाढी, पहिरो, ढुङ्गा खस्ने लगायतका प्रकोपको जोखिममा रहेका छन् ।

**नेपाल रेडक्रस सोसाइटी र अन्य संघ, संस्था ः-** गाउँपालिकामा नेपाल रेडक्रस सोसाइटीको भोटेकोशी उपशाखा र विभिन्न वडामा सम्पर्क व्यक्ति, स्वयंसेवक रहेका छन् । सचेतना, पूर्वसूचना र राहतमा नेपाल रेडक्रस

सोसाइटीसँग सहकार्य भैरहेकोछ जसलाई थप र निरन्तर गरिनेछ । गाउँपालिका विपद् व्यवस्थापन समितिमा रेडक्रसका प्रतिनिधि रहने व्यवस्था छ । गाउँपालिकामा प्रतिवद्ध परियोजना, सजग नेपाल लगायतका परियोजनाहरूले विपद् जोखिम अध्ययन, योजना तर्जुमा तथा कार्यान्वयनमा सहयोग गरिरहेका छन् ।

## २.१.९ गाउँपालिकको वडा र सामुदायिक विपद् व्यवस्थापन समिति सम्बन्धी विवरण

भोटेकोशी गाउँपालिकामा पाँचै वडामा वडा विपद् व्यवस्थापन समिति गठन गरिएको छ। गाउँपालिकाका समुदायमा पहिरो जोखिम स्थानहरूलाई समेटेर सामुदायिक विपद् व्यवस्थापन समितिहरू पनि गठन गरिएको छ। तल तालिकामा उक्त विवरण प्रस्तुत गरिएको छ ।

*तालिका ९ वडा विपद् व्यवस्थापन समिति*

| वडा | स्थान | सदस्य संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | लिस्ती | ४ | ७ | ११ |
| २ | तातोपानी | ३ | ८ | ११ |
| ३ | दुमीथाङ्ग / दुगुना | ४ | ११ | १५ |
| ४ | लुकसिङ्ग | ६ | ९ | १५ |
| ५ | मारमिंग | ५ | १४ | १९ |

*तालिका १० सामुदायिक विपद् व्यवस्थापन समिति*

| वडा | स्थान | सदस्य संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | घिप्चे | ३ | ४ | ७ |
| १ | धन्पाल, भल्दुङ्ग | १ | ६ | ७ |
| १ | बोसिसा | २ | ५ | ७ |
| २ | तार्थुङ्ग, लालबिर चोक | ३ | ८ | ११ |
| २ | डाँडा टोल | २ | ९ | ११ |
| २ | तामाङ गाउँ | ३ | ८ | ११ |
| २ | तातोपानी | २ | ५ | ७ |
| ३ | बोक्चेन, तार्थुङ्ग, नम्थंग | ० | ७ | ७ |
| ३ | लार्चा, फुन्गमाचे | ३ | ८ | ११ |
| ४ | फुल्पिंग | १ | ८ | ९ |
| ५ | संग्माने | १ | ६ | ७ |

**खण्ड ख**

## २.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण

गाँउपालिका स्तरीय विपद् जोखिम पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा समुदायमा भएका विद्यमान प्रकोपहरुको पहिचान हुन आवश्यक हुन्छ। वडा स्तरमा सहभागीतात्मक संकटासन्नता तथा क्षमता लेखाजोखा

गर्ने क्रममा विपद् प्रभावित समुदायका ज्येष्ठ  नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, यौनिक तथा विविध लैङ्गिक व्यक्ति, बुद्धिजिवी, समाजसेवी एवं वडा समिति सदस्यहरु आदिको प्रत्यक्ष सहभागीतालाई सुनिश्चित गरी सामुहिक छलफल, व्यक्तिगत तथा सामुहिक अनुभव र ऐतिहासिक अभिलेखहरुको अध्ययन र विश्लेषण गरेर समुदायमा विगत ३० वर्षदेखि वर्तमानसम्म विपद् निम्त्याउने प्रकोपहरुको पहिचान गरी विद्यमान प्रकोपहरुको सुचि तयार गरिएको थियो । यस गाउँपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा बाढी, पहिरो, भूकम्प, महामारी, हावाहुरी, जनावर आतङ्क, आगलागी, खडेरी, चट्याङ, सडक दुर्घटना आदि पर्दछन्। जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका अनुसार भूकम्प, पहिरो, बाढी, आगलागी र चटयाङ जस्ता प्रकोपबाट यस क्षेत्रमा जनधनको सबैभन्दा बढी क्षति हुने गरेको देखिन्छ। त्यसैगरी महामारी, हावाहुरी, कृषि बालीमा हुने रोग, पशुरोग, आगलागी, खडेरी, जनावर आतङ्क, सडक दुर्घटना,जस्ता प्रकोपहरूबाट पनि हरेक वर्ष जनधनको क्षति हुने गरेको छ।


*तालिका ११ विद्यमान प्रमुख प्रकोपको पहिचान तथा स्तरीकरण*

| प्रकोप | पहिरो | बाढी | आगलागी | हुरीबतास | महामारी | भूकम्प | जनावर आतङ्क | सडक दुर्घटना | हिमपात | चट्याङ् |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | प | प | प | प | भू | प | प | प | प |
| बाढी | | | बा | बा | बा | भू | बा | बा | बा | बा |
| आगलागी | | | | हु | म | भू | ज | आ | आ | च |
| हुरीबतास | | | | | म | भू | ज | हु | हु | हु |
| महामारी | | | | | | भू | ज | म | म | म |
| भूकम्प | | | | | | | भू | भू | भू | भू |
| जनावर आतङ्क | | | | | | | | ज | ज | ज |
| सडक दुर्घटना | | | | | | | | | स.दु. | च |
| हिमपात | | | | | | | | | | च |
| चट्याङ् | | | | | | | | | | |
| जम्मा | ८ | ७ | २ | ४ | ५ | ९ | ६ | १ | ० | ३ |
| प्रकोप स्तर | २ | ३ | ८ | ६ | ५ | १ | ४ | ९ | १० | ७ |

*स्रोतः वडास्तरीय समुह छलफल*

## २.२.१ प्रकोपको स्तरिकरण

यस गाँउपालिकाका वडाहरुमा घटेका विपद्का घटनाको आधारमा सहभागितात्मक लेखाजोखा तथा छलफलको माध्यमबाट वडाका विभिन्न प्रकोपहरुको स्तरिकरण गरिएको र वडागत प्रकोप स्तरिकरणबाट आएको सूचनालाई आधार मानि गाउँपालिकाको प्रकोप स्तर निम्नानुसार निर्धारण गरिएको छ ।



*तालिका १२ गाउँपालिकाको प्रकोप स्तर*

| मुख्य विपद् | भूकम्प | पहिरो | बाढी | जनावर आतङक | महामारी | हुरीबतास | चट्याङ | आगलागी | सडक दुर्घटना | हिमपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्राप्ताङ्क** | ९ | ८ | ७ | ६ | ५ | ४ | ३ | २ | १ | ० |
| **स्तर** | प्रथम | दोस्रो | तेस्रो | चौंथो | पाचौं | छैठौं | सातौं | आठौं | नवौं | दशौं |

*स्रोतः वडास्तरीय समुह छलफल*

### २.२.२ गाउँपालिकामा विगतमा गएका विपद् (ऐतिहासिक समयरेखा विश्लेषण)

यस गाउँपालिकामा विगतका विभिन्न समयमा घटेका प्राकृतिक, गैह्प्राकृतिक, जलवायु जन्य विपद्का घटनाहरुको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र तलको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका १३ विपद्को ऐतिहासिक क्षति विवरण*

| विपद्को प्रकार | साल/महिना | वडा | असर | सुचनाको स्रोत |
|---|---|---|---|---|
| भूकम्प | वि सं २०७२ बैशाख १२ र २९ | १,२,३,५ | २०७२ साल बैशाख १२ गते यस गा.पा अन्तर्गतका वडा १,२,३,५ मा २३८६ धरधुरी, २५ विद्यालय, ७ झोलुङगे पूल, ३८ पानीघट्ट, १५ गुम्बा, ७ मन्दिर र १ स्वास्थ्य चौकी लगायतका संरचना भत्किएको र चर्किएको। २०७२ सालको महाविनाशकारी भूकम्पबटा वडा नं १ मा १६३ को मृत्यु र ७०० जना घाइते , वडा नं २ मा १३ को मृत्यु र २०० घाइते। त्यसै गरी वडा नं २ भूकम्पले मितेरी पूल चिरिएको हुँदा यस गा.पा.को विभिन्न स्थानहरुमा ४ कि.मि. सम्मको बाटो अबरुद्ध भएको। विभिन्न स्थानहरुमा प्राकृतिक तथा भौतिक क्षति, पशु चौपाया (५००) को समेतको क्षति भएको । | वडा स्तरीय समुह छलफल |
| | वि सं २०४५ | | २०४५ सालमा केहि घरहरु चर्किएको अन्य क्षति नभएको । | |
| पहिरो | वि सं २०५३-२०७७ | १,२,३,५ | वि सं २०५८ सालमा यस गा.पा.को वडा नं ३ मा २५ नीजि घर र वि सं २०७७ को असारमा लार्चामा १५ घरधुरीमा क्षति, १ पुल, प्रहरी चौकी, मन्दिर (भैरवकुण्ड) र ७ पानी घट्टको समेत क्षति भएको । | वडा स्तरीय समुह छलफल |
| आगलागी | वि सं २०६४-२०७७ | १,२,५ | वि सं २०६४,२०६६ र २०६७ सालको आगलागी बाट यस गा.पाको ईकु र मिरिङ बजारमा ६वटा काठको घर र ११ वटा ईट्टाको घर क्षति भएको र करिब १६ लाख बराबरको धनसम्पत्ती नष्ट भएको । त्यसै गरी वडा नं १ को घिप्चेमा १ गाईगोठ र वडा नं ५ को कोदारी, तामाङ गाँउ,गोल्सी, टापुमा ७ घर आगलागी भई क्षति भएको । | वडा स्तरीय समुह छलफल |

| | | | | |
|---|---|---|---|---|
| हावाहुरी | वि सं २०६७ देखि हालसम्म | १,२,३,५ | २०६७-६८ सालको हावाहुरीले पुरै गाँउको घरको छाना ऊडाएको (करिब ३०० घर) । भूकम्प अघि हरेक बर्ष घरको छाना उडाई भौतिक क्षति हुने गरेको । गाडी पल्टिएको। घरको दलिन भत्किएको । | वडा स्तरीय समुह छलफल |
| चटयाङ | वि सं २०६८-२०७४ | १,५ | वि सं २०६८ सालको चटयाङले यस गा.पा.को लिन्सीमा गाई-गोरु गोठको भौतिक क्षति भएको (करिब १०००० रकम बराबरको क्षति भएको) र वि सं २०७४ सालमा चटयाङबाट १ जना घाईते भएको | वडा स्तरीय समुह छलफल |
| वन्यजन्तु जनावर आतंक | वि सं २०७० देखि हाल सम्म | | भोटेकोशी २ को पोखरे र याङमिलान मा २ जना मानिस जंगलीजनावरको हमलाबाट घाईते भएको । विभिन्न स्थानमा बाँदर, बँदेल, दुम्सी, मृग, भालु, स्याल, चितुवाको आतङ्कबाट पशुपंक्षी तथा कृषिजन्य बालिमा क्षति पुगेको (जस्तैः मकै, कोदो, आलु, फापर कुखुरा आदि) | वडा स्तरीय समुह छलफल |
| महामारी | वि सं २०७६ देखि निरन्तर | | कोविड-१९ महामारीको असर शिक्षा, स्वास्थ्य तथा आर्थिक क्षेत्रमा परको । | वडा स्तरीय समुह छलफल |
| सडक दुर्घटना | वि सं २०५३ | ३ | १ बच्चाको मृत्यु | वडा स्तरीय समुह छलफल |
| विधुतीय करेन्ट | वि सं २०५१ | ३ | १ पुरुषको मृत्यु | वडा स्तरीय समुह छलफल |

***नोटः*** *वडा नं ४ मा वडास्तरीय संकटासन्नता तथा क्षमता विश्लेषण अभ्यास हुन नसकेको ।*

### २.२.३ विपद्बाट भएको मानवीय क्षतिको विवरणः

यस गाउँपालिकामा विगत तीस वर्षमा विभिन्न विपद्बाट भएको क्षतिको विवरण देहाय अनुसार रहेको छः

*तालिका १४ विपद्बाट भएको मानवीय क्षतिको विवरण*

| विपद् | घटनाको वर्ष | मानवीय क्षति | | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा | मृत्यु पुरुष | मृत्यु महिला | कुल मृत्यु सङ्ख्या | बेपत्ता | प्रभावित परिवार | प्रतिशत | |
| **भूकम्प** | वि सं २०७२ | सबै वडा | - | - | २४४९ | - | २११२ घरधुरी पूर्णरुपमा क्षति<br>३६१ सामान्य क्षति | ९४.६२ | गा.पा नीति कार्यक्रम २०७७/७८ |
| **पहिरो** | २०७३ - २०७७ | १,२,३५ | ११ | १० | २१ | ३५ | १६ | २०.४ | नेपाल प्रहरी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | २०७४-२०७५ | ३,५ | ० | ० | ६८ | ० | ११ | १४.७४ | नेपाल प्रहरी |
| **आगलागी** | २०७४-२०७८ | २,४ | - | - | ४ | - | ७ | ०.९३ | Drrportal.gov.np |
| **खडेरी** | | सबै वडा | | | | | ६७० | २५.९१ | गा.पा नीति कार्यक्रम २०७७/७८ |
| **हावाहुरी** | २०७०-२०७७ | सबै वडा | | | | | १०४१ | ४०.२६ | गा.पा नीति कार्यक्रम २०७७/७८ |
| **महामारी** | २०७६- | निरन्तर | | | | ३४ | | १.३१ | गा.पा नीति कार्यक्रम २०७७/७८ |
| **सडक दर्घटना** | २०५३ | | १ | | | १ | | | समुह छलफल |
| **विधुतीय करेन्टबाट** | २०५१ | | १ | | | १ | | | समुह छलफल |
| **जनावर आतंक** | २०७३ र २०७६ | | २ | | | २ | | | समुह छलफल |
| **चट्याङ** | २०७४ | | १ | | | १ | | | समुह छलफल |

### २.२.४ प्रकोपका कारण, प्रभाव र जोखिम न्यूनीकरणका लागी पहिचान भएका उपाय

भोटेकोशी गाउँपालिकाका सम्भावित प्रकोप, कारण, प्रभाव जोखिम न्यूनीकरणको उपाय सहितको विश्लेषण तल तालिकामा प्रस्तुत गरिएको छः

*तालिका १५ सम्भावित प्रकोप, कारण, प्रभाव जोखिम न्यूनीकरणको उपाय*

| क्र.स. | प्रकोप | कारण | प्रवाभ | जोखिम न्यूनिकरणका लागी पहिचान भएका उपाय |
|---|---|---|---|---|
| १ | भूकम्प | परम्परागत सोचका कारण भएको अव्यवस्थित वसोवास तथा भौगोलिक वनावट<br><br>भूकम्प प्रतिरोधी भवनहरु निर्माण नगर्नु<br><br>दक्ष प्राविधिकको अभाव<br>कच्ची भवनहरु निर्माण हुनु<br>भूकम्पको वेलामा के गर्न हुने के गर्न नहुने बारे चेतना नभएको | मानवीय क्षति<br>भौतिक संरचनामा क्षति, विभिन्न निकायले दिने नियमित सेवा अबरुद्ध<br><br>वृद्ध,–वृद्धा बालबालिका, अशक्त, अपाङ्गता भएका व्यक्तिहरु, सुत्केरी, गर्भवती महिला र अरुमहिलाहरु लाई बढी असर<br>मनोसामाजिक समस्या, लैङ्गिक हिंसा ,यौन शोषण र दुर्व्यवहार | जनचेतनाका लागि कृतिम अभ्यास कार्यक्रम सञ्चालन गर्ने<br>सुरक्षित आवास निर्माण अनिवार्य गर्ने<br>बसोबासलाई व्यवस्थीत गर्दै लैजाने<br>भवन निर्माण मापदण्ड कार्यान्वयन गर्ने |
| २ | बाढी , पहिरो | कमजोर भु-वनावट<br>भिरालो धरातल<br>अविरल वर्षा<br>प्राविधिक सल्लाह विना<br>जथाभावी सडक निर्माण<br>भारी उपकरण जस्तै डोजर एस्साभेटर को प्रयोग<br>पहिरोको कारण नदि थुनिने र बिस्फोट हुने<br>वनविनाश<br>जलवायु परिवर्तन | खेतीयोग्य जमिनको क्षति<br>सडक अवरोध<br>जनधनको क्षति<br>पानीको मूल सुक्ने<br>बाली नाली विनाश<br>बसाईं सराइ | प्राविधकको सल्लाहमा मात्र सडक निर्माण<br>भारी उपकरणको विवेकपूर्ण प्रयोग गर्नर<br>वायो ईन्जिनरिङको व्यापकरुमा उपयोग गर्ने<br>भिरालो जोखिमयुक्त वस्तीहरु नियमित सुपरिवेकक्षण तथा अनुगमन गर्ने<br>वृक्षरोपण<br>पूर्व चेतावी प्रणाली जडान<br>जनचेतनाका लागि कृतिम अभ्यास कार्यक्रम सञ्चालन गर्ने। |
| ३ | चटयाङ | प्राकृतिक कारण चटयाङ सुरक्षा प्रणाली जडान नगर्नु<br>जनचेतनाको अभाव<br>विद्युतीय उपकरणको सहि प्रयोग नगर्ने | विद्युतीय उपकरणमा क्षति (रेडियो, टिभि, फ्रिज)<br>मानवीय क्षति<br>पशुपंक्षीको क्षति<br>मानवीय क्षति (मृत्यु, घाइते) | घर वरीपरी ठुला रुख विरुवा भए काट्ने<br>गडयाङगुडुङ भएको वेला विद्युतीय सामग्रि प्लगवाट छुटायर राख्ने<br>गडयाङगुडुङ भएको वेला उच्चस्थानमा नजाने<br>जनचेतना जगाउने<br>चटयाङ सुरक्षा प्रणाली घरमा जडान गर्ने<br>चैत बैशाख, जेष्ठको अपराहन्नको समयमा बढी चटयाङ जनेहुँदा विषेश सावधानी अपनाउने |
| ४ | हावाहुरी | लामो समय सम्म खडेरी<br>जलवायु परिवर्तन | मानिसहरु र पशु चौपायाहरुको घाइते हुने<br>अन्नबाली, फलफूलमा नष्ट हुने, | कृषि विमा कार्यक्रम सञ्चालन<br>भौतिक संरचना हुरिबतास बाट असर नहुने किसिमको निर्माण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | भौतिक संरचना क्षति<br>हावाहुरीको कारण आगलागीहुने सम्भावना | र निर्माण भएकालाई सुरक्षित बनाउने<br>जनचेतनाका लागि कृतिम अभ्यास कार्यक्रम सञ्चालन गर्ने।<br>घरभित्र बस्ने |
| ६ | आगलागी | खडेरी<br>हुरी वतास<br>वन जंगल फडानी<br>आगो ताप्दा वा विद्युतीय उपकरण प्रयोग गर्दा होस नपुर्याउनु | मानिस र पशु चौपायाहरु घाइते, मृत्यु,<br>बालबालिका, बृद्ध वृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरु प्रत्यक्ष मारमा<br>घर गोठ नष्ट<br>वन जंगल विनास<br>वतावरणीय सन्तुलनमा असर | अग्नी रेखा निर्माण<br>सुधारिएको चुलोको प्रयोग<br>वन जङ्गल सुरक्षाको लागि स्थानीय कानुन निर्माण<br>वैकल्पिक उर्जा प्रयोगमा जोड<br>सुख्खायमा विषेश सावधानी अपनाउने<br>वनजंगलमा आगो नलगाउने<br>जनचेतनाका लागि कृतिम अभ्यास कार्यक्रम सञ्चालन गर्ने। |
| ७ | महामारी | प्रदुषित खानेपानी<br>सरसफाईमा कमी | धन जनको क्षति<br>गरिबी बढ्ने<br>बालबालिका, बृद्ध वृद्धा एवं महिला र अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिलाहरु प्रत्यक्ष मारमा पर्ने | खानेपानी मुहान संरक्षण<br>पानीको शुद्धता तथा व्यकतिगत सरसफाईलाई अभ्यान संचालन गर्ने<br>स्थानीय समुदायमा आय आर्जन सहितको जनचेतनामूलक कार्यक्रम सञ्चालन<br>सार्वजनिक तथा निजी सौचालय निर्माण<br>स्वाथ्य निकायहरुले जारीगरेको मापदण्डलाई पालना गर्ने |
| ८ | जनावर आतंक | गौरीशंकर संरक्षण क्षेत्रको कारण जनावरहरुको सङ्ख्या बढ्नु<br>जंगलमा खानेकुरा तथा पानी को अभाव<br>खेती योग्य जमिनहरु बाँझो हुनु | धन जनको क्षति<br>बसाई सराई<br>साना बालबालिका, वृद्ध वृद्धा, महिला एवं अपाङ्गता भएका व्यक्ति हरका साथ साथै पशु चौपायाहरुमा आक्रमणको शिकार हुनु<br>बाँझोपना बढ्ने | स्थानीय जंगलहरुमा वन केरा जस्ता अन्य फलपूलहरु लगाउने<br>पानीका स्रोतहरु संरक्षण गरिदिने<br>वन हेरालुको व्यवस्था गर्नु |

## २.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

विगतमा भएको विपद्को प्रकारलाई मध्यनजर गर्दा पहिरो, बाढी र भूकम्प जस्ता विपद्लाईउच्च जोखिममा र चट्याङ, हावाहुरी, आगलागीलाई मध्यम स्तरमा लिईएको छ र उक्त जोखिमको सम्भावित बस्तीहरुको संकटासन्नता स्तर निम्न अनुसार रहेको छ।

*तालिका १६ जोखिम सम्भावित बस्तीहरुको सङ्कटासन्नता स्तर*

| प्रकोपको प्रकार | वडा | जोखिममा रहेका बस्ती | जोखिमको स्तर | | |
|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून |
| पहिरो | १ | १. अन्थली २. धनपाल | | | |
| | | १. बोसिसा २. घिप्चे ३. भाल्डूङ् | | | |
| | | १. धारापानी | | | |
| | २ | १. तामाङ गाउँ २. इको बजार ३. ताङ्पासा ४. मिलनबस्ती ५. दशकिलो नयाँबस्ती | | | |
| | | १. कोप्लाङ् २. कोदारी गुम्बा ३. गुरुङ गाउँ ४. खाम खर्क ५. छेम्राङ् | | | |
| | | १. तार्तुङ् २. पाङ्भेला ३. फ्यामिली कुना ४. दशकिलो ५. लिपिङ् ६. मजुवा ७. गुरु रिम्बोचे ८. निउसी पाखा | | | |
| | ३ | १. लार्चा २. झीरपुकुना ३. तार्तुङ | | | |
| | | १. फुमाचे ४. बोक्चेन/बोक्छें ३. नादिङ | | | |
| | ४ | १.फुल्पिङ २. हिन्दी ३. गोलेपा | | | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | १.पाङशेर्पू २. मेलाङ्चाकु ३. थामी गाउँ | | | |
| | | १. चाकु बजार २. पान्थली ३. गोलेपा ४. टोचेपा ५. च्याम डाँडा | | | |
| | ५ | १. साङपानी | | | |
| | | १. थाङ्मिलान २. छ्यादी ३. बल्खु ४. सेर्पाङ् | | | |
| | | १. फछ्यादी २. च्याम्बाङ् ३. जम्बाल्डुङ् ४. गोरेह्याङ् ५. सक्तवाल ६. गुन्सा | | | |
| **बाढी** | सबै वडा | भोटेकोशी, लार्चा खोला, ह्याङ्ले खोला, चाकु खोला लगायत अन्य खोला आसपासका बस्ती | | | |
| **चटयाङ** | १,२,३ | | | | |
| | ४ र ५ | | | | |
| **भूकम्प** | सबैवडा | | | | |
| **आगलागी** | सबैवडा | | | | |
| **महामारी** | सबैवडा | निरन्तर | | | |

## २.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

यस गाउँपालिकामा रहेका घरहरूको बनावट हेर्दा ६ रेक्टर स्केल परिमाण भन्दा माथीको भूकम्प नजिकै केन्द्रबिन्दु बनाई गएमा कम्तिमा ३०% घरहरू बस्न नमिल्ने गरि भत्कन सक्ने सम्भावना आंकलन गरिएको छ । यि घरहरु २०७२ को भूकम्प पश्चात भवन मापदण्ड पालना नगरी बनेका हुन् । विगतमा भएका विपद्को क्षतिको विश्लेषण गर्दा २०७२ सालको महाविनाशकारी भुकम्पबाट २४४९ जना को मृत्यू भएको हो भने २११२ घरधुरी पूर्णरुपमा क्षति र ३६१ घरहरु सामान्य क्षति भएको थियो ।

त्यसै गरी हरेक बर्षायाममा हुने गरेको बाढी पहिरोबाट ८९ जना मानिसले ज्यान गुमाएका छन् भने ३५ जना बेपत्ता अवस्थामा रहेको छ *(स्रोतः वडाको सङ्कटासन्नता तथा क्षमता विश्लेषण)* । यस गा.पामा गरिएको भौगर्भिक सर्भेक्षण र वडामा गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषण अभ्यास अनुसार यस गा.पाका सबै वडा पहिरोको हिसाबले उच्च जोखिममा रहेका छन्। निकै उच्च जोखिममा रहेका बस्ती २.४ को तालिकामा प्रस्तुत गरिएको छ।

विपद्को ऐतिहासिक समयरेखालाई विश्लेषण गर्दा हावाहुरीले १०४१ घरहरु पूर्ण क्षति, विद्यालयका भवनहरू लगायत अन्य भौतिक संरचनाहरू क्षति भएको छ। उपलब्ध तथ्याङ्क अनुसार विगतका सुख्खायाममा तथा हावाहुरीका कारण भएका आगलागीको घटनाबाट ४ जनाको मृत्यु हुनुका साथै घरगोठ जलेर नष्ट भएको, घरमा भण्डारण भएको करिब ३० मुरी (प्रतिघर) अन्न जस्तै धान, कोदो, गहुँ, मकै,आलु, भट्मास आदी नोक्सान भएको देखिन्छ। मानिसहरुको लापरवाहीका कारण सार्वजनिक वनक्षेत्रमा पनि वर्षेनि आगलागीका घटना भएको पाईएको छ।

खडेरी वा सुख्खापन दिन प्रतिदिन बढदै गएको छ। २०७२ सालको भूकम्प पछि पानीका कतिपय मुलहरु सुकेको, पहिरोका कारण खानेपानीको मुल पुरिएको र दुषित हुने गरेकोले पानीको अभाव आगामी दिनमा बढ्न सक्ने देखिन्छ।

भोटेकोशी गाँउपालिकाका केही उत्तरी भेग गौरीशंकर संरक्षण क्षेत्रमा पर्ने भएकोले जंगल क्षेत्रको संरक्षण हुन गई जंगली जनावरको सङ्ख्यामा वृद्धि भएको छ। जसका कारण मानव वन्यजन्तु बिचको द्धन्द बढ्दो क्रममा रहेको छ। जङ्गली जनावरको लागि आवश्यक र पर्याप्त खानेकुराको अभाव बढ्दै गएकोले यस्ता जनावरहरू वस्तीमा आई खेतिबाली नष्ट गर्ने क्रम पछिल्लो समय निकै बढ्दै गएको छ। तरकारी, अन्नबाली र पशुचौपायाहरूमा रोग/किटाणुको समस्या बढ्दै गएको छ। जलवायु परिवर्तनका कारण भविष्यमा मौसमजन्य प्रकोपको प्रकृति, मात्रा र यसबाट हुने क्षति अझै बढ्न सक्ने अनुमान गरिएको छ।

२०७६ साल माघदेखि विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ भाईरस (यसका विभिन्न भेरियन्ट) को असर नेपालभरी व्यापकरुपमा फैलिएको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्क अनुसार हाल सम्म नेपालमा १,००१,६६८ मानिसहरु कोभिड-१९ बाट संक्रमित भएका छन् भने १२०२० मानिसले ज्यान ज्यान गुमाएका छन्। सिन्धुपाल्चोक जिल्लालाई हेर्दा यहाँ हालसम्म ७१९३ कोभिड-१९ बाट संक्रमित भएको तथ्याङ्क रहेको छ। जसमा ४३४४ पुरुष र २८४८ महिलाहरु छन्। भोटेकोशी गा.पा. पनि यस महामारीबाट अछुतो रहेन, यस गा.पा.का सबै वडाहरुमा कोभिड-१९ को असर रहेको छ। गा.पा.को पुरानो

तथ्याङ्क अनुसार १२० जना ( महिला ४७ र पुरुष ७३ जना) मानिसहरु संक्रमित भएका छन्। कोभिड-१९ के कारणाले गाउँपालिकाका ४ जना ( महिला २ र पुरुष २ जना) नागरिकको ज्यान गएको छ । कोभिड-१९ भाईरसको प्रकृति र प्रवृत्ती पछिल्लो समयमा परिवर्तन भईरहेकोले कोभिड-१९ अहिले महामारिको रूपबाट हटेको छ।

## २.५ पूर्वसूचना प्रणालीको अवस्था


माथिल्लो भोटेकोशी जलविद्युत परियोजनामा भोटेकोशी नदिको बहाव मापन गर्ने यन्त्र जडान गरिएको छ। नदिको वहावले खतराको स्तर पार गर्नासाथ उक्त यन्त्रले खतराको आवाज दिने र यो सूचना तल्लो तटीय क्षेत्रमा बस्ने समुदायलाई समेत गाउँपालिका र स्थानीय सुरक्षा निकाय मार्फत सम्प्रेषण गर्ने गरिएको छ।

गाउँपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी भारि वर्षा, हावाहुरी, चटचाङ जस्ता विषम मौसम र बाढी, पहिरो, डढेलो, आगलागी लगायतका प्रकोपको पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन गरिदैछ । जल तथा मौसम विज्ञान विभाग र जिल्ला आपत्कालीनज कार्यसञ्चालन केन्द्रमा सम्पर्क गरी विषम मौसम तथा बाढी, पहिरो जस्तो विपद्को सूचना आदान प्रदान गर्ने गरिएको छ। प्रभावमा आधारित पूर्वानुमान र पूर्व सूचना प्रणालीको सहायतामा गाउँ, वडा तथा पहिरो जोखिम रहेका समुदायस्तरमा आवश्यक पूर्वतयारी एवं अग्रीम प्रतिकार्य गर्न कार्ययोजना तयार गरिएको छ ।


**<u>संस्थागत संरचना तथा समन्वय संयन्त्रः-</u>**

विपद् व्यवस्थापनका लागि गाउँपालिकामा गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । साथै, वडा र समुदायमा विपद् विपद् व्यवस्थापन समिति र कार्यदलहरू गठन भई क्रियाशील रहेका छन् । गाउँपालिकामा विपद् जोखिमसम्बन्धी पूर्वसूचना साथै आपत्कालीन अवस्थामा सूचना सम्प्रेषण संयन्त्र तलको चित्र २ मा देखाए बमोजिम छ ।

*चित्र २ क. गाउँपालिका र समुदायस्तरसम्मको पूर्वसूचना संयन्त्र*



*चित्र २ ख. भोटेकोशी गाउँपालिकामा विपद् पूर्वसूचना सञ्चार संयन्त्र*




## २.६ नीतिगत,कानूनी तथा संस्थागत व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९ अनुसार गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण **अनुसूची-८** मा संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ५ वटा विषयक्षेत्र हेर्न व्यक्ति/अगुवा संस्था तोकी सम्बन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ। विषयक्षेत्रका अगुवा संस्था र तिनमा कार्यरत पदाधिकारीहरूको विवरण **अनुसूची-९** मा संलग्न गरिएको छ।

*चित्र ३ स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ५ वटा विषयक्षेत्र*




यस गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा/इकाई स्थापना गरिएको छ। विपद् व्यवस्थापनका कार्यलाई हेर्ने गरी विपद् सम्पर्क व्यक्तिलाई जिम्मेवारी दिइएको छ । यस गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। सो कोषमा आर्थिक वर्ष २०७९/८० मा गाउँपालिका र अन्य श्रोतबाट गरी रकम रु. ७० लाख जम्मा भएको छ। मनसुनजन्य जोखिम व्यवस्थापन गर्न सहयोग हुने गरी मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ। यो योजनाको वार्षिक समीक्षा तथा आवश्यक परिमार्जनको आवश्यकता रहेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले व्यवस्था गरे अनुरूप भोटेकोशी गाउँपालिकामा स्थानीय आपत्कालीन सञ्चालन केन्द्र (Local Emergency Operation Center) को स्थापना भइसकेको छ। स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९, विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, आपतकालिन आश्रयस्थल संचालन कार्यविधिहरु अनुमोदन भई कार्यान्वयनमा आएको छ । आपत्कालिन कार्यसंचालनकार्यविधिको मस्यौदा छलफलको क्रममा रहेको छ ।

## २.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ५ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छ:

### २.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

### २.८.२ खाद्य तथा पोषण क्षेत्र

यो विषय क्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खाने कुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खाने कुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ। जब प्रकोप आउँछ, आपत्काल भन्दा पहिले नै कुपोषित व्यक्तिहरू बिरामी र मृत्युको लागि बढी जोखिममा हुन्छन्। तसर्थ, खाद्य सामग्री उपलब्ध गर्दा नै पोषणलाई ध्यानमा राखी खाद्यको प्रबन्ध मिलाउनु पर्छ।

### २.८.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुर्‍याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महामारीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ। साथै यस विषयक्षेत्रले विपदमा परेका व्यक्तिलाई मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्वन्धि परामर्श समेत दिनेछ।

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, किशोरी किट, डिग्निटि किट, स्नान गृह, शौचालय सामग्री आदि) उपलब्ध गराउने जिम्मेवारी पनि निर्वाह गर्नेछ।

### २.८.४ आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर—खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ। यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। राष्ट्रिय महिला आयोग, बाल कल्याण परिषद, नेपाल प्रहरी संग समन्वय गर्ने, आवश्यक सूचना आदानप्रदान गर्ने र सम्वन्धित विपद् सृजित हिंसा प्रभावितलाई सचेतिकरण गर्ने।

### २.८.५ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ।

## परिच्छेद तीन

## पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ। सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन्। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो।

गाउँपालिकामा बाढी पहिरोको विपद् न्यूनीकरण गर्न देहाय बमोजिम पूर्वतयारी योजना तर्जुमा गरिएको छ ।

(क) विभिन्न प्रकारको जनशक्तिः- वर्षाको पूर्वसूचना प्राप्त गर्ने र सम्प्रेषण गर्ने टोली, समुदायमा पहिरो, भल, ढुङ्गा खस्ने जोखिम निगरानी गर्ने टोली तयार गरी तालिम अभ्यास गरिएको छ ।

(ख) सामान्य खालको उद्धार र कुनै घाउचोट भएमा प्राथमिक उपचार गर्ने टोली (मापदण्ड अनुसार ६ जना) तयार गरी तालिम तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था गरिएको छ । आपत्कालीन आश्रयमा गएकाहरूलाई आवश्यक सहयोग गर्न समितिले कार्यजिम्मेवारी बाँडफाँड गरेको छ ।

(ग) उपलब्ध सुरक्षित आश्रयस्थलले जोखिममा रहेका सबै जनसंख्यालाई पुग्ने अवस्था छ **(तालिका ३८)** । सुरक्षित स्थलमा जाने पहुँच मार्ग पहिचान र मर्मत गरिएको छ । त्यहाँ चाहिने आधारभुत सेवा खानेपानी, शौचालय, खाना पकाउने, सुत्ने आदिको व्यवस्था गर्नुपर्ने अवस्था छ ।

(घ) पाँच वटा विषयक्षेत्र क्लष्टर गठन गरी परिचालन गरिएको छ ।

(ङ) गाउँपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ ।

(च) पहिरोको जोखिममा रहेका समुदायमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरी, क्षमता विकास र परिचालन गर्न शुरु गरिएको छ ।

समग्र पूर्वतयारी क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् ।

*तालिका १७ समग्र पूर्वतयारी क्रियाकलाप*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १। | पहिरो तथा ढुङ्गा खस्ने जोखिम सूचकका बारेमा समुदायमा प्रशिक्षण गर्ने | बैशाख मसान्त भित्र | सम्बन्धित सा. वि. व्य. स. | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्र समूह |
| २। | सामुदायिक विपद् व्यवस्थापन समिति मार्फत बाढी पहिरोको स्थानीय निगरानी गर्न हरेक समुदायमा निगरानी/ | बैशाख मसान्त भित्र | सम्बन्धित सामुदायिक विपद् व्यवस्थापन समिति | वडा अध्यक्ष |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | अनुगमनकर्ता चयन गरी परिचालन गर्ने व्यवस्था मिलाउने । | | | |
| ३। | गाउँपालिकामा समुदायिक विपद् व्यवस्थापन समितिसम्मको पूर्वसूचना संयन्त्र, सञ्चार-वृक्ष तयार गर्ने । | चैत्र मसान्त भित्र | गाउँपालिकाका सबै क्षेत्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्र समूह |
| ४। | गाउँपालिकामा विपद् व्यवस्थापन साथै सम्बन्धित शाखाका कर्मचारी, विषयक्षेत्रका विज्ञ व्यक्ति रहेको पूर्वसूचना कार्यदल/क्लष्टर गठन गर्ने | बैशाख मसान्त भित्र | गाउँपालिका विपद् व्यवस्थापन समिति अन्तर्गत | गाउँपालिका अध्यक्ष |
| ५। | गाउँपालिका विपद् व्यवस्थापन समिति अन्तर्गत आवश्यक विषक्षेत्रगत समुह, कार्यदल (Task Force) गठन गरी परिचालन गर्ने | बैशाख मसान्त भित्र | गाउँपालिका (गठन भएको, अद्यावधिक गर्ने) | गाउँपालिका अध्यक्ष |
| ६। | गाउँपालिका, वडा तथा समुदायिक विपद् व्यवस्थापन समितिमा पूर्वसूचना प्रणाली सम्बन्धी तालिम प्रदान गर्ने | बैशाख मसान्त भित्र | सम्बन्धित सामुदायिक विपद् व्यवस्थापन समूह | विपद् व्यवस्थापन शाखा |
| ७। | पूर्वसूचना तथा उद्धारका लागि आवश्यक सामग्री, प्रविधिको व्यवस्था गर्ने | जेष्ठ मसान्त भित्र | आपतकालिन कार्य संचालन केन्द्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्र समूह |
| ८। | हरेक सामुदायिक विपद् व्यवस्थापन समितिमा उपयुक्त व्यक्ति छनोट गरी प्राथमिक उपचार तालिम प्रदान गर्ने र आवश्यक सामग्री उपलब्ध गराउने । | जेष्ठ मसान्त भित्र | सम्बन्धित सामुदायिक विपद् व्यवस्थापन समूह | स्वास्थ्य/विपद व्यवस्थापन शाखा |
| ९। | गाउँपालिका अन्तर्गत प्रत्येक टोल बस्तीमा रहेका अपाङ्ग, वृद्धवृद्धा र सुत्केरी महिलाहरूको सुची अद्यावधिक गरि उनीहरूलाई सूचना पुग्ने | जेष्ठ मसान्त भित्र | सम्बन्धित सामुदायिक विपद् व्यवस्थापन समूह | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | माध्यम तय गर्ने । (साङ्केतिक भाषाको प्रयोग) | | | |
| १०। | गाउँपालिकामा विभिन्न जोखिम वर्ग (CAT-III ,CAT-II र CAT-I ) मा रहेका प्रत्येक टोल, बस्तीमा बाढी, पहिरोको जोखिममा रहेका घरधुरीको जोखिम अवस्था अद्यावधिक गर्ने । | जेष्ठ मसान्त भित्र | सम्बन्धित सामुदायिक विपद् व्यवस्थापन समूह | विपद् व्यवस्थापन शाखा, |
| ११। | जोखिममा रहेका परिवारलाई स्थानन्तरणका लागि आवश्यक सुरक्षित स्थान, आश्रय भवन, खाद्य सामग्री, त्रिपाल जस्ता सामग्रीको व्यवस्था गर्ने । | जेष्ठ मसान्त भित्र | सम्बन्धित सामुदायिक विपद् व्यवस्थापन समूह | गाउँपालिका अध्यक्ष/ विपद् व्यवस्थापन शाखा |
| १२। | जोखिममा रहेका समुदायमा पशुपक्षीलाई सुरक्षित ठाउँमा सार्न सुरक्षित स्थानको पहिचान र आवश्यक व्यवस्था गर्न सामुदायिक विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । | आवश्यकता अनुसार | सम्बन्धित स्थानीय वि. व्य. स. | पालिका अध्यक्ष/ विपद् व्यवस्थापन शाखा |

सबै प्रकारका विपद् पूर्वतयारीका कार्यहरूलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत रूपमा सामान्य पूर्व तयारीको कार्य योजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छः

### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका १८ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने। | प्रत्येक वर्ष असोज सम्म | गाउँपालिका | प्रत्येक आर्थिक वर्षमा | स्थानीय विपद् व्यवस्थापन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने र तालिम आयोजना गर्ने | प्रत्येक वर्ष मनसुन शुरु हुनु पूर्व | गाउँपालिका र हरेक वडामा | गाउँपालिकामा एक र हरेक वडामा एक एक वटा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | गाउँपालिका | १००० प्रति | सामाजिक विकास शाखा |
| ४ | राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष मंसिर सम्म | गाउँपालिका | १००० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा,वडा कार्यालय, विषयक्षेत्र |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने | प्रत्येक वर्ष पौष सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सूरक्षा निकाय, विषयक्षेत्र |
| ७ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने | निरन्तर | निरन्तर | हरेक वडामा कम्तिमा एक सेट | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने र जिल्ला, छिमेकी गाउँ तथा नगरपालिकामा रहेका सेवाप्रदायक संस्थाको (बाल हेल्पलाईन, राष्ट्रिय महिला आयोग)नक्साङ्कन गर्ने । | निरन्तर | गाउँपालिका | ..... वटा एम्वुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ शाखा |
| ९ | बाढी/पहिरो, भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अध्यावधिक सूची तयार गर्ने | निरन्तर | वडा अनुसार | आवश्यकता अनुसार हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ११ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| १२ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने | आवश्यक्ता अनुसार | हरेक वडामा जोखिममा रहेको समुदाय नजिक | …… वटा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा |
| १३ | बाढी–पहिरो, हिमपात, हावाहुरी, भूकम्प, चटयाङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सूचना दिनको लागि कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि विद्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गर्ने । | निरन्तर | गाउँपालिकामा सञ्चालित एफ.एम, पत्रपत्रिका, एस एमएस, फोन, माईकिङ् आदि | प्रकोपको सम्भावित समय अगावै कम्तिमा २ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १४ | मानिसको ज्यान लिनसक्ने जङ्गली जनावरहरू (जस्तैः भालु, हिउँ चितुवा) बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शिघ्र सूचना दिने प्रणालीको विकास गर्ने | निरन्तर | वडास्तर वा सम्भव भएसम्म वस्तीस्तर | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, समुदाय, विषयक्षेत्र |
| १५ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका तथा वडामा | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| १६ | सरोकारवाला निकायहरुको सम्पर्क सूचीतयार गर्ने। सम्पर्क सूची तयार गर्दा अति जोखिममा रहेका समूहहरू जस्तै अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागारिक, एकल | प्रत्येक वर्ष कार्तिक सम्म | गाउँपालिका तथा वडामा | वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति र विपद् सम्पर्क व्यक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| | महिला, विधवा भएका घरलाई संलग्न गर्ने सन्दर्भमा विद्यमान सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क प्रयोग गर्ने | | | | |

### ३.१.२ खाद्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका १९ खाद्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने | निरन्तर | गाउँपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने, भण्डारण गर्ने सन्दर्भमा व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठनागरिक, आदिलाई फरक फरक प्रकारको खाद्य सामग्री उपयुक्त हुने हुँदा सो व्यक्तिहरूको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | वर्षको २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडास्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |
| ५ | प्रभावित समुदायको कृषि क्षेत्रमा सहयोग पुर्याउन बीउबिजन भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | पालिका स्तर | बर्षमा एक पटक | कृषि शाखा, विषयक्षेत्र |
| ६ | फुड बैंक स्थापना गर्ने। | प्रकोपको सम्भावित समय अगावै | पालिका स्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | विपद् पश्चात महिला, सुतकेरी, बालबालिका, जेष्ठ नागरिक, अपाङ भएको व्यक्तिहरुलाई सरसफाई सामग्री तथा पोषण युक्त खानेकुराहरु सुनिश्चित गर्ने र यसको लागि व्यक्तिको जोखिमता (बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति , आदिलाई विशिष्टीकृत प्रकारको सामग्री उपयुक्त हुने हुँदा सो व्यक्तिहरूको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने | विपद् पश्चात पहिलो प्राथिमिकता | | | स्वास्थ्य शाखा, विषयक्षेत्र |

### ३.१.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २० स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने, यसको लागि व्यक्तिको जोखिमता (बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति , आदिको विशेष प्रकारको आवश्यकता हुने हुनाले ति व्यक्तिहरूको विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क प्रयोग गर्ने | हरेक महिना, औषधिको गुण अनुसार | गाउँ स्तर | २००० जनाको लागि | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | द्रुत्त प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | गाउँ रस्तर | वर्षमा १ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार/अद्यावधिक गर्ने | वडा सङ्ख्या र जनसङ्ख्या अनुसार | गाउँ स्तर | गाउँस्तर:३० जना वडास्तर: ५ जना | स्वास्थ्य शाखा, |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | नियमित | वडास्तर | हरेक वडामा १ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कोभिड-१९ महाव्याधी लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने, अति जोखिममा रहेका व्यक्तिहरूलाई सूचना सुनिश्चित गर्ने तथा कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि विद्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गर्ने | नियमित | जोखिम युक्त वस्तिहरुमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ७ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ८ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने। | प्रकोपको सम्भावित समय अगावै | गाउँस्तर | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ९ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने | निरन्तर | वडा तथा समुदायस्तरमा | हरेक प्रभावित वडाहरु | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |
| १० | लैङ्गिक मैत्री, बाल मैत्री , अपाङ्गता मैत्री अस्थायी शौचालय निर्माण तथा स्नान गृह निर्माणका लागि तालिम सञ्चालन गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडा तथा समुदायस्तरमा | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |
| ११ | खानेपानी तथा सरसफाई बिशेष कोष स्थापना र सञ्चालन गर्ने। | निरन्तर | पालिका स्तर | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |

## ३.१.४ आपत्कालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २१ आपत्कालिन आश्रय,सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने। व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिलाई विशिष्टीकृत प्रकारको सुबिधा आवश्यक हुने हुँदा सो व्यक्तिहरूको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिई सो बमोजिमको आश्रय स्थल निर्माणको सुनिश्चितता गर्ने | प्रकोपको सम्भावित समय अगावै | सबै वडामा | वडाको कुल जनसङ्ख्याको कम्तिमा २० प्रतिशत जनसङ्ख्यालाई पुग्ने | शहरी विकास तथा भवन निर्माण कार्यालयको सहयोगमा पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाईटी |
| २ | सम्भावित आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने। | आवश्यकताअनुसार | थोक विक्रेता/ खुद्रा विक्रेता/ सहकारी/ ठूला कृषक | .......... परिवारका लागि | गाउँपालिका, कृषि शाखा, नेपाल रेडक्रस सोसाईटी |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने। | निरन्तर | सबै वडामा | डाको कुल नसङ्ख्याको म्तिमा २० तिशत नसङ्ख्यालाई ग्ने | पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ४ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने। | निरन्तर | ाउँस्तर, ोदाम घरहरु Warehouse) | कम्तिमा ........ परिवारका लागि | गाउँपालिका, वडा कार्यायल नेपाल रेडक्रस सोसाईटी, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर सञ्चालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने। | आवश्यकता अनुसार | गाउँस्तर | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | लैङ्गिक-मैत्री अस्थायी आश्रय निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने | मनसुन सुरुहुनु भन्दा अगाडी | वडास्तर | हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ७ | महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी पुस्तिका तयार एवम् प्रकाशन गर्ने। | निरन्तर | गाउँस्तर | कम्तिमा ५०० प्रति | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| ८ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट) खरिद गरी भण्डारण गर्ने। यसरी सामग्री खरिद गर्दा , अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक जस्ता सङ्कटासन्न व्यक्तिहरूको फरक फरक आवश्यकता हुने हुनाले सो अनुसारका सामग्री समेत भण्डारण गर्नको लागि आवश्यक तथ्याङ्क विद्यमान सामाजिक सुरक्षा प्रणालीबाट लिने | निरन्तर | गाउँका गोदाम घरहरू | यस्तो जनसङ्ख्याको कम्तिमा २० प्रतिशतलाई पुग्ने | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ९ | उमेर, शारीरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने। व्यक्तिको उमेर र अपाङ्गताको प्रकृति अनुसार आवश्यक पर्ने सहयोगको लागि चाहिने सङ्ख्या निर्धारण गर्न सामाजिक सुरक्षा प्रणालीको समेत तथ्याङ्क प्रयोग गर्ने | तत्काल | गाउँस्तर | १ पटक | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | लैङ्गिक तथा बाल हिंसा न्यूनीकरणका लागि सचेतनामूलक सन्देश प्रशारण गर्ने। | निरन्तर | वडा तथा समुदाय स्तरमा | ५ वटै वडाका प्रमुख बस्तीमा | बालबालिका शाखा, विषयक्षेत्र |
| ११ | महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य लक्षित समुहका लागि आपतकालिन राहत कोष स्थापना गर्ने। | तत्काल | पालिका स्तरमा | एक पटक | गाउँपालिका |
| १२ | हेल्प डेक्सको स्थापना तथा सञ्चालन गर्ने। | तत्काल | पालिका स्तरमा | एक पटक | गाउँपालिका |
| १३ | समुदायस्तरीय संरक्षण प्रणालीको विस्तार तथा क्षमता बिकास गर्ने। | निरन्तर | गाउँस्तर | १ पटक | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| १४ | अग्रपङ्तिमा कार्य गर्ने विद्यालयका शिक्षक, महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श तथा आफ्नो काबु भन्दा बाहिरको समस्या समाधान गर्न सम्बन्धित माथिल्लो निकायमा सिफारिस गर्ने सम्बन्धी तालीम दिने। | प्रत्येक वर्ष १ पटक | गाउँस्तर | हरेक विद्यालयबाट १ जना र हरेक वडाबाट २ जना महिला स्वास्थ्य स्वयंसेविका | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| १५ | विपद्को समयमा परिचालन हुने विषयक्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने/गराउने | निरन्तर | वडास्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला |

### ३.१.५ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २२ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, अपाङ्गता मैत्री, जेष्ठनागरिक मैत्री, | निरन्तर | वडास्तरमा | सबै वडाहरूमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालमैत्री, लैङ्गिक मैत्री शौचालय तथा धाराको व्यवस्था गर्ने। | | | | |
| २ | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तै: सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने। | निरन्तर | गाउँस्तर, वडास्तरमा | गाउँस्तरमा एक र वडास्तरमा एक | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा र विषयक्षेत्र |
| ३ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शिघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने। | प्रत्येक वर्ष एक पटक | गाउँस्तर | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा, उद्योग, पर्यटन, व्यवपार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यन्वयन गर्ने। | विपद् पश्चात तत्काल | गाउँस्तर | प्रभावित समूदायमा | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, उद्योग वाणिज्य संघ |

## ३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ। यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन्। यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ।

पूर्वानुमानमा आधारित पूर्व कार्य गर्दा अति जोखिममा रहेका व्यक्तिहरुलाई सुचना सम्प्रेषण गर्ने, राहत (नगद तथा सामग्री वितरण) व्यवस्थापन गर्ने, सुरक्षित आश्रय स्थलमा स्थानान्तरण गर्ने , खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि गतिबिधि गर्ने, संरचना निर्माण गर्ने जस्ता विभिन्न विपद पूर्वकार्यहरु कार्यन्वयन गर्दा सामाजिक सुरक्षा प्रणालीमा आबद्ध लाभग्राहीहरुको संकटासंन्नतालाइ मध्यनजर गरि उक्त कार्यहरु कम खर्चिलो, छिटो र प्रभावकारी बनाउनका लागि बिध्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गरिने छ ।

गाउँपालिकामा बाढी, पहिरोको जोखिम सम्बन्धी पूर्वसूचनाको आधारमा गरिने अग्रीम प्रतिकार्य देहाय बमोजिम हुनेछ ।

(क) वर्षाको पूर्वानुमान र यसको सम्भावित प्रभावको आधारमा, साथै

(ख) समुदायले पहिरो, ढुङ्गा खस्ने र भल बाढीको जोखिम अवस्थाको निगरानी गरेर ।

माथि (क) बमोजिमको वर्षाको पूर्वानुमान जल तथा मौसम विज्ञान विभागबाट प्राप्त गरिनेछ साथै विभागसँग समन्वय गरी गाउँपालिका क्षेत्रमा वर्षामापन केन्द्रबाट वर्षाको तत्कालिक अनुगमनको व्यवस्था मिलाइने छ । (ख) बमोजिमको जोखिम अनुगमनका लागि सम्बन्धित समुदायिक विपद् व्यवस्थापन समिति मार्फत स्थानीय समुदायलाई आ-आफ्नो क्षेत्रमा पहिरो तथा भलबाढीको जोखिम अनुगमन गर्न परिचालन गरिने छ । साथै आर्थिक, प्राविधिक हिसाबले सम्भव भएसम्म पहिरो जोखिम अनुगमन प्रविधि जडान गरिनेछ ।

विभिन्न अवधिको मौसम पूर्वानुमानको सूचना र स्थानीय निगरानीको आधारमा विपद् जोखिम अवस्थाको जानकारी आदानप्रदान गर्न गाउँपालिकाको विपद् सम्पर्क अधिकारीको संयोजकत्वमा गाउँपालिकास्तरमा जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्र समूह र सूचना संप्रेषण संयन्त्र (चित्र १क र ख) गठन गरिएको छ । जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्र समूहको विवरण **अनुसूची -९** मा राखिएको छ । सूचना संप्रेषण संयन्त्र मार्फत सम्बन्धित समुदायमा पूर्वसूचना र सम्बन्धित जानकारी पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

उपरोक्त अनुसार दुबै स्रोतबाट प्राप्त हुने सूचनाका आधारमा गाउँपालिका अन्तर्गतका विपद् व्यवस्थापन समितिले आवश्यक कदम चाल्नेछन् ।

गाउँपालिकामा विपद् व्यवस्थापन सम्पर्क अधिकारी साथै स्वास्थ्य, शिक्षा, योजना, कृषि, पशुसेवा, प्रशासन, सामाजिक विकास, महिला तथा बालबालिका लगायतका सम्बन्धित शाखाका कर्मचारी, विषयक्षेत्रका विज्ञ व्यक्ति रहेको विषयक्षेत्रगत समूह/क्लष्टर परिचालन गरिनेछ ।

मौसम पूर्वानुमान तथा पहिरो जोखिमको स्थानीय निगरानीबाट प्राप्त पूर्वाभासका आधारमा देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

### १। मनसुन परिदृष्यको सूचना

जल तथा मौसम विज्ञान विभागले सामान्यतया बैशाख महिनामा आगामी बर्खामा समग्र वर्षाको अवस्थाको मोटामोटी अनुमान (मनसुन आउटलुक) उपलब्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । यो जानकारी गाउँपालिकामा प्राप्त भएपछि सम्बन्धित विषयक्षेत्रका कर्मचारी तथा सरोकारवालासँग परामर्श गरी गाउँपालिका क्षेत्रमा मनसुन अवधिमा हुनसक्ने प्रभावको अनुमान गरिनेछ ।

मनसुनी वर्षा शुरु भएपछि समुदायमा स्थानीय तवरमा पहिरो जोखिमको निगरानी गर्न र निगरानीकर्ताले पहिरोको जोखिम बढेको, वा अरु सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने खबर ल्याउने व्यवस्था गर्न सम्बन्धित वडा तथा सामुदायिक विपद् व्यवस्थापन समिति परिचालन गरिनेछ ।

मनसुन परिदृष्य प्राप्त भएपछि गाउँपालिकास्तरमा गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् ।

*तालिका २३ मनसुन परिदृष्य प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रीम प्रतिकार्यका क्रियाकलाप*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १। | मनसुन परिदृष्य अनुसार गाउँपालिका क्षेत्रमा पर्न सक्ने सम्भावित प्रभावको विश्लेषण गरी स्थानीय परिदृष्य तयार गर्ने । | मनसुन परिदृष्य प्राप्त भएको तीन दिन भित्र | गाउँपालिकाको कार्यालय | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह संयोजक |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| २। | स्थानीय परिदृष्य सहितको मनसुन परिदृष्य समुदायसम्म जानकारी गराउने | मनसुन परिदृष्य प्राप्त भएको चार दिन भित्र | गाउँपालिकाका सबै समुदाय, सरोकारवालासम्म | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह संयोजक |
| ३। | पहिरो तथा ढुङ्गा खस्ने जोखिम सूचकका निगरानीकर्तालाई प्रशिक्षण प्रदान गर्ने | जेठ १० अगावै | सबै वडाका सा. वि. व्य. स. | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह संयोजक |
| ४। | वर्षाको तत्काल अनुगमन गर्न वर्षामापन केन्द्रको स्तरोन्नति र थप केन्द्र साथै गाउँपालिकामा डिस्प्ले बोर्ड स्थापना गर्न जल तथा मौसम विज्ञान विभागसँग समन्वय गर्ने । | चैत्र मसान्त अगावै | | विपद् व्यवस्थापन सम्पर्क अधिकारी |
| ५। | गाउँपालिकाको समुदायिक विपद् व्यवस्थापन समितिका कार्यदलसम्मको पूर्वसूचना संयन्त्र र सञ्चार वृक्ष अद्यावधिक गर्ने । | जेठ १० अगावै | गाउँपालिकाका सबै समुदायसम्म | आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ६। | गाउँपालिका/स्थानीय विपद् व्यवस्थापन समितिको बैठक गरी पूर्वतयारीको समिक्षा र अपुग तयारी पुरा गर्ने विषयमा छलफल गर्ने । | खबर पाएको सात दिन भित्र | गाउँपालिका कार्यालय वा तोकिएको ठाउँमा | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| ७। | विभिन्न स्तरको जोखिममा रहेका समुदाय तथा घरधुरीको तथ्याङ्क अध्यावधिक गर्ने | बैशाख मसान्त भित्र | गाउँपालिकाको डाटावेसमा | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह संयोजक |
| ८। | बाढीपहिरोको जोखिममा रहेका समुदायमा रहेका विभिन्न प्रकारको अपाङ्गता भएका, बालबालिका, वृद्धवृद्धाको तथ्याङ्क विवरण अद्यावधिक गर्ने | जेठ ५ भित्र | गाउँपालिकाको कार्यालय | सामाजिक विकास शाखा |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| ९। | क्षेत्रगत सरोकारवालासँग समन्वय र बैठक : शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय बजार, सञ्चार, विद्युत, यातायात, सुरक्षा निकायहरू, दुरसञ्चार, पत्रकार आदि । | जेठ ५ भित्र | गाउँपालिका क्षेत्र | सम्बन्धित विषयक्षेत्रगत समूहको नेतृत्व |
| १०। | सुरक्षित स्थानहरूको विवरण अद्यावधिक गर्ने साथै अपुग स्थान पूर्ति गर्न थप स्थानको पहिचान र निर्धारण गर्ने, गराउने | जेठ ५ भित्र | गाउँपालिकाको सबै क्षेत्र | सम्बन्धित वडा अध्यक्ष |
| ११। | विपद् प्रतिकार्यको लागि आवश्यक बजेट तथा सामग्रीको व्यवस्था गर्ने | जेठ मसान्तभित्र | विपद् व्यवस्थापन शाखा | गाउँपालिका अध्यक्ष |
| १२। | बैशाख — असारको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने । | जेठ दोस्रो हप्ता | गाउँपालिका सबै समुदायमा | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| १३। | बाढी पहिरोको उच्च जोखिममा रहेका बस्ती, घरधुरी सुरक्षित ठाउँमा सर्न अनुरोध गर्ने । | गाउँपालिका/ स्थानीय वि.व्य. समितिको बैठकको निर्णय बमोजिम | गाउँपालिकाका सबै समुदायमा | विपद् व्यवस्थापन सम्पर्क अधिकारी |
| १४। | परिदृष्यका आधारमा विषयक्षेत्रगत समुहको योजना अद्यावधिक गर्ने । | जेठको पहिलो हप्ता | गाउँपालिकाको कार्यालय | विषयक्षेत्रगत समूह नेतृत्व |
| १५। | सामुदायिक विपद् व्य.स.लाई सम्भव हुने जोखिम अल्पीकरण गर्न अनुरोध गर्ने । | चैत्र मसान्त भित्र | सबै वडा | वडा अध्यक्ष |
| १६। | गाउँपालिका आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाउने । | बैशाख मसान्त भित्र | गाउँ कार्यपालिका कार्यालय | प्रमुख प्रशासकीय अधिकृत |
| १७। | समुदायमा तथा गाउँपालिका स्तरमा परिदृष्यमा आधारित नमुना घटना अभ्यास गर्ने | बैशाख मसान्त भित्र | सम्बन्धित समुदाय तथा गाउँपालिका स्तरमा | समग्र व्यवस्थापन, खोज तथा उद्धार विषयक्षेत्रगत समूह नेतृत्व |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १८। | घटना अभ्यासका आधारमा देखिएका कमिकमजोरी सुधार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन गर्ने | जेठ १० भित्र | गाउँपालिका, वडा र सम्बन्धित समुदाय | विपद् व्यवस्थापन सम्पर्क अधिकारी |
| १९। | आवश्यक सेवाका सामग्री पायक पर्ने सुरक्षित स्थानमा भण्डारण गर्ने गराउने | जेठ १० अगावै | गाउँपालिका क्षेत्र तथा अन्य पायक पर्ने ठाउँ | आपत्कालीन आश्रय, शिविर समन्वय तथा व्यवस्थापन र गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| २०। | पहिरोको जोखिमयुक्त ठाउँमा जमिन चर्केको, धाँजा फाटेको भए समुदायबाट पुर्न, भल कटाउन परिचालन गर्ने र समुदायले एक्लै नसक्ने ठाउँमा गाउँपालिकाले समन्वय गर्ने | जेठ १० अगावै र तत्पश्चात निरन्तर | गाउँपालिकाका सबै समुदायमा | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| २१। | जोखिममा रहेका समुदायमा पशुपक्षीलाई सुरक्षित ठाउँमा सार्न सुरक्षित स्थानको विवरण अद्यावधिक गर्ने । | बैशाख मसान्तसम्म | गाउँपालिका क्षेत्र तथा अन्य पायक पर्ने ठाउँ | आपत्कालीन आश्रय, शिविर समन्वय तथा व्यवस्थापन र गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| २२। | वर्षायाममा खाद्यान्य, औषधि तथा अन्य आवश्यक सामाग्री, सेवा अभाव हुन नदिन आवश्यक व्यवस्थाका लागि गाउँपालिका क्षेत्रका सुरक्षा निकाय ,यातायात व्यवसायी , उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी र अन्य आवश्यक निकायसँग समन्वय गर्ने र चाहिने सामग्रीहरूको भण्डारण र तयारी गर्न लगाउने । | जेठ पहिलो हप्ता | गाउँपालिका क्षेत्र तथा अन्य पायक पर्ने ठाउँ | गाउँपालिकाको सम्बन्धित शाखा, सम्बन्धित विषयक्षेत्रगत समूह नेतृत्व । |
| २३। | विद्यालय व्यवस्थापन समिति, शिक्षकसगँ | जेठ १५ अगावै | गाउँपालिकामा रहेका सबै | शिक्षा शाखा, आपत्कालीन आश्रय, |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | वर्षायाममा हुनसक्ने विपद् जोखिम र अपनाउनुपर्ने सावधानीका बारेमा छलफल गर्ने विद्यालय सुरक्षा योजना कार्यान्वयन गर्न अनुरोध गर्ने । | | विद्यालयका सबै कक्षामा | शिविर समन्वय तथा व्यवस्थापन र गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| २४। | विद्यालय परिसर साथै विद्यालय जान, आउन बाटोमा बाढी, पहिरोको जोखिमयुक्त ठाउँमा विशेष सतर्कता अपनाउन लगाउने । | जेठ १५ अगावै र तत्पश्चात निरन्तर | गाउँपालिकामा रहेका सबै विद्यालय र त्यहाँ जाने, आउने मार्ग | शिक्षा शाखा |
| २५। | पहिरोग्रस्त सडकखण्डमा सूचना बोर्ड राख्ने व्यवस्था गर्ने, गराउने । | जेठ १५ अगावै | बैठकको निर्णयमा तोकिएको स्थान, क्षेत्र । | प्रमुख प्रशासकीय अधिकृत |
| २६। | पूर्वतयारी, उद्धार र राहतका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन सम्बन्धित अन्य निकायसँग समन्वय गर्ने | मनसुन शुरु हुनु अगावै | अन्य स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश र संघीय निकाय, संघसंस्था | गाउँपालिका अध्यक्ष, विपद् व्यवस्थापन सम्पर्क अधिकारी |
| २७। | गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग उपलब्ध गराउने सहयोग र परिमाण यकिन गरी लिखित सम्झौता गर्ने | जेठ १० भित्र | गाउँपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत |
| २८। | मनसुन परिदृष्य बमोजिम आवश्यकता अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन गर्ने । | मनसुन शुरु हुनु अगावै | गाउँपालिकाको कार्यालय | विपद् व्यवस्थापन अधिकारी |

## २। दुई हप्ता अगावै प्राप्त हुने (पन्ध्र दिनको) मौसम पूर्वानुमान सूचना

जल तथा मौसम विज्ञान विभागले आगामी १५ दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । यो जानकारी गाउँपालिकामा प्राप्त भएपछि सम्बन्धित विषयक्षेत्रका कर्मचारी तथा सरोकारवालासँग परामर्श गरी गाउँपालिका

क्षेत्रमा हुनसक्ने प्रभावको विश्लेषण गरिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । विगतको अनुभवमा यस्तो अवधिको पूर्वानुमान कमै भएको पाइन्छ तापनि उपलब्ध भएमा यो पूर्वानुमान महत्वपूर्ण हुने भएकोले यस योजनामा समावेश गरिएको छ । यो खबर पाएपछि १५ दिन भित्र भारि वर्षा हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो हुन सम्बन्धित वडा, समुदाय तथा सरोकारवालालाई सजग गराई आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाइने छ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट गाउँपालिकास्तरीय सूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ, स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट वा अरु सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा जोखिममा रहेका समुदायलाई सार्न सम्भव हुने धनमाल सहित तत्कालै सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ । निगरानीबाट यति समय भित्रै पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने निश्चित गर्न सम्भव हुँदैन । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

**गाउँपालिकामा दुई हप्ता अगावै (पन्ध्र दिनको) मौसम पूर्वानुमान सूचना** प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

*तालिका २४ दुई हप्ता अगावै प्राप्त हुने मौसम पूर्वानुमान सूचनाको पूर्वतयारी तथा अग्रीम प्रतिकार्य*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १। | सूचनाको विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने | दुई दिन भित्र | गाउँपालिका कार्यालय, आपत्कालीन कार्यसञ्चालन केन्द्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| २। | सामुदायिक विपद् व्य.स., समुदाय र सरोकारवालालाई सुझाव सहितको परिमार्जित सूचना सम्प्रेषण गर्ने । | तीन दिन भित्र | गाउँपालिकाका सबै वडा, समुदाय र क्षेत्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ३। | समुदायमा त्रास फैलिन नदिन सचेतना कार्यक्रम सञ्चालन गर्ने, गराउने । | पूर्वसूचना सम्प्रेषणसँगै | सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| ४। | पूर्वानुमानमा अन्तरनिहित अनिश्चितता (False alarm) को बारेमा आम समुदायलाई सचेत गर्ने र सञ्चार माध्यमलाई पनि यस विषयमा अवगत गराउने । | पूर्वसूचना सम्प्रेषणसँगै र निरन्तर | सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ५। | विभागबाट सूचना प्राप्त भएको तीन दिन भित्र स्थानीय विपद् व्यवस्थापन समितिको बैठक गर्ने । उक्त बैठकमाः- | तीन दिन भित्र | गाउँपालिकाको कार्यालय वा तोकिएको स्थान | गाउँपालिका अध्यक्ष |
| | मनसुन परिदृष्य प्राप्त भएपछि बसेको बैठकले गरेका निर्णयहरू बमोजिमका काम पुरा भए नभएको पुनरावलोकन गरी अपुरा काम तत्काल पुरा गर्ने, गराउने । | बैठकमा निर्णय भए बमोजिम | गाउँपालिका, तोकिएको वडा, समुदाय वा निकाय | गाउँपालिका अध्यक्ष |
| | बाढीपहिरोको उच्च जोखिममा रहेका घरधुरीलाई सुरक्षित स्थानमा सर्न अनुरोध गर्ने । | गाउँकार्यपालिकाको बैठकको निर्णय पश्चात तत्कालै | सम्बन्धित समुदाय सबै | विपद् व्यवस्थापन सम्पर्क अधिकारी |
| | बालबालिका, अपाङ्गता भएका, वृद्धवृद्धा, गर्भवती, सुत्केरी लगायतका जोखिम समूहका व्यक्तिहरूलाई सुरक्षित ठाउँमा राख्न लगाउने । | गाउँकार्यपालिकाको बैठकको निर्णय पश्चात तत्कालै | सम्बन्धित समुदाय सबै | महिला तथा बालबालिका शाखा प्रमुख |
| | जोखिम क्षेत्रमा रहेका समुदायका पशुपक्षीलाई सुरक्षित ठाउँमा सार्न अपिल गर्ने वा अनिवार्यरूपमा सार्न लगाउने । | गाउँकार्यपालिकाको बैठकको निर्णय पश्चात तत्कालै | सम्बन्धित समुदाय सबै | पशुसेवा शाखा प्रमुख |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| ६। | सुरक्षित स्थानमा आवश्यक सामग्री र आधारभुत सेवा सुविधाको निरीक्षण गरी अपुग क्षमताको परिपूर्ति गर्ने गराउने । | गाउँकार्यपालिकाको बैठकको निर्णयमा तोकिए बमोजिम | गाउँकार्यपालिकाको बैठकको निर्णयमा तोकिएका स्थान | आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| ७। | विपद् व्यवस्थापन र क्षति न्यूनीकरणका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने । | गाउँकार्यपालिकाको बैठकको निर्णयमा तोकिए बमोजिम | गाउँकार्यपालिकाको बैठकको निर्णयमा तोकिएका स्थान | वडा अध्यक्ष, सम्बन्धित विषयक्षेत्रगत समूह नेतृत्व |
| ८। | राजमार्ग तथा अन्य सडक आसपासमा पहिरो, खहरे तथा ढुङ्गा खस्ने जोखिम निगरानीलाई थप क्रियाशिल बनाउने । | वर्खायमा भरि निरन्तर | अरनिको राजमार्ग तथा समुदायमा पुग्ने पहुँचमार्गहरू | प्रमुख प्रशासकीय अधिकृत |
| ९। | अवस्था हेरी जोखिममा रहेका समुह तथा समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने । | गाउँकार्यपालिकाको बैठकको निर्णयमा तोकिए बमोजिम | गाउँ कार्यपालिकाको बैठकको निर्णयमा तोकिएका स्थान | वडा अध्यक्ष, आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| १०। | मौसमको आगामी सूचनाको ख्याल गर्न साथै आतङ्कित नभई पूर्वतयारी र सजग रहन सूचना गर्ने, आपत्कालीन अवस्थामा गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्य र जिम्मेवारीका बारेमा समुदाय र सरोकारवालालाई उचित सञ्चार माध्यमबाट जानकारी गराउने | पूर्वानुमानको सूचना सम्प्रेषणसँगै र उपयुक्त समयमा निरन्तर | गाउँपालिका क्षेत्रका सम्बन्धित समुदाय र सरोकारवाला सबै | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ११। | विपद् प्रतिकार्यका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्नुपर्ने देखिए व्यापारी तथा सेवा प्रदायकलाई आवश्यक बन्दोबस्ति गर्न सूचना गर्ने | पूर्वानुमान प्राप्त भएको पाँच दिन भित्र | पहिचान गरिएका व्यापारी तथा सेवा प्रदायक | प्रमुख प्रशासकीय अधिकृत, विपद् व्यवस्थापन शाखा |

### ३। एक हप्ता अगावै प्राप्त हुने (सात दिनसम्मको) मौसम पूर्वानुमान सूचना

जल तथा मौसम विज्ञान विभागले आगामी सात दिन (सामान्यतया आगामी तीन दिनदेखि सात दिनसम्म) मा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । यो खबर पाएपछि आगामी सात दिन भित्र भारि वर्षा शुरु हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गराइनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र गाउँपालिकास्तरीय पूर्वसूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट वा अरु सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा जोखिममा रहेका समुदायलाई सार्न सम्भव हुने धनमाल सहित सुरक्षित स्थानमा तत्कालै स्थानान्तरण गर्न पहल गरिनेछ । सामान्यतया निगरानीबाट यति समय भित्रै पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने निश्चित गर्न सम्भव हुँदैन । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

**गाउँपालिकामा एक हप्ता अगावै (सात दिनसम्मको) मौसम पूर्वानुमान सूचना** प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

*तालिका २५ एक हप्ता अगावै (सात दिनसम्मको) मौसम पूर्वानुमान सूचनाको पूर्वतयारी तथा अग्रीम प्रतिकार्य*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १। | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने | तत्कालै | आपत्कालीन कार्यसञ्चानल केन्द्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| २। | सुझाव सहितको परिमार्जिक सूचना जारि गर्ने, पूर्वसूचना संयन्त्र मार्फत संप्रेषण गर्ने । | परिमार्जन भएपछि | पूर्वसूचना संयन्त्र मार्फत सबै समुदाय, सरोकारवालासम्म | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ३। | विभागबाट सूचना प्राप्त भएको दुई दिन भित्र गाउँपालिका/स्थानीय विपद् | दुई दिन भित्र | गाउँपालिकाको कार्यालय वा तोकिए बमोजिम | गाउँपालिका अध्यक्ष |

| क.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | व्यवस्थापन समितिको बैठक गर्ने । | | | |
| ४। | भलबाढी, पहिरो तथा ढुङ्गा खस्ने जोखिमको स्थानीय निगरानी थप सक्रिय बनाउने । | तत्काले र निरन्तर | गाउँपालिकाको सबै क्षेत्र र समुदायमा | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ५। | समुदायको निगरानीबाट प्राप्त सूचना अनुसार आवश्यक जोखिम कम गर्ने र जोखिममा रहेका समुदायलाई सुरक्षित स्थानमा सर्न लगाउने | बैठकको निर्णय बमोजिम तत्काले | सम्बन्धित स्थान र समुदाय | वडा अध्यक्ष, आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| ६। | वडा र साविव्यसलाई सुरक्षित स्थानहरू र सामग्री अद्यावधिक गर्न अनुरोध गर्ने । | बैठकको निर्णय बमोजिम | सबै वडा र समुदायमा | आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| ७। | सुरक्षित आश्रयस्थलमा जाने बाटो तथा आधारभुत सेवा, सामग्री सुचारु गर्ने, गराउने । | बैठकको निर्णय बमोजिम तत्काले | बैठकको निर्णयमा तोकिए बमोजिमका स्थानमा | आपत्कालीन आश्रय, शिविर समन्वय तथा गैरखाद्य सामग्री विषयक्षेत्रगत समूह नेतृत्व |
| ८। | विपद्को बेला बिजुली र टेलिफोन नेटवर्क हुन नसक्ने हुदाँ सोलार बत्ती, चार्जर ,रिचार्ज कार्ड जस्ता सामग्रीको जोहो गर्न लगाउने । | निरन्तर | गाउँपालिका क्षेत्रका सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ९। | उच्च जोखिममा रहेका समुदाय सुरक्षित स्थानमा सर्न बाँकी भए सर्न अनुरोध गर्ने, सार्ने । | बैठकको निर्णय बमोजिम | सम्बन्धित वडा, समुदायमा | प्रमुख प्रशासकीय अधिकृत |
| १०। | बाढीपहिरोको जोखिममा रहेका समुदायका पशुपक्षीलाई सुरक्षित स्थानमा सार्न अनुरोध गर्ने । | बैठकको निर्णय बमोजिम | सम्बन्धित वडा, समुदाय | पशुसेवा शाखा प्रमुख |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| ११। | मौसमको आगामी सूचनाको ख्याल गर्न साथै आतङ्कित नभई पूर्वतयारी र सजग रहन सूचना गर्ने, आपत्कालीन अवस्थामा गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्य र जिम्मेवारीका बारेमा समुदाय र सरोकारवालालाई उचित सञ्चार माध्यमबाट सचेतना कार्यक्रम सञ्चालन गर्ने । | सूचना सम्प्रेषणसँगै र निरन्तर | सम्बन्धित समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| १२। | भारि वर्षा, भलबाढी तथा पहिरोबाट क्षति हुन सक्ने बालिनालि स्याहार्न सकिने अवस्थामा भए स्याहार्न अनुरोध गर्ने । | सूचना सम्प्रेषणसँगै र निरन्तर | सम्बन्धित समुदाय | कृषि शाखा |
| १३। | जिल्ला प्रशासन कार्यालय/आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वयमा रहने । | आवश्यकता अनुसार | गाउँपालिकाको कार्यालय | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| १४। | गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउने सक्ने सहयोग तयारी अवस्थामा राख्न अनुरोध गर्ने, | बैठकको निर्णय बमोजिम | संघसंस्थाको कार्यालय | विपद् व्यवस्थापन सम्पर्क अधिकारी |

## ४। तीन दिन अगावै प्राप्त हुने (आगामी तीन दिनसम्मको) मौसम पूर्वानुमान सूचना

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । यो खबर पाएपछि आगामी तीन दिन भित्र भारि वर्षा शुरु हुन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गराइनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट गाउँपालिकास्तरीय पूर्वसूचना तथा आपत्कालीन सञ्चार संयन्त्र मार्फत सम्बन्धित समुदायमा

पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ, स्थानीय तवरमा पहिरो जोखिमको निगरानी वा विभिन्न सूचकका आधारमा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त गर्न सकिनेछ । यसमा यति समय भित्रै पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने ठोकुवा गर्न सकिने चाहिँ हुँदैन । तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

**आगामी तीन दिनसम्मको मौसम पूर्वानुमान सूचना** प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

*तालिका २६ तीन दिन अगावै प्राप्त हुने मौसम पूर्वानुमान सूचनाको पूर्वतयारी तथा अग्रीम प्रतिकार्य*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १। | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने | तत्कालै | आपत्कालीन कार्यसञ्चालन केन्द्र, गाउँकार्यपालिकाको कार्यालय | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| २। | परिमार्जित सूचना जारि गर्ने, पूर्वसूचना सञ्चार संयन्त्र मार्फत सम्प्रेषण गर्ने | परिमार्जन भएपछि तत्कालै | गाउँपालिकाको सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ३। | विभागबाट सूचना प्राप्त भएको छ घण्टा भित्र स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी छलफल गर्ने । | छ घण्टा भित्र | गाउँपालिकाको कार्यालय वा तोकिएको स्थान | गाउँपालिका अध्यक्ष |
| ४। | अवस्था हेरी माइकिङ गर्ने, साइरन बजाउने । समुदायमा पनि माइकिङ गरी सूचना गर्न, पूर्वनिर्धारित सङ्केत बमोजिम साइरन, सिट्ठी बजाउन सुझाव दिने । | बैठकको निर्णय बमोजिम | तोकिएका स्थान, समुदाय | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ५। | जोखिममा रहेका समुदायलाई सुरक्षित ठाउँमा सर्न अनुरोध गर्ने | बैठकको निर्णय बमोजिम | तोकिएका समुदाय | विपद् सम्पर्क अधिकारी |
| ६। | स्थानीय जोखिम निगरानीलाई थप सक्रिय बनाउने | तत्कालै र वर्खायाम भरि निरन्तर | सबै क्षेत्र र समुदाय | वडा अध्यक्ष, जोखिम पूर्वानुमान तथा सूचना |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| | | | | विषयक्षेत्रगत समूह नेतृत्व |
| ७। | समुदायमा सचेतना सञ्चालन गर्ने | वर्खायाम भरि निरन्तर | सबै क्षेत्र र समुदाय | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व, सम्बन्धित विषयक्षेत्रगत समूह नेतृत्व |
| ८। | विभागसँग सम्पर्कमा रही मौसम सम्बन्धी अद्यावधिक जानकारी लिने | आवश्यकता अनुसार निरन्तर | आपत्कालीन कार्यसञ्चालन केन्द्र | आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख |
| ९। | विषयक्षेत्रहरू सक्रिय बनाउने । | बैठकको निर्णय बमोजिम | गाउँपालिका | सबै विषयक्षेत्रगत समूह नेतृत्व |
| १०। | अस्थायी आश्रयस्थलमा सरेका समुदायलाई आवश्यक आधारभुत सेवा सुविधा र सुरक्षाको व्यवस्था गर्ने, गराउने | आश्रयस्थलमा सम्बन्धित परिवार बसोबास गर्न शुरु गरेपछि | सम्बन्धित आश्रयस्थल | सबै विषयक्षेत्रगत समूह नेतृत्व। |
| ११। | सुरक्षा निकायसँग समन्वय गरी सम्भावित सहायता आवश्यकताबारे जानकारी गराउने । | तत्कालै | गाउँपालिका र नजिक अवस्थित सुरक्षा निकाय | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| १२। | जिल्ला प्रशासन कार्यालय/आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वयमा रहने । | आवश्यकता अनुसार | गाउँपालिकाको कार्यालय | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| १३। | भारि वर्षा, आँधिबेहरी ,असिना, भलबाढीबाट क्षति हुन सक्ने बालिनालि प्रकोप आउनु अगावै स्याहार्न सकिने भए स्याहार्न किसानलाई सुझाव दिने । | अवस्था अनुसार | गाउँपालिका भरि | कृषि शाखा, पूर्वानुमान सूचनामा नै सुझाव समावेश गरिने। |

## ५। चौबीस घण्टा अगावै प्राप्त हुने (एक दिनसम्मको) मौसम पूर्वानुमान सूचना

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ । गाउँपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन आदिबाट साथै विभागबाट प्रभावमा आधारित मौसम पूर्वानुमान सूचना मार्फत सोझै प्राप्त गर्न सकिनेछ । वर्षा लागेपछि

यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ । तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गरिनेछ ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट गाउँपालिकास्तरीय जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह र गाउँपालिका स्तरीय सूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।

अर्कोतर्फ, स्थानीय तवरमा पहिरो जोखिमको निगरानीबाट बिभिन्न सूचकका आधारमा अब पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त गर्न सकिनेछ । जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

**गाउँपालिकामा चौबीस घण्टाको मौसम पूर्वानुमान सूचना** प्राप्त भएपछि देहाय बमोजिम पूर्वतयारी तथा अग्रीम प्रतिकार्य गरिनेछ ।

*तालिका २७ चौबीस घण्टा अगावै प्राप्त हुने मौसम पूर्वानुमान सूचनाको पूर्वतयारी तथा अग्रीम प्रतिकार्य*

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| १। | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने | तत्कालै | गाउँपालिकाको कार्यालय, आपत्कालीन कार्यसञ्चालन केन्द्र | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| २। | परिमार्जित सूचना जारि गर्ने, पूर्वसूचना संयन्त्र मार्फत सबै समुदाय र सरोकारवालालाई सम्प्रेषण गर्ने । | परिमार्जन भएपछि तत्कालै | गाउँपालिकाको सबै समुदाय र सरोकारवाला | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |
| ३। | विभागबाट सूचना प्राप्त भएको एक घण्टा भित्र गाउँकार्यपालिका वा तोकिएका अधिकारीहरूको को बैठक गरी छलफल गर्ने । | एक घण्टा भित्र | गाउँपालिकाको कार्यालय वा तोकिएको स्थान | गाउँपालिका अध्यक्ष |
| ४। | आवश्यकता अनुसार माइकिङ गर्ने, समुदायमा साइरन बजाउने, पूर्वसङ्केत अनुसार साइरन बजाउन लगाउने । | बैठकको निर्णय अनुसार | तोकिएको स्थान, समुदाय | जोखिम पूर्वानुमान तथा सूचना विषयक्षेत्रगत समूह नेतृत्व |

| क्र.सं. | क्रियाकलाप | समय अवधि | स्थान | मुख्य जिम्मेवार |
|---|---|---|---|---|
| ५। | स्थानीय निगरानीलाई थप सकृय बनाउने | तत्कालै | सबै क्षेत्र, समुदाय | वडा अध्यक्ष, जोखिम पूर्वानुमान तथा सूचना समूह नेतृत्व |
| ६। | जोखिममा रहेका समुदायलाई अनिवार्यरूपमा सुरक्षित ठाउँमा सर्न अनुरोध गर्ने | बैठकको निर्णय अनुसार | तोकिएको स्थान, समुदाय | विपद् सम्पर्क अधिकारी |
| ७। | आवश्यकता अनुसार बल प्रयोग गरी समुदायलाई बाढी पहिरोको जोखिम क्षेत्रबाट सुरक्षित स्थानमा सार्ने | बैठकको निर्णय एवं प्रचलित कानुन बमोजिम | तोकिएको स्थान र समुदाय | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| ८। | विषयक्षेत्र (क्लष्टर) सक्रिय गराउने | बैठकको निर्णय अनुसार | गाउँपालिका | सबै विषयक्षेत्रगत समूह नेतृत्व |
| ९। | अस्थायी आश्रयस्थलमा सरेका समुदायलाई आवश्यक आधारभुत सेवा सुविधा र सुरक्षाको व्यवस्था गर्ने, गराउने | आश्रयस्थलमा सम्बन्धित परिवार बसोबास गर्न शुरु गरेपछि | सम्बन्धित आश्रयस्थल | सबै विषयक्षेत्रगत समूह नेतृत्व। |
| १०। | सुरक्षा निकायसँग समन्वय गरी सम्भावित सहायता आवश्यकताबारे जानकारी गराउने । | तत्कालै | गाउँपालिका र नजिक अवस्थित सुरक्षा निकाय | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| ११। | आवश्यकता अनुसार अग्रीम प्रतिकार्यका लागि जनशक्ति परिचालन गर्ने | बैठकको निर्णय अनुसार | गाउँपालिका | सबै विषयक्षेत्रगत समूह नेतृत्व |
| १२। | यातायात संघहरूसँग समन्वय गरी जोखिममा रहेका बाटोमा आवतजावत बन्द गर्ने । | सरोकारवाला-सँगको बैठकको निश्कर्ष अनुसार | गाउँपालिका र सुरक्षा निकायको कार्यक्षेत्र | गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत |
| १३। | जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा अन्य निकायसँग समन्वयमा रहने | आवश्यकता अनुसार निरन्तर | गाउँपालिका कार्यालय | स्थानीय आपत्कालीन कार्यसञ्चाल केन्द्र प्रमुख |

**नोटः-**

(१) वर्षाको पूर्वानुमानको आधारमा पहिरोको जोखिममा रहेका समुदायलाई सामान्यतया ३ दिन अगाडि भारि वर्षाको सूचना पाएपछि वा कुनै पनि बखतमा ३ दिनभन्दा कम अवसर समय रहेको सूचना पाएपछि

त्यस अवधिलाई अन्तिम बिन्दु (trigger) मानेर पहिरोको जोखिममा रहेका समुदायलाई तत्कालै सुरक्षित ठाउँमा सर्न, सार्न आवश्यक पहल गरिनेछ । कतिपय अवस्थामा २४ वा अझ कम अवधिको मात्र जानकारी आउन पनि सक्छ । रातिको समयमा पहिरोको उद्धार गर्न कठिन हुन्छ । तसर्थ २४ घण्टाको पूर्वसूचनामा वास्तविक उपलब्ध अवसर समय २ — ४ घण्टा मात्र हुन पनि सक्छ ।

(२) पहिरो र ढुङ्गा खस्ने जोखिमको स्थानीय निगरानी गर्दा अनुगमनकर्ताले पहिरो जाने प्रवल सम्भावना छ भनी खबर ल्याएमा सामुदायिक विपद् व्यवस्थापन समिति र गाउँपालिकाको स्रोतसाधन परिचालन गरी सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ । अवस्थाको विचार गरी निगरानीकर्ताको खबरका आधारमा गाउँपालिकाबाट तत्कालै जाँचबुझ टोली खटाएर उक्त स्थानको निरीक्षण गरी आवश्यक निर्णय गर्न पनि सकिनेछ ।

(३) जोखिममा रहेका समुदायलाई अस्थायीरूपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय सरोकारवाला तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल र समन्वय गरिनेछ ।

(४) अवसर समय तीन दिन वा सो भन्दा कम रहेको अवस्थामा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष र वा प्रमुख प्रशासकीय अधिकृत वा विपद् सम्पर्क अधिकारीले जिल्ला प्रशासन कार्यालय र स्थानीय सरोकारवालासँग परामर्श गरी तत्कालै आवश्यक निर्णय गरिनेछ ।

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

यस अन्तर्गत खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शिघ्र पुर्नलाभका कार्यहरू पर्दछन्। यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरू समावेश गरिएका छन्। विपद् प्रतिकार्यका लागि गठित विषयक्षेत्रहरू परिचालन गर्न तपशिल बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छः

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २८ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा विपद् व्यवस्थापन समितिको बैठक बस्ने। | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र |
| २ | विपद्ले प्रभाव पारेको तथा जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थानान्तरण गर्न सूरक्षा निकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने। | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति |

| | | | |
|---|---|---|---|
| ३ | विपद्मा परी घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका व्यक्तिहरूको तथ्याङ्क तयार गरी खोजी गर्ने। | तत्काल | सूरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक |
| ४ | तत्कालै घटनाको अवलोकन, निरिक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने। | विपद् पश्चात ७२ घण्टा भित्र | सर्वेक्षण टोली |
| ५ | विपद्बाट मृत्यु भएमा सोको तथ्याङ्क र लगत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव हस्तान्तरण/व्यवस्थापन गर्ने। | विपद्को समयमा | सूरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाईटी, स्वयम् सेवक |
| ६ | पीडित समुदायलाई थप जोखिमबाट बचाउन र सहयोग पुर्‍याउन अन्य विषयक्षेत्र र सरोकारवाला निकायसँग समन्वय गर्ने। | विपद् शुरु भए पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | बहुक्षेत्रगत सर्वेक्षण गरी क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी सुझाव सहितको विषयक्षेत्र केन्द्रित प्रतिवेदन (प्रारम्भिक द्रुत लेखाजोखा) स्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने। | विपद् शुरु भए पश्चात ७ दिन भित्र | सर्वेक्षण टोली, सम्बन्धित शाखा, नेपाल रेडक्रस सोसाईटी, वडास्तरीय समिति, विषयक्षेत्र |
| ८ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने र तर्जुमा गरिएको योजना कार्यान्वयन गर्ने/गराउने। | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, सम्बन्धित शाखा तथा विषयक्षेत्र |
| ९ | विस्थापित भई शिविरमा बसेका, छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्ण रूपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरूलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने। | विपद् पश्चात तत्काल | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति, वडा कार्यालय |
| १० | विपद्को सङ्कटकाल घोषणा गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिश गर्ने। | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति |
| ११ | प्रभावितहरुलाई राहत वितरणको अवस्थाको बारे जानकारी लिने र प्रभावितहरुको समस्याबारे पनि निरन्तर जानकारी लिने। | विपद् पश्चात | गाउँपालिका/स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय /वडास्तरीय समिति |
| १२ | सरोकारवालाहरुसंग नियमित समन्वय, छलफल, र बैठक गर्ने। | नियमित | गाउँपालिका/स्थानीय विपद् व्यवस्थापन समिति |

### ३.३.२ खाद्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्न खाद्य तथा पोषण क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका २९ खाद्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने। | विपद् पश्चात् तत्काल | कृषि शाखा र विषयक्षेत्रका सदस्यहरु |
| २ | विपद्‌बाट प्रभावित भएकाहरूलाई खाद्यान्न वितरण गर्ने। | विपद्‌को पहिलो दिन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | सर्वेक्षण टोलीको सिफारिसको आधारमा आवश्यक खाद्य सामग्रीको व्यवस्था गरी निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने। | दोस्रो दिन देखि निरन्तर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, कृषि शाखा, वडास्तरीय समिति |
| ४ | भण्डारण गरिएको खाद्य सामग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ५ | प्रतिकार्यका लागि गाउँपालिकाको क्षमताले नभ्याउने भएमा थप सहयोगका लागि छिमेकी पालिका, जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा थप सहयोग उपलब्ध गराउन अनुरोध गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत |
| ६ | थप खाद्य सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय तथा अनुरोध गर्ने। | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | खाद्य सामग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषयक्षेत्रको समिक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदनस्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने। | प्रतिकार्यको आधारमा कम्तीमा एक पटक | कृषि शाखा, विषयक्षेत्र |
| ८ | प्रभावित परिवारका महिला, बालबालिका, सुत्केरी, जेष्ठ नागरिक, तथा अन्य लक्षित समुदायका नागरिकलाई आवश्यकताका आधारमा पोषिलो आहार उपलब्ध गराउने । | आवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### ३.३.३ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्यको सन्दर्भमा स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका ३० स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | विपद्को घटनामा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | स्थानीय स्तरमा उपचार हुन नसक्ने घाईते तथा विरामीलाई नजिककोस्वास्थ्य केन्द्र वा अस्पताल लैजान व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ४ | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ५ | प्रभावितहरुलाई मनोसामाजिक परामर्श सेवा दिने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | प्रभावित क्षेत्रमा नियमित खोप र गर्भवती जाँच सञ्चालन गर्ने र प्रभावितहरुको स्वास्थय परीक्षण पनि निमितरुमा गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ७ | गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ८ | महामारी रोकथाम र व्यक्तिगत सरसफाई कायम राख्न स्वास्थ्य शिक्षा प्रदान गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ९ | औषधी, सूरक्षाका सामग्री (पिपिइ सेट, सर्जिकल मास्क, स्यानीटाइजर, साबुन) तथा उपकरण (थर्मल गन,भेन्टिलेटर,फ्रिज, टेष्टिङ्किट) लगायतका सामग्रीहरु पहिचान गरी सोको व्यवस्था गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका,स्वास्थ्य शाखा, विषयक्षेत्र |
| १० | प्रभावित क्षेत्रमा रोग फैलिननदिनका लागि स्वास्थ्यकर्मि र स्वयमंसेवक परिचालन गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ११ | दक्ष स्वास्थ्यकर्मीको सहयोगमा शवको पोष्टमार्टम तथा शव व्यवस्थापन गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| १२ | न्यूनतम प्रारम्भिक सेवा प्याकेज सम्बन्धी तालिम गर्ने | आवश्यकता अनुसार | गाउँपालिका, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| १३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रवन्ध गर्ने। | विपद् पश्चात तत्कालै | खानेपानी एकाई, विषयक्षेत्र |
| १४ | विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने। | विपद् पश्चात तत्कालै | सरसफाई एकाई, विषयक्षेत्र |
| १५ | पियुस, क्लोरीन जस्ता खानेपानी शुद्धिकरणका औषधी तथा व्यक्तिगत सरसफाईका लागि डिग्निटि किट | विपद् पश्चात तत्कालै | खानेपानी र सरसफाई एकाई, शिक्षा शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाईटी |

| | | | |
|---|---|---|---|
| | वितरण गर्ने र सरसफाई तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम गर्ने | | |
| १६ | भत्केका खानेपानी संरचनाहरुको मर्मत सम्भारका लागी आवश्यक स्रोतको खोजी गरी शुद्ध खानेपानीको व्यवस्था गर्ने। | विपद् पश्चात तत्कालै | सरसफाई एकाई, विषयक्षेत्र |
| १७ | प्रभावित परिवारहरुलाई अस्थायी खानेपानी र शौचालयको व्यवस्था गर्ने। | विपद् पश्चात तत्कालै | सरसफाई एकाई, विषयक्षेत्र |
| १८ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.३.४ आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका ३१ आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर—खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात तत्काल | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २ | प्रभावितहरुलाई नजिकको स्थानमा स्तानान्तरण गर्ने। | विपद् पश्चात तत्काल | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ३ | पहिचान भएको सुरक्षित स्थानमा आश्रय वा वासको लागि अस्थायीसंरचना निर्माण गर्ने। | विपद् पश्चात तत्काल | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ४ | प्रभावित परिवारलाई आवश्यक गैरखाद्य सामग्री जस्तै त्रिपाल, कम्बल, भाडाकुडा आदि उपलाब्ध गराउने। | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ५ | प्रभावित परिवार बसेको आस्रय स्थल र बसोबास गरिरहेको स्थानमा नियमित अनुगमन गर्ने। | नियमित | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ६ | पहिचान भएका आवश्यकता बमोजिम गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई सहयोग गर्ने। | विपद् पश्चात तत्कालै र अवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

| | | | |
|---|---|---|---|
| ७ | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरूको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने। | अवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ८ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तै: डिग्निटी किट वितरण गर्ने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ९ | विपद्को घटनाबाट मानसिक रूपमा प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका व्यक्तिहरूलाई परिस्थितीको आंकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| १० | बालबाकिका, किशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक हरुलाई मनोसामाजिक परामर्श दिने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ११ | प्रभावित क्षेत्रमा हुनसक्ने हिंसा नियन्त्रणका लागि स्वयंसेवक परिचालन गर्ने र यौन हिंसा तथा दुर्व्यवहार तथा बेचबिखनबाट बच्ने उपायका बारेमा प्रभावितहरुलाई जानकारी दिने | निरन्तर र विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| १२ | प्रभावित परिवारका बालबालिका, महिला, सुत्केरी, जेष्ठ नागरिक, अपाङगता भएका व्यक्तिहरुलाई नगद/राहत हस्तान्तरण गर्ने। | विपद् पश्चात् सकेसम्म छिटो र आवश्यकता अनुसार | गाउँपालिका |
| १३ | पीडित तथा प्रभावितहरुलाई व्यवसायमूलक तालिम सञ्चालन गरि व्यवसायमा संलग्न गराउने। | आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| १४ | संरक्षण तथा सूरक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| १५ | आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर खाद्य सामग्री क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | निरन्तर | विषयक्षेत्रका समूह सदस्यहरू |
| १६ | प्रभावित परिवारका महिला, बालबालिका, सुत्केरी, जेष्ठ नागरिक, तथा अन्य लक्षित समुदायका नागरिकलाई आवश्यकताका | आवश्यकता अनुसार | विषयक्षेत्रका समूह सदस्यहरू |

| | | | |
|---|---|---|---|
| | आधारमा लत्ता कपडा, हाईजिन किट, डिग्निटी किट, आदि उपलब्ध गराउने । | | |

### ३.३.५ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन शीघ्र पुनर्लाभ क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

*तालिका ३२ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | भौतिक संरचनाहरू नोक्सान भई सेवा अवरूद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क सङ्कलन गर्ने र तत्काल सुचारू गर्नुपर्ने सेवाहरूको प्राथमिकिकरण गर्ने। | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ३ | सार्वजनिक सेवा अवरूद्ध भएका भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि टोली परिचालन गरी सेवा सूचारु गर्ने। | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| ४ | विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभाव लेखाजोखा गरी शिघ्र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्ने। | विपद् पश्चात तीन महिना भित्र | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ५ | शिघ्र पुनर्लाभ क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने। | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | पूर्वाधार विकास शाखा, विषयक्षेत्र |

## परिच्छेद चार
## बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

### ४.१ स्रोत-साधनको वर्तमान अवस्था

बन्दोबस्तीका सामग्रीहरुको उपलब्धताको लेखाजोखा विषयक्षेत्रका आधारमा गरिएको छ। यस गाउँपालिकामा विपद्‌जन्य घटनाहरुमा सम्बन्धित विषयक्षेत्र अन्तर्गत उपलब्ध श्रोत साधन तथा सामग्रीहरुको विद्यमान अवस्था देहाय बमोजिम रहेको छः

*तालिका ३३ स्रोत-साधनको वर्तमान अवस्था*

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | सङ्ख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
| --- | --- | --- | --- |
| समग्र व्यवस्थापन/ सूचना खोज तथा उद्धार | दमकल (आवश्यक औजार सेट सहित) | छैन | गाउँपालिका |
| | एक्साभेटर (जेसिवि) | छैन | गाउँपालिका |
| | लाईफ ज्याकेट | ५० थान | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | क्लाइम्बिङ डोरी | २ मुठा/ १०० मिटर (प्रति मुठा) | गाउँपालिका |
| | सेफ्टि हेल्मेट | २५ वटा | गाउँपालिका |
| | रवर बोट | छैन ( डोरी र लाईफ ज्याकेट मात्र) | गाउँपालिका |
| | स्ट्रेचर | १० वटा पालिकाको स्टोर | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | मेगा ह्याण्ड माइक | १ वटा सानो | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | ईमर्जेन्सी टर्च लाईट | ५ वटा स्टोरमा | गाउँपालिका |
| | आगो निभाउने यन्त्र | ४ वटा फायर एस्टिङगुइसर | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |

| | | | |
|---|---|---|---|
| | साईरन | भोटेकोशी हाईड्रो पावरमा मात्र | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी, जिल्ला प्रशासन कार्यालय |
| | रवरको पञ्जा | १ बक्स | गाउँपालिका |
| | थ्रो व्याग | छैन | गाउँपालिका |
| | प्राथमिक उपचार किट | १३ वटा | नेपाल रेडक्रस सोसाईटी |
| | | | |
| खाद्यान्न तथा पोषण | किटनाशक विषादी | छैन | कृषि शाखा |
| | चामल | छैन | नेपाल रेडक्रस सोसाईटी |
| | नुन, | छैन | नेपाल रेडक्रस सोसाईटी |
| | तेल प्याकेट | छैन | |
| स्वास्थ्य, खानेपानी, सरसरफाई तथा स्वच्छता | स्यानीटरी प्याड | ५० प्याकेट शिक्षा शाखा | गाउँपालिका |
| | इमेरजेन्सी किट | छैन | गाउँपालिका |
| | ह्याण्डवास तथा साबुन | छैन | गाउँपालिका |
| | पिपिई सेट/गाउन | छैन | गाउँपालिका |
| | सर्जिकल ग्लोब | छैन | गाउँपालिका |
| | स्यानीटाईजर | छैन | गाउँपालिका |
| | क्लोरिन पाउडर | छैन | गाउँपालिका |
| | मेडिसिन | छ | गाउँपालिका |
| | आर.एल. वोटल | छैन | गाउँपालिका |
| | प्राथमिक उपचार बाकस/किट | छ | गाउँपालिका |
| | पियुष | छ | गाउँपालिका |
| | एक्वा ट्याब | छैन | गाउँपालिका |
| | पि.ए.भाइल | छैन | गाउँपालिका |

| | | | |
|---|---|---|---|
| | पानी जाँच्ने किट | छैन | गाउँपालिका |
| | पाईप तथा फिटिङ्स | ५००० मिटर पाइप | गाउँपालिका |
| | अस्थाई शौचालय किट | २ वटा | गाउँपालिका |
| | | | |
| | | | |
| आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन र गैर–खाद्य सामग्री क्वारेण्टाइन व्यवस्थापन | ईन्धनबाट चल्ने आरा/ह्याक्सा (Hacksaw) | छैन तर समुदाय सँग भएको (आवश्यकता अनुसार प्रयोग गर्न मिल्ने) | गाउँपालिका |
| | खन्ती (सव्वल) | १०० | गाउँपालिका, नेपाल रेडक्रस सोसाईटी |
| | गैंति र वेल्चा सेट | १०० | गाउँपालिका |
| | एयर लिफ्ट ब्याग | जि.प्र.का सँग भएको | जिल्ला प्रशासन कार्यालय |
| | त्रिपाल/टेन्ट | ३० टेन्ट ४० त्रिपाल | गाउँपालिका |
| | भाँडाकुँडा सेट | छैन | गाउँपालिका |
| | जस्तापाता | छैन | गाउँपालिका |
| | अक्सिजन सिलिन्डर | २८ वटा | गाउँपालिका |
| | हुईल चेयर | ७ वटा | गाउँपालिका |
| | ब्ल्याङ्केट | १०० | गाउँपालिका |
| | बुट | ३० | गाउँपालिका |
| | एम्बुलेन्स | २ | गाउँपालिका |
| | प्लाष्टिक त्रिपाल | २०० | गाउँपालिका |

| | | | |
|---|---|---|---|
| | ग्याबियन बक्स | | गाउँपालिका |
| | पल्स अक्सिजन मिटर | ३० | गाउँपालिका |
| | थर्मल गन | ३० | गाउँपालिका |
| | हेलिप्याड | ३ (कोदारी, दुङनागढि र भैरवकुण्ड) | गाउँपालिका |
| | रयापिड टेस्ट किट | ५०० | गाउँपालिका |
| *वडा ५,२ मा ग्रामीण महिला सिर्जनशील परिवारद्वारा वितरण गरिएको विपद् प्रतिकार्यका लागि प्रयोग हुने सामग्री रहेको छ।* | | | |

*नोटः यस्ता सामग्रीहरुको विषयक्षेत्रबाट प्राप्त विवरण अनुसार अभिलेख अद्यावधिक गर्ने कार्य विपद् व्यवस्थापन शाखाले नियमित रुपमा गर्नेछ।*

## ४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

यस गाउँपालिकामा विपद्जन्य घटनामा सबै विषयक्षेत्रका सदस्यहरू र स्थानीय समुदायहरू प्रतिकार्यका लागि परिचालित हुनेछन्। यस बाहेक नेपाली सेना ३५ जना र नेपाल प्रहरी ४५ जना खोज तथा उद्धार, सबै वडाहरुमा स्वयंमसेवक कर्मीहरु प्राथमिक उपचारका लागी रहेका छन्, भोटेकोशी हाईड्रोपावर, जिल्ला विपद् व्यावस्थापन समिति, गा.पा. स्तरीय विपद् व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समिति मार्फत विभिन्न माध्यम बाट पूर्वसूचनाको जानकारी आम समुदयमा सम्प्रेषण गरिने । यसका साथै शव व्यवस्थापन सम्बन्धी काम नेपाली सेना मार्फत गरिनेछ। राष्ट्रिय सेवादलका ४५ जना विद्यार्थीहरु नेपाली सेनाबाट विपद् सम्वन्धि प्राथमिक तालिम प्राप्त भएका छन्।

जनशक्ति सम्बन्धी विवरण हेरफेर भईरहन सक्ने हुँदा सबै विषयक्षेत्रले विपद् प्रतिकार्यका लागि विद्यमान जनशक्तिको तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी एकिकृत अभिलेख राख्ने प्रयोजनका लागि विपद् व्यवस्थापन शाखामा पठाउनु पर्नेछ।

## ४.३ बन्दोबस्ती सामग्रीको आंकलन

विपद्जन्य घटनाहरुमा प्रतिकार्यका लागि गैरखाद्य सामाग्रीहरु र सोको भण्डारण स्थल र मानवीय सहायता स्थलको लागि देहाय अनुसारको व्यवस्था गरिएको छः

*तालिका ३४ बन्दोबस्ती सामग्रीको आंकलन (नेपाली सेना)*

| सामानको विवरण | ईकाइ | परिणाम | साबुत | बेसाबुत | भएको स्थान |
|---|---|---|---|---|---|
| पिक | गोटा | ६ | ६ | - | गोरख बक्स गण बाह्रविसेको |
| सावेल | गोटा | ७ | ७ | - | |
| बन्चरो | गोटा | २ | २ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| ह्यामर | गोटा | १ | १ | - | भण्डारण स्थलमा |
| छिनो | गोटा | १ | १ | - | |
| फायर एक्सटीन गुईसर | गोटा | ६ | ६ | - | |
| फिगर एट | गोटा | ४ | ४ | - | |
| सानो क्याराविना | गोटा | २ | २ | - | |
| ठुलो क्याराविना | गोटा | ५ | ५ | - | |
| न्याप्लिङ्ग रोप ७५ मिटर | गोटा | १ | १ | - | |
| छालाको पन्जा कालो | गोटा | ३ | ३ | - | |

*तालिका ३५ बन्दोबस्ती सामग्रीको आंकलन (नेपाल प्रहरी)*

| सामानको विवरण | ईकाइ | परिणाम |
|---|---|---|
| लाइफ ज्याकेट | थान | १२ |
| डोरी | लठ्ठा | १ |
| हेल्मेट | वटा | २ |
| पानी बुट | जोर | ४ |
| स्टेचर | वटा | २ |
| फायर ग्यास | वटा | २ |
| बाल्टी | वटा | २ |
| पिक | वटा | २ |
| साबेल | वटा | २ |
| गल | वटा | १ |
| तिउ | वटा | २ |

### ४.३.१ गैर–खाद्य सामग्री भण्डारण स्थल

विपद्का घटनाहरुमा प्रतिकार्यका लागि गैह्र खाद्य सामग्रीहरुको गोदाम घर (भण्डारण स्थल) ४ नम्बर वडाको हिन्दी स्थित गाउँपालिकाको भण्डार तथा कार्यालय परिसर, वडा कार्यालय र परिसर, लार्चा स्थित सुक्खा बन्दरगाहको परिसरमा रहेको छ।

### ४.३.२ मानवीय सहायता स्थल

गाउँपालिका भित्र आपतकालिन मानवीय सहायताको लागि निम्न हेलिप्याड रहेका छन् । यि हेलिप्याड मानवीय सहायताको लागि भोटेकोशी गाउँपालिकाले विपद् प्रतिकार्यको निमित्त उपयोग गर्नेछ ।

*तालिका ३६ हेलिप्याड रहेको स्थान*

| क्र. सं | हेलिप्याड रहेको स्थान | वडा नं |
|---|---|---|
| १ | दुगुनागढी हेलिप्याड | ३ |
| २ | भैरवकुण्ड हेलिप्याड | २ |
| ३ | कोदारी हेलिप्याड | २ |

### ४.४ वर्षा तथा बाढी अनुगमन केन्द्रहरू

**यस क्षेत्रमा रहेका वर्षा तथा बाढी अनुगमन केन्द्रहरू**

स्वचालित मौसम अनुगमन केन्द्र, घुमथाङ
स्वचालित मौसम अनुगमन केन्द्र, थामीगाउँ (सहज परियोजनाको)
एउटा स्वचालित मौसम अनुगमन केन्द्र थप गर्ने प्रक्रियामा रहेको।

**सुरक्षित आवास तथा खुला स्थलः-**

बाढीपहिरोबाट बच्न सुरक्षित आश्रय आवश्यक पर्ने जोखिममा रहेका समुदायको संख्या निम्न अनुसार रहेको छ ।

*तालिका ३७ भोटेकोशी गाउँपालिकामा जोखिममा रहेका समुदायको विवरण, २०७९*

| वडा नं. | जोखिममा रहेका समुदायको संख्या | जोखिममा रहेका परिवार संख्या | सुरक्षित आश्रय चाहिने परिवार | अपाङ्गता भएका | बालबालिका (०-९ वर्ष) | वृद्धवृद्धा (७०+ वर्ष) |
|---|---|---|---|---|---|---|
| १ | ६ | २३९ | १०७ | १०४ | ७२४ | २४५ |
| २ | १४ | ३२० | १९९ | ४४ | २०५ | ६० |
| ३ | ६ | ११८ | ७४ | ६६ | २३६ | ५६ |
| ४ | १० | २८३ | १३७ | ७७ | ५५७ | १५२ |
| ५ | ९ | २३८ | ९८ | ९६ | ६३० | १६६ |
| जम्मा | ४५ | **११९८** | **६१५** | **३८७** | **२३५२** | **६७९** |

**नोटः** जोखिममा रहेका केही परिवारले आफै अन्यत्र सुरक्षित ठाउँमा अस्थायी बसोबासको व्यवस्था गर्न सक्ने देखिन्छ । त्यसैगरी उच्च जोखिममा रहेका ९४ परिवार स्थायीरूपमा सुरक्षित स्थानमा सरेका/सर्नुपर्ने र सो को प्रक्रियामा रहेका छन् । अस्थायी आश्रय चाहिने परिवार संख्या ६१५ रहेको छ ।

बाढीपहिरोको जोखिमबाट बच्न समुदायले आपत्कालीन आश्रय लिन पहिचान गरिएका सुरक्षित स्थलहरूको संक्षिप्त विवरण तालिकामा छ । हरेक सुरक्षित स्थलको विस्तृत विवरण गाउँपालिकाको डाटाबेसमा

सूचीकृत र सम्बन्धित वडा कार्यालयमा सूचीकृत गरी राखिएको छ । साथै, सम्बन्धित समुदायको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न रहेको छ ।

बाढीपहिरोको जोखिमबाट बच्न समुदायले आपत्कालीन आश्रय लिन पहिचान गरिएका सुरक्षित स्थलहरूको संक्षिप्त विवरण तालिकामा छ । हरेक सुरक्षित स्थलको विस्तृत विवरण गाउँपालिकाको डाटाबेसमा सूचीकृत र सम्बन्धित वडा कार्यालयमा सूचीकृत गरी राखिएको छ । साथै, सम्बन्धित समुदायको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न रहेको छ ।

*तालिका ३८ गाउँपालिकामा मानिसको लागि पहिचान गरिएका सुरक्षित आश्रयस्थलको विवरण, २०७९*

| वडा नं. | सुरक्षित स्थल संख्या | अनुमानित क्षेत्रफल (वर्ग मीटर) | अट्ने क्षमता जनसंख्या | सुरक्षित आश्रय चाहिने परिवार | जनसंख्या (परिवार*४.५) |
|---|---|---|---|---|---|
| १ | २ | ४७०० | १०४० | १०७ | ४८२ |
| २ | ५ | २०३० | ४५० | १९९ | ८९६ |
| ३ | २ | १०५१० | २३३० | ७४ | ३३३ |
| ४ | ४ | ७३०० | १६२० | १३७ | ६१७ |
| ५ | ४ | १२१०० | २७०० | ९८ | ४४१ |
| जम्मा | १७ | **३६६४०** | **८१४०** | **६१५** | **२७६९** |

नोट : अट्ने क्षमताको अनुमान UNHCR (https://emergency.unhcr.org/emergency-assistance/shelter-camp-and-settlement/shelter/emergency-shelter-standard) को मापदण्ड अनुसार ४.५ वर्ग मिटर प्रति व्यक्तिको हिसाबले गणना गरिएको छ। साथै सुरक्षित स्थलको क्षेत्रफल (**अट्ने क्षमता**) **अनुसूची १०** मा संलग्न पहुँचमार्गको नक्शाबाट साभार गरिएको हो ।

वडामा गाउँ, टोल अनुसारको सुरक्षित स्थल तथा पहुँचमार्गको नक्शाङ्कन सहितको विवरण **अनुसूची १०** मा राखिएको छ । यी स्थानहरू गाउँपालिकामा सूचीकृत गरी राखिएको छ ।

## ४.५ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत

माथि उल्लिखित विद्यमान स्रोत साधनका अतिरिक्त विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका ३९ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| क्र. सं | आवश्यक स्रोत, साधन/उपकरण | थप सङ्ख्या वा परिमाण | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | ट्रिपर | २ | उल्लेखित सबै सामग्रीको खरिद गर्न आवश्यक रकम गाउँपालिका सँग नभएको स्थितिमा तत्काल नभई नहुने |
| २ | डोजर | ३ | |
| ३ | लाईफ ज्याकेट | १५० पिस | |
| ४ | डोरी | ५०० मिटर | |
| ५ | शव वाहान | १ | |
| ६ | स्ट्रेचर | १०० | |

| | | | |
|---|---|---|---|
| ७ | एम्बुलेन्स | १ | सामग्री खरिद गर्ने र सोको लागि गाउँपालिकाको विपद् व्यवस्थापन कोषको रकम उपयोग गरिने । |
| ८ | बोट | ५ वटा | |
| ९ | रबर बुट | १०० जोर | |
| १० | हेल्मेट | १५० वटा | |
| ११ | रबर पन्जा | १०० जोर | |

*नोटः आवश्यक सामाग्रीको आवश्यकता सम्बन्धी थप जानकारी प्राप्त भएपछि अध्यावधिक गरिनेछ।*

*तालिका ४० खाध्य तथा कृषि क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| क्र.सं | आवश्यक स्रोत, साधन/उपकरण | थप सङ्ख्या वा परिमाण | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | चामल | १२५ क्विन्टल | |
| २ | दाल | ५० क्विन्टल | |
| ३ | तेल | २५०० लिटर | |
| ४ | नुन | ५०० प्याकेट | |
| ५ | चिउरा, दालमोठ | ५० क्विन्टल, २५ क्विन्टल | |
| ६ | बच्चा, बृद्ध-बृद्धा, गर्भवती महिलाको लागि पोषण युक्त खानाको व्यवस्था | ५०० जना | |

*नोटः आवश्यक सामाग्रीको आवश्यकता सम्बन्धी थप जानकारी प्राप्त भएपछि अध्यावधिक गरिनेछ।*

*तालिका ४१ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्दन क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| क्र.सं | स्रोत, साधन/उपकरण | थप आवश्यकता | अनुमानित लागत |
|---|---|---|---|
| १ | खानेपानी ट्याङकी | ५/५००० लि. | |
| २ | ईन्धनबाट चल्ने आरा/ह्याक्स | २वटा | |
| ३ | गैंति | १५वटा | |
| ४ | हाइजिन किट | २०० सेट | |
| ५ | खानेपानी शुद्धिकरणको औषधि | ५०० ट्याब | |

*नोटः आवश्यक सामाग्रीको आवश्यकता सम्बन्धी थप जानकारी प्राप्त भएपछि अध्यावधिक गरिनेछ।*

*तालिका ४२ संरक्षण तथा सुरक्षा क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*


| क्र.सं | स्रोत, साधन/उपकरण | थप आवश्यकता | अनुमानित लागत |
|---|---|---|---|
| १ | डिग्निटी किट | २००० सेट | |
| २ | व्हिल चियर | ५० वटा | |
| ३ | स्ट्रेचर | २०वटा | |
| ४ | महिला, बालबालिका, गर्भवती महिला, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिकको संरक्षण गर्ने उपाय सहितको पुस्तिका तयार गर्ने | ५० प्रति | |

*नोटः आवश्यक सामाग्रीको आवश्यकता सम्बन्धी थप जानकारी प्राप्त भएपछि अध्यावधिक गरिनेछ।*

*तालिका ४३ आपत्कालिन आश्रय र गैर- खाध्य क्षेत्र अन्तरगत स्रोत, साधनको थप आवश्यकता*

| क्र.सं | स्रोत, साधन/उपकरण | थप आवश्यकता | अनुमानित लागत |
|---|---|---|---|
| १ | त्रिपाल | ५०० थान | |
| २ | न्यानो कपडा कम्बल | १००० थान | |
| ३ | म्याट्रेस | १००० थान | |
| ४ | गैर खाध्य सामाग्री ( भाडाँ, कपडा) सेट | ५०० सेट | |

*नोटः आवश्यक सामाग्रीको आवश्यकता सम्बन्धी थप जानकारी प्राप्त भएपछि अध्यावधिक गरिनेछ।*



## परिच्छेद पाँच

## विविध

### ५.१ स्रोत साधनको व्यवस्थापन

विपद् व्यवस्थापनका लागि यस गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेट पर्याप्त भएमा विषयक्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ। कोषमा पर्याप्त बजेट उपलब्ध नभएको अवस्थामा स्वीकृत बार्षिक बजेटबाट यस्तो रकम उपलब्ध गराईनेछ। स्वीकृत क्रियाकलाप कार्यान्वयन गर्ने कार्य वडा कार्यालय मार्फत् हुन सक्ने अवस्थामा यस्तो रकम सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराईनेछ।

गाउँपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयन सम्भव नहुने क्रियाकलापको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत् सङ्घीय सरकारसँग अनुरोध गरिनेछ। साथै थप आवश्यक सहयोगका लागि मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ। यस व्यवस्थापन सम्बन्धी थप विस्तृत विवरण निम्न अनुसार छन् :

१. यस भोटेकोशी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, नियमावली २०७६, स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन ऐन २०७९, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७८ मा प्रवन्ध भए बमोजिमका आवश्यक संस्थागत संरचना र नीतिगत प्रवन्ध गरिनेछ ।

२. विपद् व्यवस्थापनका लागि यस गाँउपालिकामा स्थानीय विपद् व्यवस्थापन कोष, Covi d १९ कोष, मर्मत सम्भार कोष, दलित सहायता कोष र अपाङ्गता पुर्नस्थापना कोष स्थापना गरिएको छ । यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेटबाट परिचालन गरिनेछ ।

३. गाँउपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बार्षिक बजेट विपद् व्यवस्थापन शिर्षकको बजेटबाट रकम उपलब्ध गराई प्राथमिकताका आधारमा पूर्वतयारीका गतिविधिहरूको कार्यान्वयनको शुरूवात गरिनेछ । क्रमशः आगामी वर्षको वार्षिक कार्यक्रममा यस योजनाको कार्यान्वयनको लागि आवश्यक श्रोत व्यवस्थापन गरिनेछ ।

४. यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीका गतिविधिहरूलाई जोखिम तह दृष्टिकोण (Risk Layering Approach) को अवधारणालाई प्रयोग गरी कम हानी गर्ने तथा बर्षेनि दोहोरिरहने जोखिम आफै बहन गर्ने, मध्यम हानी गर्ने मध्यम खालका जोखिमको लागि बित्तिय व्यवस्था गर्ने र उच्च हानी गर्ने जोखिमहरुको बिमा गर्ने र जोखिम हस्तान्तरण गरिनेछ । साथसाथै यी गतिविधिहरूलाई गाँउपालिकाले सञ्चालन गर्ने आवधिक योजना, विषयगत योजना तथा कार्यक्रमहरूसँग समायोजन तथा एकिकरण गरी कार्यान्वयन गरिनेछ ।

५. गाँउपालिकाको आफ्नो स्रोत साधनले कार्यान्वयनमा अपुग हुने तथा प्रदेश र संघीय सरकारको समेत प्राथमिकतामा पर्ने क्रियाकलापहरूको लागि प्रदेश सरकार वा जिल्ला प्रशासन कार्यालय मार्फत् सङ्घीय सरकारसँग अनुरोध गरी स्रोत जुटाइनेछ ।

६. विकास साझेदार संस्थाहरू (दुईपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरू र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस योजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ ।

७. निजी तथा व्यावसायिक क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व, र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र सहायता विपद् पूर्वतयारी र प्रतिकार्यका लागि परिचालन गरिनेछ ।

८. गाँउपालिकामा रहेका सामाजिक तथा सामुदायिक संस्थासँग भएको भौतिक, सामाजिक, आर्थिक तथा मानवीय श्रोतलाई यस योजनाको कार्यन्वयनको लागि एकिकृत रूपमा परिचालन गरिनेछ ।

९. यस योजनाको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कन गाँउपालिकाका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले गर्नेछ । उक्त अनुगमन समितिले अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछ ।

१०. विपद् पोर्टल तयार गरी विपद्बाट भएको क्षति तथा विपद् व्यवस्थापन सम्बन्धी भएका गाउँपालिकाको वेवसाइटमा गतिविधिहरू नियमित रूपमा अद्यावधिक गरिनेछ ।

११. स्थानीय विपद् व्यवस्थापन समितिले वर्षभरिको विपद्को अवस्था र गतिविधिलाई समेटेर गाउँ विपद् प्रतिवेदन सामान्य अवस्थामा वार्षिक रूपमा प्रकाशन गर्नेछ भने कुनै ठूलो विपद्को अवस्था आएमा आवश्यकता अनुसार प्रतिवेदनहरू प्रकाशित गरिनेछ ।

यस योजनाको कार्यन्वयनबाट प्राप्त सिकाई तथा तत्कालीन आवश्यकताका आधारमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्दै लगिनेछ ।

## ५.२ अन्य निकायसँगको समन्वय र सहकार्य

विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि छिमेकी गाउँ, गाँउपालिका, तथा नगरपालिका, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाख, जिल्ला प्रशासन कार्यालय, मानवीय सहायता कार्यमा संलग्न निकाय तथा विकास साझेदार संस्था, स्थानीय सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग र सहकार्य गरिनेछ । विपद् परेको समयमा खोज उद्धार तथा आगलागीको नियन्त्रणमा दमकल, एम्बुलेन्स शव बाहन, तथा जनशक्ति परिचालनमा सुरक्षा निकाय र छिमेकी स्थानीय तहसँग समन्वय गरिनेछ । अन्य किसिमका थप सहयोग आदानप्रदान गर्न कार्यपालिकाले अन्य स्थानीय तहहरुसँग आवश्यक समझदारी वा सम्झौता गर्नेछ ।

गाँउपालिकाले विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको लागि प्रमुख रूपमा गाउँपालिका भित्र र बाह्य गरी दुई प्रकारको समन्वय गर्नु पर्दछ । गाँउपालिकाभित्र पनि गाँउपालिका मातहतका निकाय वा समितिबीच र अन्य सरकारी, गैरसरकारी, सामाजिक तथा निजी संस्थाहरूबीच समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ । बाह्य समन्वयमा जिल्ला, प्रदेश र संघीय तहका सुरक्षा निकाय तथा सरकारी निकायहरूसँग र अन्य गैर सरकारी तथा सहयोगी निकाय तथा संस्थाहरूसँगको समन्वय गर्नु पर्दछ । जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित अन्य गैह्र सरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी थप स्रोत परिचालन गरिनेछ । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रदेश आपत्कालिन कार्यसंचालन केन्द्रसँग विपद् सम्बन्धी सूचना र प्रतिवेदनहरू आदानप्रदान गर्न स्थानय आपत्कालीन कार्यसञ्चालन केन्द्रले आवश्यक समन्वय गर्नेछ ।


विपद् प्रतिकार्यको दौडानमा कार्यहारू निम्न थप कार्यहरू गरिने छ :

१. विषयगत क्षेत्रको अवधारणा अनुसार गाँउपालिका भित्रका सम्पूर्ण विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित संस्था तथा निकायहरू सम्बन्धित विषयगत क्षेत्रको सदस्य रहन्छन र उक्त संस्था तथा निकायहरूसँगको समन्वय र सहकार्यको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको नेतृत्व गर्ने विषयगत समिति र यसका संयोजक तथा सम्बन्धित शाखाको हुनेछ ।

२. जिल्ला, प्रदेश तथा संघीय तहका निकायहरूसँगको समन्वय, सुरक्षा निकायहरूसँगको समन्वय तथा गाँउपालिका बाहिरका सरकारी तथा गैर सरकारी संस्थाहरु र सहयोगी निकायहरूसँगको समन्वयको जिम्मेवारी गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

३. विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि सम्पूर्ण सरकारी, गैरसरकारी, सामाजिक तथा निजी क्षेत्रको स्रोत परिचालन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुरूप गाँउपालिकाको प्राथमिकता अनुसार एकद्धार नीति बमोजिम हुनेछ । संस्थागत समन्वय र सहकार्यको ढाँचा निम्न बमोजिम हुनेछ ।

*चित्र ४ सरोकारवाला निकाय सँगको समन्वय सञ्जाल*



## ५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई

यस योजनाले गाउँपालिकामा विपद्बाट प्रभावित हुन सक्ने परिवार, मृत्यु हुन सक्ने तथा घाइते हुन सक्नेको सङ्ख्या एवम् आर्थिक क्षतिको न्यूनीकरण गर्ने लक्ष्य लिएको छ ।

योजना कार्यान्वयनको बार्षिक अनुगमन र मूल्याङ्कन गर्ने कार्य गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ। योजना कार्यान्वयनको नियमित अनुगमन (त्रैमासिक रुपमा बैशाख, श्रावण, कार्तिक, माघ) स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रको सहयोगमा स्थानीय विपद् व्यवस्थापन समितिले गर्नेछ ।

**वार्षिक अनुगमन र मूल्याङ्कन**

यस योजनाको अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि देहाय बमोजिमको लक्ष्य सूचकहरू निर्धारण गरिएको छः

### ५.३.१ लक्ष्य र सूचकहरू

यस योजनाको अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि देहाय बमोजिमको लक्ष्य सूचकहरु निर्धारण गरिएको छः

*तालिका ४४ अनुगमन, मूल्याङ्कन र समीक्षाको लागि लक्ष्य सूचक*

| क्र.सं. | सूचक | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | (२०८०/८१) | (२०८१/८२) | (२०८२/८३) |
| १. | गाउँ क्षेत्रमा विपद्बाट हुने मानवीय क्षतिको दर कम भएको हुनेछ। | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या (सडक दुर्घटना बाहेक) | ९ | ५०% | ७५% | ९०% |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या | ७७ | २५% | ७५% | ९०% |
| २. | विपद्बाट प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेखनीय मात्रामा कम भएको हुनेछ। | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत सङ्ख्या | २०० | ५०% | ८०% | ९०% |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत सङ्ख्या | १०० | ५०% | ८०% | ९०% |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत सङ्ख्या | २५ | ५०% | ८०% | ९५% |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत सङ्ख्या | १७४५ | ५०% | ८०% | ९०% |
| ३. | विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षतिमा कमी आएको हुनेछ। | | | | |
| ३.१ | विपद् बाट क्षतिहुने खेतीयोग्य जमिनको वार्षिक औषत सङ्ख्या | २०० हेक्टर | ६०% | ७०% | ८०% |
| ३.२ | विपद् बाट क्षति हुने कुल पशु चौपायाको वार्षिक औषत सङ्ख्या | ५० | ५०% | ७५% | ९०% |
| ४. | गाउँपालिका र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्ने संयन्त्र सङ्ख्या | | | | |
| ४.१ | संघ, प्रदेश र स्थानीय तहमा समन्वय र सहकार्य बिस्तार गर्ने | २५% | ४०% | ७०% | १००% |
| ४.२ | गाउँपालिका र सरोकारवालाहरु बीच विपद् सम्बन्धी (पूर्व तयारी, विपद्को समय र विपद्पश्चात) नियमित बैठक बस्ने (हरेक महिना) | ४ पटक | ६ पटक | ९ पटक | १२ पटक |
| ५. | बहु–प्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना आंकलन, उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि भएको हुनेछ। | | | | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा बहु–प्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | ०.०१% | १०% | २०% | ५०% |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसङ्ख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसङ्ख्याको प्रतिशत | ० | २५% | ५०% | १००% |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागू भएका वडाहरूको सङ्ख्या | ० | २ | ४ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी जनसमुदायलाई उपलब्ध गराउन सक्ने समुदाय | ० | ३ | ४ | ५ |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसङ्ख्या | ६५ | सार्न पर्ने जनसङ्ख्याको ५०% | ७५% | १००% |

### ५.३.२ योजनाको परिमार्जन

नमूना अभ्यास तथा कार्यान्वयनको सिकाइका आधारमा हरेक वर्ष यो योजनालाई परिमार्जन गरिनेछ । यस योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने कार्य अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ। उक्त समितिले माथि उल्लिखित सूचकहरुको आधारमा नियमित रुपमा योजना कार्यान्वयनको अवस्थाको अनुगमन गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नेछ। यस्तो प्रतिवेदनमा औंल्याईएका सुधार गर्नुपर्ने विषयलाई सम्बन्धित विषयक्षेत्रले सुधार गरी कार्यान्वयन गर्नु पर्नेछ र योजनामा नै सुधार गर्नुपर्ने अवस्थामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिमार्जन गर्दा समावेश गरिनेछ। यस योजनाको पूनरावलोकन तथा पृष्ठपोषण सङ्कलन तलको तालिका बमोजिम हुनेछः

*तालिका ४५ योजनाको पूनरावलोकन तथा पृष्ठपोषण सङ्कलन*

| विवरण | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | समय |
|---|---|---|---|
| योजना कार्यान्वयनको समिक्षा | स्थानीय विपद् व्यवस्थापन समिति | आवधिक रुपमा समिक्षा बैठक गर्ने | कार्तिक महिना<br>माघमहिना<br>बैशाख महिना<br>श्रावण महिना (आगामी आ.व. को) |
| योजनाको पुनरावलोकन | स्थानीय विपद् व्यवस्थापन समिति | विषयक्षेत्र अनुसारका क्रियाकलापहरुको पुनरावलोकन गरी योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष कार्तिक मसान्त |

### ५.४ क्षमता विकास रणनीति र योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष स्रोत व्यक्ति तथा संस्थाहरूको सहयोगमा देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछः

*तालिका ४६ क्षमता विकास रणनीति र योजना*

| क्र.सं. | क्षमता विकास क्रियाकलापहरु | जिम्मेवारी | समयतालिका |
|---|---|---|---|
| १ | स्थानीय आपत्कालीन सञ्चालन केन्द्र (Local Emergency Operation Center) को सुदृढिकरण। | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |

| | | | |
|---|---|---|---|
| २ | स्थानीय आपत्कालिन सञ्चालन केन्द्र कार्य सञ्चालन कार्यविधि तर्जुमा गरि कार्यान्वयन गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |
| ३ | विपद्को सामना गर्न पालिकाको स्रोत र क्षमताबाट संभव नभएमा जिल्ला, प्रदेश, केन्द्र र साझेदार संस्थाहरुबाट सहयोग माग गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि पूर्वतयारी |
| ४ | पालिका क्षेत्रभित्रको विपद्का घटनाको सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी विपद्का सूचना तथा तथ्याङ्कको विपद् व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी अद्यावधिक गर्ने र पालिका तथा सरोकारवाला निकायलाई उपलब्ध गराउने। | स्थानीय विपद् व्यवस्थापन समिति | विपद्को घटनाको हुनु अघि, विपद्को समयमा र विपद् पश्चात |
| ५ | विषयक्षेत्रका जनशक्तिलाई उक्त क्षेत्रसँग सम्बन्धित विषयमा अभिमुखिकरण, तालिम र अभ्यासको व्यवस्था गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ६ | वडास्तरका विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखिकरण, तालिम प्रदान गर्ने। | विपद् व्यवस्थापन शाखा | विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा पश्चात |
| ७ | स्थानीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सम्वन्धित कर्मचारी तथा पदाधिकारिको क्षमता विकास गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | आगामी आ. व. योजना तर्जुमा प्रक्रिया शुरु हुनु भन्दा अगावै |
| ८ | विपद् प्रभावित स्थानमा रहेका विद्यालयहरू र स्थानीय स्वयंसेवकहरूलाई विपद् प्रतिकार्य सम्बन्धी तालिम प्रदान गर्न विषयक्षेत्रको क्षमता विकास गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |
| ९ | बन्दोबस्तीका सामान तथा औजारहरू व्यवस्थापनका लागि विषयक्षेत्रहरूको क्षमता विकास गर्ने। सबै क्षमता विकास तालिमहरू लैङ्गिक समानता र सामाजिक समावेशीकरणका दृष्टिकोणबाट संवेदनशील र समावेशी हुने कुरा सुनिश्चित गरिने। | स्थानीय विपद् व्यवस्थापन समिति | मनसुन अगावै तथा विपद्को घटना हुनु अघि |

## अनुसूची-१

## प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची

भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक जिल्ला, बागमती प्रदेश

स्थानः भोटेकोशी गाउँपालिकाको कार्यालय मितिः

**छलफलका विषयहरूः**

१. गत वर्षका विपद्का घटनाहरू र विपद् व्यवस्थापन सम्बन्धी समीक्षा,
२. यस वर्षको पूर्वानुमान (वर्षा, बाढी र पहिरो पूर्वानुमान सम्बन्धि जल तथा मौसम विज्ञान विभाग लगायत अन्य सरोकारवाला निकायबाट उपलब्ध सूचना बारे छलफल)
३. भोटेकोशी गाउँपालिकाको सङ्कटासन्नता र जोखिमको बस्तुस्थिति तथा क्षमता विश्लेषण,
४. गाउँपालिकामा रहने विषयक्षेत्रहरू र तिनको योजना,
५. योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया,
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ सम्मिलित कार्यटोलीको गठन गर्ने र कार्यशर्तहरू छलफल गरी स्वीकृत गर्ने,
७. पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय (अन्य गाउँपालिका,नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकायहरु),
८. समितिको आगामी बैठक सम्बन्धमा ।

## अनुसूची-२

## स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यदिश

१. उपलब्ध तथ्याङ्क, दस्तावेज, प्रकाशन तथा अभिलेखहरुको अध्ययन तथा विश्लेषण गर्ने,

२. सहभागितामुलक विधि अपनाई कम्तिमा ३० वर्षको विपद्का घटना सम्बन्धी तथ्याङ्क संकलन, विपद्को स्तरिकरण, सरोकारवाला निकायको पहिचान, विपद् प्रतिकार्यको लागि समुदायको विद्यमान क्षमताको अध्ययन र समिक्षा गर्ने,

३. विपद् व्यवस्थापन सम्बन्धी मौजुदा योजनाहरू, कम्तिमा विगत ५ वर्षको विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्शा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गर्ने,

४. सम्बन्धित तहका आवधिक विकास योजनाहरू, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरूको अध्ययन,

५. विपद् सम्वन्धि आधारभूत अध्ययन लगायतका कार्य गर्ने,

६. विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई सम्बन्धी अध्ययन तथा समीक्षा गर्ने,

७. विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तथा विषयक्षेत्रगत आकस्मिक योजनाहरूको अध्ययन र समीक्षा गर्ने,

८. स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली, सडक सूरक्षा कार्ययोजना अध्ययन र प्रवृत्ति विश्लेषण गर्ने,

९. स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयारी गर्ने,

१०. कार्यशाला गोष्ठीको सञ्चालन विधि, समय, स्थान, कार्यसूचीको छनौट तथा स्रोत साधन जस्ता विषयमा सहयोग र परामर्श प्रदान गर्ने,

११. सबै विषयक्षेत्रका योजनाहरू एकत्रित गरी मस्यौदा तयार गर्ने,

१२. अनुसूचीमा उल्लिखित नमूना बमोजिम स्थानीय तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरी सूची तयार गर्ने।

## अनुसूची-३

## सरोकारवाला निकायको पहिचान तालिका

| क्र.सं. | निकाय | विषयक्षेत्र | कार्यरत प्रदेश/जिल्ला/गाउँपालिका | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन, इमेल) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | सिन्धुपाल्चोक जिल्ला | रमेश न्यौपाने, प्रमुख जिल्ला अधिकारी | ९८५१२७७७७७ ०११—६२०१०६/६२०१३३ | |
| २ | जिल्ला प्रशासन कार्यालय | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | सिन्धुपाल्चोक जिल्ला | निराजन श्रेष्ठ, सहायक प्रमुख जिल्ला अधिकारी | ९८५१२४३०८४ | |
| ३ | जिल्ला समन्वय समिति | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | सिन्धुपाल्चोक जिल्ला | बालकृष्ण श्रेष्ठ, प्रमुख | ९८५१०८७४९० ०११—६२०१०२ | |
| ४ | जिल्ला समन्वय समिति | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | सिन्धुपाल्चोक जिल्ला | पदमनाथ नेपाल, उपप्रमुख | ०११—६२०१३६ | |
| ५ | चौ.सा गढी न.पा | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | चौ.सा गढी न.पा | कृष्ण प्रसाद सापकोटा, नगर प्रमुख | ९८५१२५४४२४ | |
| ६ | बलेफी गा.पा | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | बलेफी गा.पा | श्री गंगा बहादुर तामाङ, अध्यक्ष | ९८५१००४१५२ | |
| ७ | बाह्रबिसे न.पा | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | बाह्रबिसे न.पा | बालकृष्ण बस्नेत, प्रमुख | ९८५१०८८६७९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | भोटेकोशी गा.पा | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | भोटेकोशी गा.पा | पासाङ नुर्पु शेर्पा, अध्यक्ष | ९८५१०१८३६९ | |
| ९ | भोटेकोशी गा.पा | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | भोटेकोशी गा.पा | दिछेन शेर्पा, उपाध्यक्ष | ९८४९१४३००८ | |
| १० | जुगल गा.पा | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | जुगल गा.पा | रेशम स्याङबो, अध्यक्ष | ९८५१०७९१०१ | |
| ११ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | सिन्धुपाल्चोक जिल्ला | सुजन खत्री | ९८४९३३३५३९, ०११–६२०४७० | |
| १२ | जिल्ला प्रहरी कार्यालय | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | सिन्धुपाल्चोक जिल्ला | प्रहरी उपरीक्षक | ९८५१२५५५५५ ०११–६२०१०४ | |
| १३ | नेपाली सेना नं २ जगदल गण मेलम्ची | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | सिन्धुपाल्चोक जिल्ला | प्रमुख सेनानी | ९८५१०४३६२५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | नेपाली सेना नं १६ गण लामोसाँघु | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | सिन्धुपाल्चोक जिल्ला | प्रमुख सेनानी | ०११६२००९४ | |
| १५ | नेपाली सेना, भोटेकोशी | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | भोटेकोशी | सेनानी | ९८४७३९४६७१ | |
| १६ | नेपाल प्रहरी | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | भोटेकोशी | | ९८५१२८४८३२ | |
| १७ | नेपाल रेडक्रस सोसाईटी | | भोटेकोशी | विष्णु श्रेष्ठ | ९८५१०२२६५८ | |
| १८ | उद्योग बा संघ | खाद्यान्न तथा जिविकोपार्जन | भोटेकोशी | होम ब बस्नेत | ९८५१०९२९७१ | |
| १९ | माथिल्लो भोटेकोशी ज वि आ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्दार | भोटेकोशी | प्रेम साउद | ९८५११३३६६२ | |

## अनुसूची-४

## विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची

भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक जिल्ला, बाग्मती प्रदेश

विषयक्षेत्र ............

स्थानः भोटेकोशी गाउँपालिका                                        मिति/समयः

**छलफलका विषयहरूः**

१. विषयक्षेत्रको परिचय,
२. विषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली,
३. प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट,
४. पहिचान भएको विपद्को पूर्वतयारी तथा प्रतिकार्यमा सम्बन्धित विषयक्षेत्रको भूमिका,
५. विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात् गरिने प्रतिकार्यको समयसीमा निर्धारण,
६. विद्यमान कमीकमजोरीहरूको पहिचान,
७. प्राथमिकता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरूको पहिचान,
८. प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयक्षेत्रको कार्ययोजना तर्जुमा,
९. विपद्को घटना अगावै गरिने पूर्वतयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि मुख्य जिम्मेवार निकायको पहिचान,
१०. विषयगत क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना तर्जुमा,
११. पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापका लागि लागत अनुमान (सम्भव भए सम्म),

**नोटः** सबै बैठकहरू लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समावेशी र सहभागी हुने। प्रत्येक विषयक्षेत्रका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुन्छ।

## अनुसूची-५
## विषयक्षेत्र सदस्य संस्थाको कार्य शर्त

कुनै विषयक्षेत्रमा परेको समस्या समाधानमा सहयोग गर्न सम्बन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति, संस्था वा निकायलाई विषयक्षेत्र सदस्य संस्था भनिन्छ। यी संस्थाहरू समुदायलाई प्रतिबिम्बित गर्ने विविध जनसङ्ख्या (लैङ्गिकता, अपाङ्गता, जातीय, धर्म आदि) समूहहरू समावेशी हुनेछ। विषयक्षेत्र सदस्य संस्थाको काम कर्तव्य देहाय अनुसार हुनेछन्:-

१. विषयगत सदस्य संस्था (सरकारी निकाय, राष्ट्र संघीय निकाय, रेडक्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्र आदि) का बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्न विषयगत अगुवा संस्था तोकि आवश्यकता अनुसार सहयोग गर्ने,
२. नेपाल सरकार र प्रदेश सरकारका जिल्ला स्थित निकाय, स्थानीय तह, नागरीक समाज तथा अन्य सरोकारवाला निकायबीच समन्वय गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
३. आफ्नो विषयक्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
४. आपत्कालीन अवस्थाका लागि प्रर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने,
५. विषयक्षेत्रका सहभागीहरू सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
६. विषयक्षेत्रको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन र प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने,
७. सूचना सङ्कलन तथा प्रचारप्रसारमा योगदान गर्न स्रोत साधनको आवश्यकता पहिचान गर्ने,
८. विषयक्षेत्रका प्राथमिकता प्राप्त कार्य सञ्चालन गर्न दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने  साथै, विषयक्षेत्रका सहभागीहरूलाई स्रोत साधन परिचालन गर्न प्रोत्साहित गर्ने,
९. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने,
१०. पूर्वनिर्धारीत प्राथमिकता प्राप्त विषयगत संस्थाहरूलाईअन्तिम सेवा प्रदायकको रुपमा जिम्मेवार बनाउने,
११. कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयक्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने।

## अनुसूची-६

## अगुवा सहयोगी संस्थाको कार्य शर्त

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलाप तय गर्नका लागि सबै निकायहरुबीच छलफल गर्न साझा मञ्च प्रदान गरी सहजकर्ताको रुपमा विपद् व्यवस्थापन समितिलाई सहयोग गर्नुहो। यसको अन्य भूमिका देहाय बमोजिम हुनेछः-

१. सबै निकायहरूको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यमा सहयोग गर्ने,
२. विपद् व्यवस्थापन समितिसँग समन्वय गरी बैठकहरू सञ्चालन गर्ने,
३. विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने र प्राविधिक तथा वित्तिय सहयोग प्रदान गर्ने,
४. प्रभावकारी प्रतिकार्य र पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका बारेमा समन्वय गर्ने,
५. विगतका अनुभवको आधारमा सफलता, सिकाई, चुनौति तथा कमीकमजोरी पहिचान गर्ने,
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सवै विषयक्षेत्रका अगुवा तथा सदस्य संस्थाहरू लगायत अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने,
७. कार्यशालाको नतिजा तयार गर्ने र सम्बन्धित तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरूलाई जानकारी गराउने तथा स्थानीय विपद् व्यवस्थापन समितिमा विषयक्षेत्रको योजना मस्यौदा पेश गर्ने,

## अनुसूची-७
## कार्यशाला गोष्ठीको कार्यसूची

**कार्यशाला गोष्ठीका विषयबस्तु देहाय अनुसार रहेका छन्:**

१. सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोड,
२. निकायगत श्रोत, साधन तथा क्षमताहरू,
३. सम्भावित प्रकोप तथा सोको प्रभाव क्षेत्र,
४. विषयक्षेत्र केन्द्रित योजना र समूहगत छलफल,
५. तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरण,
६. योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिका,
७. आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीति,
८. अन्तर सम्बन्धित सवालहरुको सम्बोधन,
९. सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरू,
१०.अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना,

**माथि उल्लिखित छलफलका विषयको संक्षिप्त चिनारी देहाय अनुसार छः-**

१. **सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोडः** विषयक्षेत्रका सम्बन्धित सदस्यले सम्भावित प्रकोप, सङ्कटासन्नता तथा जोखिमको अवस्थाको बारेमा गरिएको पुनरावलोकन र जोखिम विश्लेषण गोष्ठीको मुख्य सत्रमा प्रस्तुत गर्नेछन्। सहभागीहरूले यसमा छलफल गरी आवश्यकता भए परिमार्जन गर्न सुझाव दिन सक्छन्। यस्तो सुझाव गोष्ठी समाप्त भएपछि पनि लिन सकिनेछ। गाउँपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम विश्लेषणको निचोडमा छलफल गरीन्छ।

२. **निकायगत उपलब्ध स्रोत साधन तथा क्षमताहरूः** पूर्वतयारी तथा प्रतिकार्य क्षमताका बारेमा विश्लेषण गर्दा विषयक्षेत्रका अगुवा र अन्य सम्बन्धित निकायसँग छलफल गरी निक्यौंल गर्नु पर्दछ। यसको संश्लेषण कार्यशालामा प्रस्तुत गरिनेछ। हरेक निकायले पूर्वतयारी र प्रतिकार्य गर्नका लागि आफुसँग भएका स्रोत र साधनको सूची तयार गर्नुपर्दछ।

३. **सम्भावित प्रकोप र सोको प्रभाव क्षेत्रः** आधारभूत अध्ययनमा सम्बन्धित तहका प्रकोहरूको पहिचान, सङ्कटासन्न क्षेत्र तथा पर्नसक्ने प्रभावको मूल्याङ्कन र लेखाजोखा गर्नुपर्दछ। यसको प्रतिवेदन कार्यशालामा प्रस्तुत गर्नुपर्दछ। जोखिम विश्लेषण गर्दा दुईवटा आयाममा ध्यान दिनुपर्दछः

   १) प्रकोपको घटना घट्न सक्ने सम्भावना,

   २) सो प्रकोपबाट जनताको जीउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा पर्नसक्ने असर र प्रभाव सामान्यतया विपद् जोखिम विश्लेषणका आधारमा प्रकोपहरू छनौट गरी योजना तयार गरिन्छ। प्रकोपको छनौट गर्दा प्रकृति, सम्भावित मात्रा र सम्भावित आपत्कालीन अवस्थालाई आधार मान्न सकिन्छ। कहिलेकाँही मात्र हुने भएता पनि भूकम्प जस्ता प्रकोपले ठूलो जनधनको क्षति पुग्न सक्दछ।

४. **विषयक्षेत्र केन्द्रीत योजना र समूहगत छलफलः** सहभागीहरूलाई आफ्नो संस्थाको कामसँग सम्बन्धित विषयक्षेत्र छनौट गर्न लगाउनु पर्दछ। यदि एउटै संस्था एकभन्दा वढी विषयक्षेत्रसँग सम्बन्धित भएमा

संस्थाका तर्फबाट अन्य सदस्य समेत सहभागी गराउन वा सबैभन्दा वढी योगदान गर्न सकिने विषयक्षेत्र छनौट गरी समूह निर्माण गर्न सकिन्छ।

५. **तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरणः** पूर्वतयारीका कार्यहरूमा सामान्य पूर्वतयारी र पूर्वानुमानमा आधारित पूर्वतयारी र आपतकालीन अवस्थाका कार्यहरू हुन सक्नेछन्। उदाहरणका लागि केही पूर्वतयारी कार्यहरू निम्न हुन सक्नेछन्ः

१) सम्बन्धित तहका प्रत्येक विषयक्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन संयन्त्र सुनिश्चित गर्ने,

२) विपद् पूर्वतयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरू र प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,

३) स्थानीय समुदायलाई पूर्वानुमानका साथै पूर्वसूचना प्रणाली, सूरक्षा तथा उद्धार सामग्री र उपकरणले सबल बनाउने,

४) प्रारम्भिक लेखाजोखा, मूल्याङ्कन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने,

५) तथ्याङ्क सङ्कलनका लागि आवश्यक फाराम तयार गर्ने,

६) पूर्वानुमान सूचना तथा सतर्कता सन्देशहरूका लागि सञ्चारको माध्यमहरूको विस्तृत अभिलेख राख्ने,

७) पूर्वतयारी र प्रतिकार्य क्रियाकलापहरूका लागि आवश्यक मानवीय, भौतिक तथा वित्तीय स्रोतहरू पहिचान गर्ने,

८) जनसङ्ख्या, सङ्कटासन्न समुदाय, सामाजिक सेवा, क्षमता प्रणाली, सूरक्षा स्थिति, जीविकोपार्जन, बसोबासको अवस्था, खुल्ला ठाउँहरू, यातायात र पूर्वाधार सम्बन्धी सूचना प्राप्त गर्ने,

९) सुरक्षित मार्गहरू, खोज तथा उद्धार मार्गहरू, सङ्कटासन्न समुदायमा हेलिप्याड, अवतरण र ड्रप जोन पहिचान गर्ने,

१०) सम्बन्धित तहमा पूर्वतयारी तथा प्रतिकार्य टोली गठन गर्ने र उनीहरूलाई तालिम प्रदान गर्ने,

११) अस्थायी आपत्कालीन आश्रय स्थल, खाद्य तथा गैर-खाद्य वस्तुहरूका लागि भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने, श्रोत सामाग्रीको आंकलन र नपुग सामाग्रीको जोहो गर्ने,

१२) आपत्कालीन राहतको लागि आवश्यक पर्ने खाद्य तथा गैर खाद्य बस्तुहरूको बजार सर्वेक्षण गर्ने,

१३) स्वास्थ्य सूरक्षा योजना तयार गर्ने, अस्थायी स्वास्थ्य केन्द्र पहिचान गर्ने,

१४) विद्यालयहरूको जोखिमको आधारमा वर्गिकरण गर्दै सूरक्षा योजना तयार गर्ने, आकस्मिक योजना बनाउने,

१५) जीविकोपार्जनका उपायहरु (गाईपालन, बाख्रापालन, सुँगुर र कखुरा फर्महरू, माछा पोखरी, तरकारी खेती लगायत अन्य पेशा तथा व्यवसाय) र सूरक्षाका अन्य उपायहरू बारे योजना बनाउने,

१६) बाढी निकास र नहरहरू सफा रहेका सुनिश्चित गर्ने, संवेदनशील संरचनाको मजबुतीपना लेखाजोखा गर्ने,

१७) सूरक्षा निकाय र स्वयम् स्वकलाई खोज तथा उद्धार तालिम प्रदान गर्ने,

१८) पूर्वतयारी वारेमा राजनैतिक दल र नागरीक समाजका लागि संयुक्त अभिमुखीकरण गर्ने,

१९) कार्यसञ्चालन विधि सहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने

**केही प्रतिकार्यका कार्यहरू निम्न हुन सक्नेछन्ः**

१) विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक गर्ने,

२) खोज तथा उद्धार टोली र द्रुत प्रतिकार्य टोलीको परिचालन गर्ने,

३) घाइते तथा विरामीलाई घुम्ती क्लिनिकहरू मार्फत प्राथमिक उपचार गर्ने,

४) मानिसहरू र घरपालुवा जनावरहरू स्थानान्तरण गर्ने,

५) सूचना सङ्कलन गर्न, व्याख्या गर्न र पुष्टि गर्न आपत्कालीन सूचना प्रणाली (तथ्याङ्क—सूचना इकाई) स्थापना र सञ्चालन गर्ने,

६) आपत्कालीन प्रतिकार्यका लागि स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाउने,

७) आपत्कालीन आश्रयस्थल तथा राहत सामग्रीको व्यवस्था गर्ने,

८) बाढीको खतरा क्षेत्रमा नदीको सतह सतर्कता तहभन्दा तल नझरेसम्म प्रतिघण्टाको अद्यावधिक सूचना प्रवाह जारी राख्ने,

९) सम्बद्ध आपत्कालीन प्रतिकार्य योजनाहरूलाई सक्रिय बनाउने,

१०) विषयगतक्षेत्र (Cluster) र कार्यदल समुहले आफ्ना सम्बधित आपत्कालीन योजनाहरू सक्रिय बनाउन नेतृत्व गर्ने ।

**नोटः**

(१) पूर्वतयारी र प्रतिकार्य क्रियाकलापहरू सम्बन्धी थप जानकारी राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ बाट पनि लिन सकिनेछ।

(२) प्रकोप पूर्वसूचना प्रणाली सम्बन्धी जानकारी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र वा सम्बन्धित जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र मार्फत लिन सकिनेछ।

६. **योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिकाः** बिभिन्न निकायहरूको जिम्मेवारी ऐन, नियम, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा तथा सम्बन्धित निकायको कार्यक्षेत्र, कार्यशर्तहरूमा उल्लेख भए अनुसार हुन्छन्। कार्यशालामा सम्बन्धित विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्यहरू, मानवीय कार्यमा संलग्न संस्थाहरूको भूमिकाको वारेमा छलफल गर्नुपर्छ। यस्ता कार्यक्षेत्र तथा कार्यशर्तहरूलाई स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार थप स्पष्ट गर्न सक्नेछ।

७. **आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीतिः** योजना तर्जुमा गर्दा यसको कार्यान्वयनका लागि आवश्यक पर्ने सामग्री, उपकरण, जनशक्ति, आर्थिक श्रोत र योजना कार्यान्वयनमा संलग्न संस्थाहरूको क्षमता विश्लेषण गरी नपुग क्षमता परिपूर्ति गर्न आवश्यक रणनीति बनाउनु पर्छ। विश्लेषणमा विपद् घटना पश्चात् प्रभावितहरूको मानवीय आवश्यकताको पूर्वानुमान (जस्तै आश्रय स्थलमा आवश्यक पर्ने खाद्यान्न, स्वास्थ्य तथा सरसफाई सामग्री आदि), जनसङ्ख्याको विशेषता (जस्तैः लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक स्तर आदि), प्रभावित समुदाय एवम् सम्बन्धित तहको प्रतिकार्य क्षमताका साथै सम्भावित भौतिक तथा वातावरणीय अवस्था (पहूँच मार्ग, बजार, सेवा प्रवाह आदिका अवस्था) लाई पनि समावेश गर्नुपर्दछ।

८. **अन्तर सम्बन्धित विषय, सवालहरूको सम्बोधनः** विपद्बाट महिला/पुरुष, वालवालिका, ज्येष्ठ नागरिक, अशक्त वा बिभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिहरूमा फरक–फरक प्रभाव पर्दछ। विपद् हुनु अगावैको अवस्थामा समेत समाजका केही समूह तथा व्यक्तिहरु आर्थिक तथा सामाजिक हिसावले सीमान्तकृत भएका हुन्छन्। यसैले सङ्कटासन्नता लेखाजोखा, क्षमता विकास र स्रोत परिचालन गर्दा महिला, पुरुष, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति वा बिभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिको आवश्यकता र क्षमतालाई मध्यनजर राख्नुपर्दछ। यी मुद्दालाई विशेष ध्यान पुर्‍याई उनीहरूको फरक आवश्यकता, योगदान र क्षमतालाई सम्वोधन गर्नुपर्दछ। विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका हरेक चरणमा सबैले महिला/पुरुष, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति सहित सामाजिक तथा आर्थिक रुपमा पिछडिएका समुदायको पहूँच, प्रतिनीधित्व र सक्रिय सहभागीताको सुनिश्चितता गर्नु पर्दछ।

९. **सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरूः** योजना कार्यान्वयनका लागि परस्पर सहकार्य र समन्वयका क्षेत्रहरू पहिचान गरी योजनामा समावेश गरिन्छ। अन्य तह र निकायसँगको समन्वय र सहयोगको संयन्त्र तथा सहकार्यका क्षेत्रहरु निर्धारण गरिनु पर्दछ। अन्य तह र निकायबाट आवश्यक पर्ने सहयोग स्पष्ट गरी समयमै जानकारी गराएमा उनीहरूले आफ्ना योजनामा राख्न सक्छन्।

१०. **अनुगमन, मूल्याङ्कन तथा सिकाई योजनाः** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका कार्यहरूको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न लक्ष्य र सूचकहरू परिभाषित गरी अनुगमन, मूल्याङ्कन योजना तयार गर्नु पर्दछ।

प्रकोप अनुसार पूर्वतयारी तथा प्रतिकार्यको अनुगमन तथा मूल्याङ्कन सामान्यतया दुई पटक गर्नु उपयुक्त हुन्छ (जस्तैः बाढी, पहिरो जस्ता प्रकोपका लागि मनसुन पूर्व र पश्चात, शीतलहर पूर्व र पश्चात, अन्य प्रकोपको हकमा विपद् पश्चात्)। योजना कार्यान्वयनको अवस्था र प्रभावकारिताको अनुगमन आवश्यकता अनुसार त्रैमासिक, चौमासिक, अर्धबार्षिक गर्न सकिन्छ। योजनाको कार्यान्वयनको बार्षिक मूल्याङ्कन र समसामयिक परिमार्जन गर्न सकिन्छ। प्रत्येक विषयक्षेत्रले पूर्वतयारी अवस्था र प्रतिकार्यको मूल्याङ्कनको लागि आ–आफ्नो योजना बनाउनु पर्दछ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको समग्र प्रभावकारिता र कमजोरी तथा सिकाईहरू मूल्याङ्कन गर्ने कार्य गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नु पर्नेछ। यस समितिले स्थानीय विपद् व्यवस्थापन समितिसँग प्रत्यक्ष समन्वयमा कार्य गर्नेछ।

## अनुसूची-८

## स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण

| क्र.सं. | नामथर | पद | आवद्ध निकाय/कार्यालय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | पासाङ नुर्पु शेर्पा | अध्यक्ष | गाउँपालिका विपद् व्यवस्थापन समिति संयोजक | ९८५१०१८३६९ |
| २ | दिछेन शेर्पा | उपाध्यक्ष | गाउँपालिका | ९८४९१४३००८ |
| ३ | भद्र बहादुर बस्नेत | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | ९८५११४७२२१ |
| ४ | साङबु लामा | अध्यक्ष वडा नं १ | गाउँपालिका | ९८६०७०८५१८ |
| ५ | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | गाउँपालिका | ९८५१०२४५९३ |
| ६ | निमा सोना शेर्पा | अध्यक्ष वडा नं ३ | गाउँपालिका | ९८५११९२७७० |
| ७ | टासी शेर्पा | अध्यक्ष वडा नं ४ | गाउँपालिका | ९८४३१६७२१२ |
| ८ | दावा त्यम्बा तामाङ | अध्यक्ष वडा नं ५ | गाउँपालिका | ९८५१००२६९७ |
| ९ | आङछिरिङ शेर्पा | कार्यपालिका सदस्य | गाउँपालिका | ९८५१०४९२९८ |
| १० | बच्चु घतानी | कार्यपालिका सदस्य | गाउँपालिका | ९८४९५६८८३५ |
| ११ | भुपेन्द्र लाल श्रेष्ठ | स्वास्थ्य संयोजक | गाउँपालिका | ९८४२५७६४४९ |
| १२ | गंगा सागर पौडेल | सूचना प्रविधि अधिकृत | गाउँपालिका | ९८६७६८५७६२ |
| १३ | रोहन खतिवडा | पशु शाखा | गाउँपालिका | ९८६०९३५६१६ |
| १४ | उषा कार्की | कृषि अधिकृत | गाउँपालिका | ९८६१६६५६६६ |
| १५ | राम कृष्ण सिंखडा | नेपाल प्रहरी प्रतिनिधि | गाउँपालिका | ९८५१२८४८३२ |
| १६ | विष्णु नेपाल | सुआहारा | गाउँपालिका | ९८५११७१८४४ |


## अनुसूची-९


## विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण

| क्र.सं. | विषयक्षेत्र | नामथर | पद | आवद्ध निकाय/कार्यालय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार | श्री पासाङ नुर्पु शेर्पा | अध्यक्ष | भोटेकोशी गाउँपालिका | ९८५१०१८३६९ |
| | | श्री दिछेन शेर्पा | उपाध्यक्ष | भोटेकोशी गाउँपालिका | ९८४९१४३००८ |
| | | श्री भद्र बहादुर बस्नेत | प्रमुख प्रशासकीय अधिकृत | भोटेकोशी गाउँपालिका | ९८५११४७२२१ |
| | | श्री निमा सोना शेर्पा | संयोजक | वन वातावरण तथा विपद व्यवस्थापन समिति | ९८५११९२७७० |
| | | कृष्ण बहादुर थापा | नेपाली सेना | नेपाली सेना | ९८४९२९४५५४ |
| | | स प्र नि सुरेश महर्जन | सशस्त्र प्रहरी बल नेपाल | BOP तातोपानी | ९८५१२७२२२६ |
| | | प्र स नि कृष्ण नन्दन पाण्डेय | नेपाल प्रहरी | नेपाल प्रहरी, फुल्पिङ्कट्टि | ९८५१२२५३६८९ |
| | | श्री बिष्णु श्रेष्ठ | सभापति | रेडक्रस ईकाइ तातोपानी | ९८५१०२२६५८ |
| | | श्री गंगासागर पौडेल | विपद जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति | भोटेकोशी गाउँपालिका | ९८६७६८५७६२ |
| २ | खाध्य तथा पोषण | साङबु लामा | वडा अध्यक्ष | १ वडा कार्यालय | ९८६०७०८५१८ |
| | | श्री होम बहादुर बस्नेत | | उद्योग वाणिज्य संघ | ९८५१०९२९७१ |
| | | श्री राजेश कुमार शाह | | पशु शाखा | ९८४५१६२१२९ |
| | | श्री उषा कार्की | कृषि अधिकृत | कृषि शाखा | ९८६१६६५६६६ |
| | | श्री बिष्णु श्रेष्ठ | सभापति | रेडक्रस ईकाश्री इ तातोपानी | ९८५१०२२६५८ |
| | | श्री बिष्णु नेपाल | प्रतिनिधि | सुआहारा | ९८५११७१८४४ |
| | | श्री मनिषा प्रधान | पोषण स्वयंमसेवक | स्वास्थ्य शाखा | ९८४९७९२८१४ |
| ३ | स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन | टासी शेर्पा | वडा अध्यक्ष | ४ वडा कार्यालय | ९८४३१६७२१२ |
| | | श्री भूपेन्द्र लाल श्रेष्ठ | स्वास्थ्य संयोजक | स्वास्थ्य शाखा | ९८४२५७६४४९ |
| | | श्री रेजिन्द्र सुवेदी | हे.अ. | स्वास्थ्य चौकी लिस्तिकोट | ९८५११५०८०४ |
| | | श्री सरोज कुमार मुखिया | अ.न.मि. | तातो पानी स्वास्थ्य चौकी | ९८४९३८४५९७१ |
| | | श्री डा. रोहित थापा | मे.अ. | कोभिड अस्पताल दुगुना | ९८६९७२४२०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | श्री धिरेन्द्र कुमार ठाकुर | प्रमुख | फूल्पिङ्कट्टि स्वास्थ्य चौकी | ९८६०९४३१४ |
| | | श्री राम आधार चौधरी | सि.अ.हे.व. | मार्मिङ स्वास्थ्य चौकी | ९८०९२५९८४१ |
| | | श्री बिष्णु नेपाल | फिल्ड संयोजक | सुआहारा | ९८५११७१८४४ |
| | | श्री पूण्य प्रसाद पराजुली | सब.ई. | पूर्वाधार बिकास शाखा | ९८६१२९१२८२ |
| ४ | आपत्कालीन आश्रय, सिविर समन्वय तथा व्यवस्थापन, संरक्षण र गैर—खाद्य सामग्री | श्री कुमार श्रेष्ठ | वडा अध्यक्ष | २ वडा कार्यालय | |
| | | श्री निमा सोना शेर्पा | वडा अध्यक्ष | ३ वडा कार्यालय | |
| | | श्री सम्भु तिमल्सिना | | उद्योग वाणिज्य संघ | ९८५१०३६७१३ |
| | | श्री सन्तोष श्रेष्ठ | Inspector | नेपाल प्रहरी | ९८५१२८१४८८ |
| | | श्री बच्चु घतानी | प्रवक्ता | कार्यपालिका सदस्य | ९८४९५६८८३५ |
| | | श्री सुनिता श्रेष्ठ | वडा महिला सदस्य | वडा कार्यालय | ९८६९७१६५०७ |
| | | श्री कविता काफ्ले | स.म.वि.नि | महिला बिकास | |
| | | श्री आङछिरिङ्ग शेर्पा | कार्यपालिका सदस्य | कार्यपालिका सदस्य | |
| | | श्री दावा ठिलेन शेर्पा | प्रा.स | प्राविधिक | |
| ५ | शीघ्र पुनर्लाभ | दावा त्यम्बा तामाङ | वडा अध्यक्ष | ५ वडा कार्यालय | ९८५१००२६९७ |
| | | फूलमाया बिक | महिला सदस्य | भोटेकोशी गाउँपालिका | ९८६०४९३३५४ |
| | | बादिल लामा | पूर्वाधार तथा योजना शाखा | भोटेकोशी गाउँपालिका | |

## अनुसूची-१०
## सुरक्षित स्थल तथा पहुँचमार्गको नक्शाङ्कन



मजुवा
चेमराङ्ग
ताकपासा
पांगभेला
खामाखर्क
निउसीपाखा
Tartung
विद्यालय
आश्रय स्थल
पहिरो
पहिरो





१० किलो नयाँ बस्ती
तामाङ गाउँ
भेला स्थल
भेला स्थल
अस्थायी भेला स्थल
गुरुगुमबुच्चे कुना (तातोपानी)
Araniko Highway




अस्थायी भेला स्थल
फुङ्गमाचे
लर्चा
भेला स्थल
Araniko Highway
Araniko Highway



N
छेताङ्ग भेला स्थल
नादिङ
खोल्सी
स्वास्थ्य चौकी
बोकचे
खोल्सी



N
भेला स्थल (विद्यालय छेउ छाउ)
लिस्ती मंदिर
खोल्सी
खोल्सी
अन्थलि


खोल्सी
कांगलांग भेला स्थल
पहिरो




हिन्दी,पंथली, चाकू बजार र थामी गाउँ
Points
विद्यालय
पहिरो
भऱ्याङ
बस्ती
गाडी चल्ने बाटो
मान्छे हिँड्ने बाटो
भेला स्थलको क्षेत्र
खोल्सी
विद्यालय
भेला स्थल
ढुँङ्गे भऱ्याङ
खोल्सी
ढलान भऱ्याङ
हिन्दी


N
भेला स्थल
भोटेकोशि वार्ड ५ कार्यालय (मरमिंग)
उच्च भोल्टेज प्रसारण लाइन



N
गौरेह्याङ्ग
भेला स्थल
भेला स्थल
सत्तवाल
सेरपाङ्ग
छ्यादी विद्यालय
छ्यादी
खोल्सी
खोल्सी
थाङ्गमिलांग



N
बल्खु
B
जोम खोला
B

## सन्दर्भ सामग्री


- नेपालको संविधान २०७२
- विपद् व्यवस्थापन सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना,
- विगत पाँच वर्षको *(समूह छलफलको माध्यमबाट विगत तिस वर्ष वा सो भन्दा बढी अवधिका विपदका घटनाको अध्ययन तथा विश्लेषण)* विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरु,
- *मनसुन* विपद् पूर्वतयारी र प्रतिकार्य योजना २०७८,
- जिल्ला विपद पूर्वतयारी तथा व्यवस्थापन कार्ययोजना २०७५
- स्थानीय विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना आदि),
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- जिल्ला तथा गाउँपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम लेखाजोखा प्रोफाइल २०७५,
- गाउँपालिका पार्श्वचित्र २०७७, गाउँपालिको वार्षिक नीति, बजेट तथा कार्यक्रम २०७८/७९
- दिगो बिकास लक्षय २०३०
- http://drrportal.gov.np/
- https://cbs.gov.np/